सूचना र मनोरञ्जनको सँगालो

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २५ ● FRIDAY, 14 JUNE 2019 ● काठमाडौं शुक्रबार, जेठ ३१, २०७६ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




## ठुम्का पावर

आश्मा विश्वकर्मा, नृत्यांगना




## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | नाइँ नभन्नु ल-५ | च्यानल बूढासुब्बा |
| २ | यस्तै त हो नि | च्यानल मिटेन म्युजिक |
| ३ | भद्रगोल-२१४ | च्यानल मिडिया हब |
| ४ | दीक्षिता मिटिङ | च्यानल चेतनभ्लग्स |
| ५ | गलबन्दी | च्यानल प्रकास सपूत |
| ६ | मास मसाला | च्यानल पेन मुभिज |
| ७ | मुन्द्रेको कमेडी | च्यानल आमा अगिन |
| ८ | कमला र अनोजले | च्यानल उमंग टिभी |
| ९ | अफर तफरी | च्यानल आरके दुग्गल |
| १० | यू एन्ड आई सिरिज | च्यानल द कार्टुन्ज क्रु |

## फोटो अफ दि विक



■ **शिल्पाको पोज** : फोटो पत्रकार सन्जोग राईको क्यामेरालाई पोज दिँदै अभिनेत्री शिल्पा मास्के ।



■ **हाँसो** : अभिनेता केदार घिमिरेले आफ्नो वालमा यो तस्बिर पोस्ट गर्दै लेखेका छन्– 'के हेरेर हाँसेको ? अहिलेसम्म कुनै वैज्ञानिकले पनि पत्ता लगाउन सकेको छैन ।'



■ **नयाँ जोडी** : चलचित्र मारुनीमार्फत दर्शकमाझ आउन लागेका अभिनेता पुष्प खड्का तथा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह ।



■ **बामदेवको फिटनेस** : नेकपाका नेता बामदेव गौतम आफ्नै निवासमा शारीरिक व्यायाम गर्दै ।



■ **सहरमा नेहा** : बलिउड गायिका नेहा कक्कड काठमाडौंमा सम्पन्न आफ्नो कन्सर्टका क्रममा आयोजकबाट प्रदान गरिएको गौतम बुद्धको प्रतिमा ग्रहण गर्दै ।



■ **ऐतिहासिक विमान** : ४६ वर्षअघि अपहरणमा परेको विमान । सुन्दरीजलस्थित बी.पी.संग्रालयमा प्रदर्शनका लागि राखिएको विमानसँगै उक्त विमान अपहरणका एक सदस्य तथा नेपाली कांग्रेसका नेता बसन्त भट्टराईको ताजा तस्बिर ।

समीक्षाको शैलीका सम्बन्धमा बहस हुनसक्ला, मन नपर्न सक्ला, भाषिक मर्यादाको कुरा पनि हुनसक्ला तर एब्सर्ड शैलीको समीक्षाका आधारमा साइबर कानुन लगाएर थुन्नु कानुन दुरुपयोगको हद हो । निर्मलाका हत्यारा खोई ? ३३ किलो खोइ ? देशको दुश्मनचाहिँ कमेडियन ? –हाम्रो पुलिस, हाम्रो कानुन ।

**यज्ञश**

झुर फिलिम बनाउने अनि ए हजुर नेपाली फिलिमलाई माया गर्दिन परो भनेर हुन्छ । झुर किताब र झुर फिलिम बनाएर पैसा नअसुल । चलचित्र वीरविक्रम-२ को समीक्षा गरेको आरोपमा पक्राउ परेका युट्युबर प्रनेश गौतमलाई रिहा गर । मानहानि भए अदालत जाउ नत्र गलत दफा लगाएर कसैलाई दुःख नदेउ ।

**कृष्ण शर्मा**

वीर वीक्रम-२ चाहिँ ओस्कार जितेको फिल्म हो र ? कमेडी समीक्षा गर्न बन्देज लाउनु र समीक्षकलाई जेल हाल्नु ? यस्ता थोत्रा चलचित्रकर्मीबाटै हो नेपाली फिल्म उँभो नलागेको ?

**विष्णु बिवेक**

उहिले : मकैपर्व मकैमा लाग्ने कीराको वर्णनमा रातो टाउके र काला टाउके किराले क्रमशः चन्द्र र भीम शमशेरलाई होच्याइएको अर्थमा लिइयो । मकैको खेती किताब लेख्नेलाई ९ वर्ष जेल । अहिले : वीरविक्रम-२ फिल्मको कमेडी समिक्षा गरेका कारण ५ वर्षसम्म जेल थुन्ने...

**शालोक्य**

मैले मिलन चाम्सको ह्याप्पी डेज भन्ने फिलिम हेर्या छु । मिल्ने भए यिनलाई जेल हाल्नुपर्थ्यो तेस्तो फिलिम बनाउने भनेर अनि प्रियंका र दयाहाङलाई नि कारबाही गर्नु पर्ने यस्तो फिलिममा खेल्ने जेपिटी स्कृप्टमा भनेर ।

**इश**

मैले वीर-विक्रम हेरेको छु । त्यो फिलिम सक्काउन कति सकस परेको थियो मैलाई थाहा छ ।

**बोस स्टुडियो**

वीरविक्रम-२ भन्ने फिल्मको च्यारिटी शो मेरा साथीहरूले रिलिज हुनुभन्दा अघिल्लो दिन गरेका थिए । फिल्म अगतीलो हुँदा हेर्न आउनेहरूले झन्डै कुटेनन् भन्दैथिए । समीक्षकलाई थुनेर फिल्म चल्छ जस्तो लागेछ सोल्टिहरूलाई । बाटोमा बसेर कुहिएको आँप बेच्न पाइन्छ ?

**निरज वाग्ले**

वीर कि क्रिटिसिज्म सहन नसक्ने कायर ? वीरविक्रम-२ को भिडियो रिभ्यु र त्यो पनि कमेडी गरे वापत निर्देशक मिलन चाम्सले मानहानीको मुद्दा दर्ता गराएका छन् र मिम नेपाल पेजका प्रनेश गौतमलाई हिरासतमा लिइएको छ । सेम अन यू मिस्टर चाम्स ।

**सावित्री गौतम**

वीरविक्रम-२ फिल्म नराम्रो नै रै'छ । व्यवहारले देखायो । प्रनेश गौतम ठीक रै'छन् । बरु अरु थुप्रै गल्ती गरेर सामाजिक रुपमा गलत सन्देश दिने युट्युबरहरूलाई चाहिँ कारवाही गर्न लागे हुन्छ ।

**रमेश कँडेल**

वीरविक्रम-२ हुन् कि श्री ५ महेन्द्र वीरविक्रम ? आलोचना त सुन्नै नसक्ने । जेलै कोच्ने, फर्जी मुद्दामा हेर्नुस् ।

**नारान**

वीरविक्रम हेरेर जीवनको अमूल्य ५ मिनेट खेर फालिएको थियो । अझ वीरविक्रम-२ को कुरो गर्नुहुन्छ ।

**सुशान्त कोइराला**

वीरविक्रम-२ प्रवृत्ति हेर्दा नेपाली सिनेमा जगतले ठूलै फड्को मार्ने देखिन्छ, अधोगतीको । म त हेर्दिनँ नेपाली फिल्म । सबैजसोमा अभिनय, सम्पादन, कथा र छायांकन सबै झुर हुन्छन् ।

**महेश क्षेत्री**

राम्रो सिनेमालाई राम्रो पनि भन्न पाइन्छ अनि नराम्रो पनि भन्न पाइन्छ । त्यस्तै झुर सिनेमालाई झकास पनि भन्न पाइन्छ अनि झुरेस्ट पनि भन्न पाइन्छ । मलाई वीरविक्रम-२ सिनेमा र त्यो बनाउनेहरूको काम दुवै लास्टै झुर लाग्यो ।

**रामेश कोइराला**

यो वा त्यो तर्क दिएर मिम नेपालका एडमिन प्रनेश गौतम पक्राउको समर्थन गर्ने सम्पूर्ण बनकाली एक्सप्रेसका हुनहार हनुहरूलाई माझी औंलाको सलाम छ ।

**सन्तोष**

वीरविक्रम पनि उनैको फिलिम हो ? हो भने त्यो जति उत्कृष्ट फिलिम संसारमा अहिलेसम्म बनेको छैन र बन्ने पनि छैन । ओस्कार नै जित्नु पर्ने फिलिम नि...

**प्रक्षितराज**

यो फिलिमले शुद्धाशुद्धिको नियम पनि मिचेको छ । वीरविक्रम हुनु पर्यो नि ! बात करते हो । साकारले त्यस्तो तथानाम गाली गर्दा नि शीर्षनेताले सहिष्णुता देखाएका थिए त । यी चाम्स दाइ त्यसै आवेगमा आउँदा रचन् ।

**प्रमाण अधिकारी**

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

# कान्तिपुर को करोडपति सिजन-३

बन्नै होइन त फेरि करोडपति?

## कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार

१ करोड बम्पर पुरस्कार

१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरू लागू हुनेछन् ।

### पक्का पुरस्कार

- शिखर इन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा
- स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ




BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

**ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"**

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY | THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app

2 Scan this code, confirm the payment details and make quick payment.


eSewa
www.esewa.com.np

कान्तिपुर | the kathmandupost

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

कान्तिपुर गाथा

# झ्याल नभएको उपत्यका



किशोर नेपाल

कान्तिपुरसँग प्यार-मोहब्बतको सम्बन्ध छ रञ्जनको । उनी मधेश, जनकपुरको मैथिली ब्राह्मण परिवारमा जन्मिएका अनि त्यहीं हुर्किएका कलाकार । कान्तिपुर उनलाई रमाइलो लाग्छ । पढाइ सकेर उनी कान्तिपुर आए । यतै बस्नथाले । कान्तिपुर सबैलाई रमाइलो लाग्छ । रञ्जनलाई भने पूरै उपत्यका शक्तिपीठ जस्तो लाग्छ । उनलाई कान्तिपुरका शक्तिपीठले निकै आकर्षित गरेका छन् । यो उपत्यकामा बाहिर चियाएर हेर्ने झ्याल छैन । झ्याल नभएको उपत्यका भए पनि, कान्तिपुरमा उभिएर बोलेको कुरा चारैतिर सहजै सुनिन्छ र फैलिन्छ । हावापानी राम्रो छ । राम्रो मात्र होइन बुलन्द नै छ । त्यसैले त रञ्जन यो उपत्यकामा छन् । उनले पाटनका गल्लीहरू घुमेका छन् । कान्तिपुरका गल्लीहरूका सम्बन्धमा राम्रो जानकारी राख्छन् । यद्यपि सबै घुमेका छैनन् । रमाइलो कुरा, उनी तीन सहरमध्ये भादगाउँ गएका छैनन् । कस्तो छ त्यो सहर ? उनको कल्पनामा पनि भादगाउँको चित्र कतै कोरिएको छैन । कलाकारहरूको जीवन मनस्थितिका आधारमा चलेको जो हुन्छ ।

कान्तिपुर फुर्तिलो छ, जोशिलो छ । त्यसैले त रञ्जन यहाँ आएका हुन् । यहाँ उनी पनि जमे र उनको सांगीतिक ब्याण्ड जिरो माइल पनि जम्यो । उनी स्वर श्रष्टा हुन् । अडियो तयार गर्छन् । विज्ञापन सामग्री तयार गर्छन् । जिंगलहरू तयार गर्छन् । कान्तिपुर टेलिभिजनको लोगो तथा समाचार संगीत उनैले तयार गरेका हुन् । वृत्तचित्र राम्रो बनाउँछन् । संगीत उनको मुख्य पेसा-व्यवसाय हो । उनी डिस्को जकी हुन् । राति अबेरसम्म कान्तिपुरका क्लबहरूमा बाजा बजाउनु र गाउनु उनको पेसाको एक हिस्सा हो । उनी आफैंले तयार गरेका गीत-संगीत बजाउन रुचाउँछन् । दर्शकको माग तथा संगीतको फ्यूजन हुन्छ उनको गीत-संगीतमा । रञ्जन अहिले लोक संगीतको विकास एवं संरक्षणमा जुटेका छन् । उनको आफ्नो एल्बम तयार हुने क्रममा छ । त्यसमा उनले कसेरादेखिका लोकगीतहरूको संयोजन गरेका छन् ।

कान्तिपुर उनलाई राम्रो र रमाइलो लाग्छ । यहाँका मानिस जागरुक छन्, तै पनि बोल्दैनन् । विद्रोहको संस्कृति त छ तर मौन छ । यद्यपि, मानिसहरूको गुनासो छ, कान्तिपुर अब बस्नलायक सहर रहेन । रञ्जन भन्छन्, यो अतिशयोक्ति हो । यहाँ मात्र होइन जहाँ कहीं छ धूलो । कान्तिपुरमा मात्र धूलो छ भन्नु बिडम्बना नै हो । जे भए पनि सफाइको समस्या छ कान्तिपुरमा । सडकमा हिंड्दा केराको बोक्रामा चिप्लेर लडिएला कि भनेर होस पुर्‍याउनुपर्छ । कान्तिपुरको मौसम राम्रो छ । गर्मीमा मलुवा गर्मी जाडोमा मलुवा जाडो । यो सहरमा हिंड्दा आकाशतिर हेरेर हिंड्नुपर्छ । तब न रमाइलो हुन्छ ।

रञ्जन र उनका सांगीतिक साथीहरू 'निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल नबनाइयोस्' भन्ने अभियानमा छन् । त्यहाँ विमानस्थल बनाउँदा जंगलको ठूलो भाग नासिने र जंगली जनावरहरूको बिचल्ली हुने तर्क छ यी कलाकारहरूको । यिनीहरूले एक-एकवटा जनावरलाई अडप्ट गरेका छन् । रञ्जनले हात्ती अडप्ट गरेका छन् । रञ्जनमा हात्ती प्रेम मात्र छैन । उनी तीव्र गतिमा नासिँदै गएको लोकलय र गीतको चिन्तामा पनि डुबेका छन् । अघिल्लो पुस्ताले धानेको लोक लय र गीत त्यो पुस्ताको अवशानपछि नरहने त पक्कै छ । बूढो मरे पनि उसको भाका सर्छ भन्ने भनाइ छ । त्यसैमा अन्तर्घात होला भन्ने डर बढेको छ ।

रञ्जनले लामो दाह्री पालेका थिए । उनको दाह्री एक प्रकारको फेसन स्टेटमेन्ट थियो । पछि सडकमा हिंड्दा सबैले उनलाई नमस्कार गर्न थाले । मानिसले उनलाई यसरी बाबा बनाउनथाले पछि उनले आधा दाह्री काटे । दाह्री बढाउनु उनको उमेरको कुरा थिएन । त्यो त शोखको कुरा थियो ।

रञ्जनले संगीत पढेका होइनन् । दिल्ली बस्दा उनको प्रेमपासमा बाँधिएकी उनकी पत्नी चन्द्रेशा पाण्डे शास्त्रीय संगीतमा पारंगत छिन् । उनीहरू एक्लाएक्लै र दुवै मिलेर संगीत सिर्जना गर्छन् । संगीतको कमाइमा सन्तुष्ट छन् उनीहरू । दिनहरू राम्रैसँग कट्दैछन् ।



तस्बिर : नवराज बाग्ले

■ रञ्जन झा, डिजे

पाठक मञ्च

हिमाल हामी नेपालीहरूको सभ्यता र गौरव हो । (चिन्ता हिमालको) समृद्ध नेपाली र सुखी नेपाली भन्ने सरकारले हिमालको संरक्षणमा ध्यान दिनैपर्छ । अब विश्वको शिखर सगरमाथालाई सफा र सुरक्षित राख्न सगरमाथा आरोहणका लागि अनुमति दिनुपूर्व अन्य ३/४ वटा हिमाल आरोहण अनिवार्य गरिनुपर्छ । त्यसले नेपाललाई बढी आम्दानी पनि दिन्छ भने सगरमाथामा हुने आरोहीहरूको चापसमेत घटाउँछ । अर्कातर्फ त्यहाँको फोहोर व्यवस्थापनमा पनि यसले सहयोगी भूमिका खेल्छ ।

**अतुल क्षेत्री**

सरकारलाई गुठी, मिडिया तथा सार्वजनिक जग्गामा अलमलिँदैमा फुर्सद छैन । फेरि समृद्धि, रेल, पानीजहाज, हावाबाट बिजुली, घरघरमा ग्याँसको पाइपलाइन आदिको काम पनि गर्नैपर्‍यो । (चिन्ता हिमालको) हिमालको चिन्ता गर्ने समय कसरी होस् ?

**ऋतिक महर्जन**

आरोहण शुल्क तीन गुणा बढाउनुपर्‍यो । (सगरमाथाको साख घट्दैछ) अनि खाते पर्वतारोही पनि आउँदैनन्, भीड पनि हुँदैन र आफ्नो आम्दानी पनि घट्दैन ।

**हरिहर जोशी**

एकदमै खुसीको कुरा । (शिक्षण अस्पतालमा कलेजो प्रत्यारोपण) यसलाई निरन्तरता दिनुपर्छ ।

**दमयन्ती थकाली**

राजधानीमा मानिसबाट बचेको थोरै सार्वजनिक ठाउँमध्ये भण्डारखाल पनि एक हो । (भण्डारखालको नियति) सम्पदा तथा वातावरणप्रेमीहरूले अब यसको संरक्षणमा लाग्नुपर्छ । सहरको मुटुमा अवस्थित यो ऐतिहासिक महत्वको ठाउँलाई सबै अतिक्रमणबाट जोगाउनुपर्छ ।

**प्रवीण खरेल**

नाममात्रका लागि स्काउट नहोस् । (नेपाल स्काउटको रोभर मुट) सेवा र मानवीय भावनाले ओतप्रोत स्काउट देख्न पाइयोस् ।

**रीना विश्वकर्मा**

साप्ताहिकको यस पटकको मध्यपृष्ठ मन पर्‍यो । (मध्यपृष्ठ शुभेच्छा खड्का) शुभेच्छाजी निकै खुल्नुभएको छ, एकदमै सुन्दर ।

**प्रवेश मगर**

मैले केही हदसम्म माने । (सुरक्षित पासवर्डका लागि) तर मेरो पनि सुझाव छ, अश्लील शब्द प्रयोग गर्दा पनि सुरक्षामा कमी हुँदैन है ।

**लोक तामाङ योञ्जन**

मधेसी माननीयहरू के हेरेर बसेका छन् । (विवाह मण्डपबाट दुलही छाडेर हिँडेपछि) मधेसका यस्ता कुरीतिविरुद्ध किन आवाज उठाउँदैनन् ?

**एचएम घिमिरे**

अब यो केटालाई केटीको घरमा नोकर राख्न पनि सुहाउँदैन । (विवाह मण्डपबाट...)

**मञ्जु आचार्य**

डाइरेक्टरले पोड्युसरको पैसा बचाइदिएको हो कि क्या हो । (पहिलो पटक भिलेन) कि अरू कलाकार फेला नपरेको हो ? जे होस्, एउटै कलाकारले दोहोरो अभिनय गर्दा हेर्नेलाई खासै मजा हुँदैन– एक दर्शकका रूपमा मेरो विचार ।

**संयोग अकेला**

## पाइला स-साना, गन्तव्य विशाल

'सफलता' शब्द सुन्दा सुमधुर, कल्पना गर्दा हृदयस्पर्शी त पाउँदा स्वर्गीय आनन्द । वास्तवमा निकै अमूल्य छ यो । सफलता प्राप्त गर्ने जोकोहीका लागि झन् अमूल्य छ एकपल्ट पाएर गुमाउनेहरूका लागि । यही विशेषताले यो शब्दलाई निकै विशेष बनाइदिन्छ, रहस्यमय बनाइदिन्छ । सफलता रहस्य नै त हो । सफलताको बाटो यही हो भनेर कसैले किटानी गर्न सक्दैनन् तर एउटा मानिस जीवनको जुन कुनै मोडमा कहीं कतैबाट यही बाटोमा नआइपुग्ला भन्न पनि सकिँदैन ।

इन्जिनियर लाखौं हुन्छन्, तर त्यस्ता इन्जिनियर कमै हुन्छन् जसले बनाएका धरोहरले जमिनमा मात्र होइन, इतिहासको पानामा आफ्नो नाम लेखाउँछ, जुन आकृतिले संस्कृति र सभ्यताको उचाइ चुमेका हुन्छन् । डाक्टर कैयौं हुन्छन्, तर त्यस्ता डाक्टर निकै कम हुन्छन्, जसले बिरामीको शारीरिक घाउमा मात्र नभई आन्तरिक व्यथामै मलम लगाइदिन्छन्, जसको अस्पतालमा गै आन्द्रा फाटेका बूढा हजुरबुबा त्यहाँबाट निस्कँदा फाटेका गन्जी पनि सिलाएर निस्कन्छन् । त्यसैले एउटै बाटोमा हिंड्दैमा एउटै गन्तव्यमा पुगिन्छ भन्ने हुँदो रहेनछ । एउटै पथमा हिडेर पनि कोही सफल त कोही असफल हुँदा रहेछन् ।

वास्तवमा सफलताको न त कुनै विशेष सूत्र छ, न त कुनै बाटो नै । कैयौं पटक सफल हुन्छु भन्नेहरू असफल हुन्छन्, सफलता नचाहेकीले सफलता प्राप्त गर्छ, तर म यो पूर्ण रुपमा भाग्यको खेल हो भन्न पनि असमर्थ छु किनभने 'भाग्य' कृत्रिम हो, वास्तविकता त केवल तिम्रो जीवन हो, तिम्रा निर्णय र भोगाइहरू हुन् ।

सफलता टाढा छैन, न त यो नजिक छ, यसको सामीप्यको न त मापन छ न त टुंगो नै, समय हिजो पनि यहीं नजिक थियो, आज पनि यहीं छ तर 'सफलता' जो हामीसँग छैन, त्यसका बारेमा सोचेर हामी आफूसँगै भएको यो अमूल्य 'समय' किन खेर फाल्दै छौं ? आज प्राप्त नभएको सफलता भोलि प्राप्त हुन सक्छ, तर के आज खेर गएको समय भोलि आउँछ ? त्यसैले जीवनको हरेक सेकेन्डको सदुपयोग गर्न जरुरी छ र यदि सफलताको कुनै सूत्र छ भने यही हो ।

सफलताका सम्भावित सूत्रहरू खोज्दै जाने हो भने अरू पनि फेला पर्न सक्छन् । थोमस एडिसनले भनेका छन्, 'असफल व्यक्तिहरू ती हुन् जो थाहा पाउँदैनन् कि जब तिनीहरूले हार माने तब उनीहरू सफलताको कति नजिक हुन सक्थे,' तसर्थ हार नमान्नु सफलताको दोस्रो महत्वपूर्ण सूत्र हुन सक्छ । लोभ, लालच र अरूप्रतिको ईर्ष्याको भावना सफलताका घोर बाधक हुन् । कतै सफलताले दैलो ढकढकाइरहेका बेला तपाईंचाहिं छिमेकीको प्रगतिको पिरले अन्धो र बहिरो त हुनुभएको छैन ? ढोका खुला राख्नुहोस्, प्रतीक्षा गर्नुहोस्, सफलता तपाईंको घरदैलोमा आइपुग्नै लाग्यो ।

**नीरज नेपाल, कुभिन्डे, सिन्धुपाल्चोक**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार a ptahi@ km g.o m.np मा पढाउनुहुन अनुरोध छ । उत्कृष्ठ विचारलाइ आगामी अंकमा स्थान दिनेछौं ।

मुक्त आकाश



# भोक-प्यास

अविरल थापा

> यौनको भोक विवाहित वा अविवाहित दुवैमा समान हुन सक्छ । आफ्नो यौनसाथी हुँदाहुँदै पनि मानिसले अतृप्त भएर वा भनेको समयमा उपलब्ध नभएर वा असन्तुष्ट भएर यौनको भोक मेट्न वैकल्पिक उपाय वा साथीको खोजी गर्न सक्छ । सकेसम्म मायाजालमा पारेर, नभए पैसा तिरेर, सहमतिमै पनि वा कसैलाई परिबन्धमा पारेर पनि मानिसले आफ्नो यौन-प्यास मेट्न खोज्छ ।

सामान्यतः सबै प्राणीलाई भोक लाग्छ । भोक भन्नासाथ कुनै कुरा खान शरीरले चाहना राख्नु भन्ने बुझिन्छ । भोक लागेपछि खान पाउनु सबैको अधिकार हो तर भन्दैमा पाइँदैन । त्यसैगरी पानी पिउने चाहना हुनु भनेको प्यास लाग्नु हो । अनिकालमा वा संकटमा थोरै खाए पनि भोक मेटिन्छ । थकाइ लाग्दा, उकालो चढ्दा एक घुट्को पानी पाए पनि प्यास मेटिन्छ । मीठो मसिनो खाएर भोक मेट्ने र खस्रो खाएर भोक मेट्ने त्यो आफ्नो गच्छेमा भर पर्छ । खान नपाएर कुपोषित भएर मर्नेहरू एकातिर छन् भने धेरै खाएर रोगी भै मर्नेहरू अर्कातिर छन् ।

मानिसको जीवनमा खानेपिउने कुराको मात्र भोक-प्यास हुँदैन । धनसम्पत्ति कमाउने भोक, यौनको भोक, पद-प्रतिष्ठाको भोक आदि अनेक भोक हुन्छन् । भोकको सही व्यवस्थापन गर्न सकिएन भने त्यसले गम्भीर परिणाम निम्त्याउँछ । भोकले मानिसलाई अन्धो र अपराधी सम्म बनाउँछ । अचेल हरेक दिनजसो हत्या बलात्कारका समाचार आउनुमा पनि यिनै भोक कारकतत्व हुन सक्छन् । यौनको भोक र कुण्ठा सबैभन्दा डरलाग्दो हुन्छ । आफ्नै बुबाले, हजुरबुबाले, ससुराले, काकाले परिबन्धमा पारेर यौन दुराचार, बलात्कार र शोषण गरेर कैयन समयदेखि राखेको समाचारले समाजको डरलाग्दो अवस्थाको चित्रण गर्छन् । यौनको भोक विवाहित वा अविवाहित दुवैमा समान हुन सक्छ । आफ्नो यौनसाथी हुँदाहुँदै पनि मानिसले अतृप्त भएर वा भनेको समयमा उपलब्ध नभएर वा असन्तुष्ट भएर यौनको भोक मेट्न वैकल्पिक उपाय वा साथीको खोजी गर्न सक्छ । सकेसम्म मायाजालमा पारेर, नभए पैसा तिरेर, सहमतिमै पनि वा कसैलाई परिबन्धमा पारेर पनि मानिसले आफ्नो यौन-प्यास मेट्न खोज्छ । यसमा नारी-पुरुष दुवैको आ-आफ्नै तरिका हुन सक्छ । यौनको भोक-प्यासले मानिसलाई अन्धो बनाउँछ, उसले के नैतिक, के गैरकानुनी, के असामाजिक, के सही, के गलत सबै बिर्सन्छ र क्षणिक तृप्तिका निम्ति सर्वस्व अर्पण गर्न र भुल्न तयार हुन्छ । सामान्य व्यक्तिदेखि उच्चपदस्थ व्यक्तिसम्म यौनको मामिलामा मुछिएको र गलत कृत्यमा फसेको पाइन्छ, किनभने यसमा को कुन तह र पदको भन्दा पनि उसको मानसिक स्थिति तथा व्यक्तिगत चाहनाले बढी भूमिका खेल्छ । पुरुषले धन लुटाउन र नारीले धन बटुल्न पनि यौनको भोकलाई सहारा लिएको पाइन्छ । यौनलाई अघोषित रूपमा अनैतिक कर्मका रूपमा लिइनु, आफ्नो साथीसँग यौनतृप्तिका बारेमा खुलेर कुरा नगर्नु, हाडनाता करणीजस्तो कुकर्मसम्म गर्न पछि नपर्नुले समाज कति कुण्ठित छ भन्ने देखाउँछ । कुण्ठाले अपराधतर्फ डोऱ्याउँछ । यौनको भोक-प्यास मेट्न अपराधको बाटो रोज्नुभन्दा वैकल्पिक उपाय रोज्नुपर्छ । समाज र प्रशासन तथा सरकारले ढोंगी नबनी यौन व्यवस्थापनको मार्ग प्रशस्त गर्न ढिलाइ गर्नु हुँदैन ।

अर्कातर्फ धनको भोकले मानिसलाई भ्रष्ट बन्न उत्प्रेरित गर्छ । सोझो बाटो समातेर धनी हुन गाह्रो छ । त्यसैले कसलाई प्रयोग गरेर हुन्छ कानुनको आँखामा छारो हालेर हुन्छ कि कसैलाई घुस ख्वाएर हुन्छ कि मानिस चाँडोभन्दा चाँडो धनी हुन चाहन्छ । समाज र परिवारमा बढेको देखासिकी तथा अस्वस्थ प्रतिस्पर्धाले मानिसलाई धनी हुन दबाब दिइरहेको हुन्छ ।

समाजमा मानिसलाई धनको तुलोमा मात्र तौलिने गलत नजिर बसेको छ । धनी मानिस मात्र सफल मानिस हो भन्ने मानक समाजमा जर्वजस्त रूपमा स्थापित भएको पाइन्छ । कुन मानिस कति ज्ञानी छ, कति विद्वान छ उसले समाज अनि देशको हित हुने कति कर्म गऱ्यो हेरिँदैन । कसले कत्रो घर बनायो, कति सम्पत्ति जोड्यो, कस्तो गाडी चढ्छ उसको मात्र समाजमा इज्जत छ भन्ने मानिन्छ । पैसाको धनी गाडीको धूलो उडाउँदै ज्ञानको धनीको मुखसम्म छारो उडने गरी रवाफ देखाएर हिँड्छ । बाटोमा लखरलखर हिंड्ने, सोझो बाटो हिडेर मेहनत र इमानको कमाइ खानेहरूको मूल्य भएन । समाजले औंलामा नगन्ने भएपछि मानिसमा धनी हुने भोक बढ्छ । धनी हुन खोज्दा कैयन्ले अरूको र आफन्तकै हत्या गरेका छन्, करोडौंको भ्रष्टाचारमा मुछिएका छन्, ठगेका छन् । छिमेकी वा नजिकका आफन्तले प्रगति गरे वा गलत तरिका अपनाएर धन जोडे भनेर आफू पनि हौसिएर गलत बाटो समात्नु बुद्धिमानी होइन । धन र यौनले सन्तुष्ट भएर कोही मरेको छैन र भविष्यमा पनि मर्नेछैन भन्ने कुरा मनन गर्ने हो भने यी दुवै भोकको व्यवस्थापन गर्न सजिलो हुन्छ ।

त्यसैगरी पद, मान-सम्मान तथा पुरस्कार पाउने लालसा वा भोकमा हाकिमसँग वा उच्च पदाधिकारीहरूसँग यौनसम्बन्ध राख्ने, घूस ख्वाउने काम पनि उत्तिकै हुन्छ । योग्यताले पाउनुपर्ने कुरा कसैलाई प्रभावमा पारेर लिन खोजेपछि त्यसको मूल्य चुकाउनुपर्ने हुन्छ । यसो गर्दा कहिले धनको खति हुन्छ त कहिले इज्जतकै पनि खति हुन्छ भने कतिपयको घरपरिवार नै तहसनहस हुन्छ । कतिले आफनो भएको पद-प्रतिष्ठा समेत गुमाउँछन् ।

क्षणिक आवेगमा आएर वा देखासिकीमा लागेर अपराध नगरौं । भुइँको टिप्न खोज्दा पोल्टाको पनि झर्ला होस गरौं ।

Fae book o m/abeeralthapa
Twitter@abeeralthapa

# हस्तलेखन प्रतियोगिता



बालविकास एन.सी.मासले अक्षर मनोविज्ञानको अध्ययन तथा अनुसन्धानले विद्यार्थीहरूमा रहेको सकारात्मक तथा नकारात्मक विशेषतालाई बाहिर ल्याउन ठूलो टेवा पुग्ने कुरा बताएको छ ।

गत शनिबार 'राष्ट्रिय स्तरको हस्तलेखन प्रतियोगिता-२०७६ का विजेताहरूलाई पुरस्कार वितरण' कार्यक्रममा एन.सि.मासले उक्त धारणा व्यक्त गरेको हो । उक्त संस्थाले नेपालमा विगत १५ वर्षदेखि हस्तलेखन, अबाकस तथा अक्षर मनोविज्ञानसम्बन्धी अध्ययन तथा अनुशन्धान गर्दै आएको छ, साथै संस्थाले देशव्यापी रुपमा हस्तलेखन, अबाकस तथा अक्षर मनोविज्ञानसम्बन्धी प्रशिक्षण कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ ।

कार्यक्रममा बोल्दै एन.सी.मासका अध्यक्ष तेजु नेपालले हरेक व्यक्तिको अक्षरबाट उसको ५ हजार किसिमका चरित्र निर्धारण गर्न सकिने कुरा सुनाए । त्यस्तै, उनले विश्वव्यापी रूपमा रहेको अबाकसका सम्बन्धमा पनि आफूहरूले विभिन्न कार्यक्रम तथा प्रशिक्षण दिँदै आएको जानकारी दिए । नेपालले भने, 'यो कार्यक्रमले विद्यार्थीहरूको केन्द्रिकृत मस्तिष्क र भिजुल्याइजेसनका कारणले गर्दा अध्ययन तथा अन्य कुरामा सकारात्मक प्रभाव पार्छ ।'

कार्यक्रममा राष्ट्रिय स्तरको हस्तलेखन प्रतियोगिता-२०७६ का विजेताहरूलाई पुरस्कार वितरण गरिएको थियो । उक्त प्रतियोगितामा सिनियरतर्फ आरोनी स्कुलकी छात्रा नाजमिन खातुनले प्रथम भएकी थिइन् । त्यस्तै, सिनियरतर्फ नेसनल पिस इंग्लिस बोर्डिङ स्कुलकी छात्रा शर्मिना मानन्धर दोस्रो तथा इडेन गार्डेन इंग्लिस बोर्डिङ स्कुलकी छात्रा उषा राई तेस्रो भएका थिए । जुनियरतर्फ आशीर्वाद बोर्डिङ स्कुलकी छात्रा सांग्या गौतम प्रथम भइन् भने टोडिलर्स जोनकी छात्रा सहनशिका श्रेष्ठ दोस्रो तथा सौर्यदीप स्कुलकी छात्रा सुम्निमा घिमिरे तेस्रो भइन् । उक्त प्रतियोगितामा ७० वटा विद्यालयका छात्र-छात्रा सहभागी थिए ।

# राइड टु रानीमहल



रुपन्देहीका साइक्लिस्टहरूले पर्यटन प्रवर्द्धनको उद्देश्यका साथ राइड टु रानीमहल सम्पन्न गरेका छन् । साइकल सिटी बुटवल र रुपन्देही जिल्ला साईकल संघको आयोजनामा उक्त अभियान सञ्चालन गरिएको हो । बुद्धजन्मस्थल लुम्बिनी घुम्न आउने पर्यटकलाई साइकिलिङ गराउँदै ऐतिहासिक रानीमहलसम्म पुऱ्याउन सक्ने सम्भावनाको खोजीका साथ यो अभियान सञ्चालन गरिएको रुपन्देही साइकिलिङ संघका अध्यक्ष पुकार थापाले बताए । बुटवलबाट रानीमहल करिब ५४ किलोमिटरको दूरीमा छ । कालीगण्डकीको किनारमा अवस्थित १ सय वर्षभन्दा पुरानो रानीमहलको थप प्रचार-प्रसारमा अभियानबाट सहयोग मिलेको थापाको दाबी छ ।

पाल्पा गौंडामा तैनाथ पश्चिम क्षेत्रका कमान्डर इनचिफका अख्तियारी पाएका खड्कशमशेरले आफ्नो कान्छी रानी तेज कुमारीको स्मृतिमा उक्त ऐतिहासिक दरबार निर्माण गराएका थिए । रानीको मृत्युपश्चात खड्कशमशेरले ब्रिटिसहरूका साथै भारतबाट इन्जिनियरहरू झिकाई वि.सं.१९५० मा पश्चिमी कलाकौशलको बेजोड नमुना खडा गरेका थिए । प्राकृतिक सुन्दरताले भरिपूर्ण, सुनसान तथा मनमोहक स्थानमा आफ्नै गतिमा बग्ने कालीगण्डकी तथा बराङ्दी खोलाको संगमस्थलमा दुई दिनको साइकिलिङको प्याकेज बनाउन सके धेरै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने सम्भावना छ । प्रवासबाट बतासेसम्म हाई अपहिल छ । बतासेबाट भने ६ किलोमिटर कालोपत्रे र ७ किलोमिटर ग्राभेल बाटोको साइकिलिङ निकै रोमाञ्चक साबित हुने थापा बताउँछन् ।

साइकल सिटी बुटवलका अध्यक्ष धीरेन तुलाधारले साहसिक खेलको विकास एवं प्रवर्द्धन गर्ने लक्ष्यसहित जिल्लामा वर्षभरि नै कार्यक्रम गरिँदै आएको बताए । कार्यक्रममा धरान, पोखरा, काठमाडौं, कपिलवस्तु तथा दाङका ५० जना साइक्लिस्ट सहभागी भए । सबै राइडर शुक्रबार रानीमहलमा क्याम्पफायर गरी शनिबार बुटवल फर्किएका थिए ।

स्वस्तिक श्रेष्ठ



# निर्णयको अधिकार श्रोताहरूलाई छोडिदिएको छु

गलबन्दी गीतबाट गत साता सबैभन्दा बढी चर्चा पाउने कलाकार हुन्- प्रकाश सपूत । त्यसो त उनका दोहोरी ब्याटल, बोलमाया तथा दोहोरी ब्याटल टुबाट चर्चामा आएका गायक हुन्- प्रकाश सपूत । उनले डेढ दर्जनभन्दा बढी गीतमा आवाज भरिसकेका छन् । गीत लेखन तथा म्युजिक भिडियोमा उनको संलग्नता अझ बढी छ । बाग्लुङ जिल्लाको काठेखोला गाउँपालिका वडा नम्बर-३ मा बुबा बलबहादुर बिक तथा आमा मीनाकुमारी विकको पहिलो सन्तानका रूपमा जन्मिएका प्रकाश राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल उपत्यका समन्वय समिति काठमाडौंका सचिवसमेत हुन् । गायक सपूतसँग साप्ताहिककर्मी राजाराम पौडेलको कुराकानी :

■ प्रकाश सपूत

**गलबन्दीले ट्रेन्डिङमै करोड भ्युज पायो कस्तो अनुभव भैरहेको छ ?**

एकदमै रमाईलो अनुभव भैरहेको छ । आफ्नो टिमले गरेको मेहनत सफल हुँदा कसलाई पो खुसी नलाग्ला र ? अर्को कुरा, नेपाली मौलिक गीतले छोटो अवधिमै यति ठूलो सफलता पाउनु भनेको चानचुने कुरा होइन । त्यसैले पनि निकै खुसी छु ।

**कहिल्यै लोकगीत नसुन्ने युवा पुस्तामाझ पनि यसको लोकप्रियता देखिनुको कारण ?**

मुख्य कुरा त सबैलाई यसको जीवन्त प्रस्तुतिले छोएको छ । नियमित आउने गीतहरूको तुलनामा यसमा अलि फरक अभ्यास गरिएको छ । त्यसैले पनि यो गीत युवापुस्तामाझ लोकप्रिय भएको हुनसक्छ । यो गीतका कतिपय ठाउँमा विभिन्न डायलग हालिएको छ, साथै यो गीतले गाउँको चिनारी पनि दिएको छ । हामी जति नै आधुनिक भए पनि अन्ततः हाम्रो मन भित्र नेपालीपन छ । त्यही नेपालीपन गलबन्दीमा झल्किएको हुनाले यसले लोकप्रियता पाएको हो ।

**कसरी सिर्जना गर्नुभयो ?**

अरू गीत जसरी बन्छन्, त्यसरी नै यो गीत बनेको हो । यसलाई मैले सुरुमा प्रत्यक्ष दोहोरीको रूप दिने सोंच बनाएको थिएँ । पछि प्रत्यक्ष दोहोरीलाई रोधी घरमा राखें । रोधी घरमा जे-जस्ता गतिविधि हुन्छन् त्यसलाई पनि थपें । त्यसपछि यसमा समावेश गरिएका डायलग र पात्र छनौट गरें । भिडियो छायांकनमा मौलिकता देखाउन गाउँघर नै रोजें र यसका अधिकांश पात्र पनि गाउँलेहरूलाई नै राखें । यसरी नै यो गीतको निर्माण भएको थियो ।

**गलबन्दीमाथि चोरीको आरोप समेत लागेको छ नि ?**

लोक लय उस्तै-उस्तै सुनिनु स्वभाविक हो । यद्यपि म कसैले भनेको कुराको खण्डन गरेर उहाँहरूको आत्मसम्मानमा ठेस पुऱ्याउन चाहन्नँ । प्रस्तुतिका हिसाबले, गायकीका हिसाबले र लयमा पनि धेरै फरक छ । जब गीतले उत्कृष्ट भ्युज पाउन थाल्यो र सर्वत्र चर्चा हुन थालेपछि यस्ता कुरा आउनुचाहिँ विभिन्न नियतसँग जोडिएको पाइन्छ । हरेक सर्जकले हरेक सिर्जनामाथि जवाफ दिन भ्याउँदैन र त्यो दिनैपर्छ भन्ने पनि छैन । यो दर्शकहरूले आफ्नो ढंगले प्रयोग गर्ने कुरा हो । त्यसैले मैले यो विषयलाई दर्शक श्रोताहरूमाझ स्वतन्त्र छाडिदिएको छु ।

**तपाईंलाई ब्याटल गीतले चिनायो, यसरी हवात्तै उचाइमा पुऱ्याउने टर्निङ प्वाइन्ट कसरी आयो नि ?**

मैले आफ्नो पहिलो ब्याटल आउँदाको वर्ष संगीतका लागि यो मेरो अन्तिम वर्ष हो भनेर घोषणा गरेको थिएँ, फेसबुकमा लेखेर । मैले अब म गीत-संगीतको काम गर्दिनँ, पेसा नै बदल्छु पनि भनेको थिएँ । म त्यतिबेला चरम निराशाबाट गुज्रिरहेको थिएँ । त्यहींबीच ब्याटल गरेको थिए ।

**कसरी सिर्जना भएको थियो पहिलो ब्याटल ?**

नर्मल, दोहोरी जसरी लेखिन्थ्यो त्यसरी नै लेखेको हो, सवाल-जवाफ केटाले भन्नेले केटीले भन्ने नै थियो । त्यसको कन्सेप्ट, शब्द, मेलोडी सबै मेरो आफ्नै थियो । त्यसको प्रस्तुति मात्र मोर्डनाइज्ड थियो । उक्त प्रस्तुति ऱ्याप ब्याटलबाट प्रभावित थियो । मेलोडी मेकिङ लोकदोहोरीबाट प्रभावित थियो, त्यो हिसाबले दोहोरी मनपराउनेलाई पनि आफ्नो जस्तो लाग्ने, ब्याटल मन पराउनेहरूले पनि वाह हाम्रो स्टाइलजस्तो भन्ने भएकाले ओभरअलमा सबैलाई मन परेको हो जस्तो लाग्छ ।

**ब्याटलको चर्को आलोचना पनि भयो नि ?**

यो ब्याटल मेरो करियरका लागि ट्रायल थियो, नेपाली संगीतका लागि पनि ट्रायल थियो, अलिकति भएन कि भन्ने खालको फिडब्याक केहीले दिएका थिए । मैले त्योभन्दा अघि नै धेरै मौलिक गीत तयार पारिसकेको थिएँ, अघिल्लो पुस्ताले आफ्ना पुराना गीतमार्फत आफ्नो परिचय बनायो भने त्यही शैलीमा आफ्नो संगीतलाई अपडेट गरिरहेको थियो । हाम्रो नयाँ पुस्ताले जति नै राम्रा गीत-संगीत दिए पनि त्यो मानिसहरूसम्म पुगिरहेको छैन भन्ने अनुभूति मलाई भैरहेको थियो । अनुसन्धानका क्रममा म अहिलेको पुस्ताको कलाकार हुँ भने मेरो अडियन्स त अहिलेकै पुस्ता हुनुपर्छ भन्ने हिसाबले मैले उनीहरूको रुचि के हो त ? जान्ने प्रयास गरें । मैले सिम्पल, रेगुलर दोहोरी गरिरहेको थिएँ, तर म आफू सन्तुष्ट थिइनँ । ब्याटलको प्रयोग भिन्न तरिकाले भएकाले रेगुलर दोहोरी सुनिरहने अडियन्सलाई यो ठ्याक्कै मोर्डन भनेर ऱ्यापलाई पनि नछोएको, दोहोरीलाई पनि नछोडेको लोकदोहोरीकै एउटा 'फ्लेवर' का रूपमा यो अगाडि आयो ।

**यो प्रयोगको परिणाम कस्तो रह्यो ?**

यो प्रयोगमा म सफल भएँ, मैले काम त पाइरहेकै थिएँ, एउटा कलाकारलाई लाइफमा 'सेलीब्रेटी' हुन मन लाग्छ, हामीकहाँ धेरै कलाकार सफर गरिरहनु भएको छ । दोहोरी साँझमा काम गर्नेहरू, स्टुडियोमा काम गर्नेहरू त्यसरी सफर गरिरहनु भएको छ । कतिपय यस्ता गायिका हुनुहुन्छ जो स्टुडियोमा रेगुलर गाउनुहुन्छ तर उहाँहरूको नाम बाहिर सुनिँदैन, कतिपय प्रोगाममा रेगुलर हिँड्नुहुन्छ उहाँहरूको नाम बाहिर सुनिँदैन, मचाहिँ त्यो सतहबाट अलिकति माथि उठेर चिनिन चाहन्थें । मैले काम त पाइरहेको थिएँ, म गीत गाएरै बाँचिरहेकी थिएँ, तर त्यो लेभलमा पुगिरहेको थिइनँ, जुन ठाउँमा म पुग्न चाहन्थे, त्यो चाहिँ ब्याटलले मलाई दियो ।

**पहिलो ब्याटलपछि बोलमाया गीत आयो अहिले फेरि ब्याटल टु, अब ब्याटल र बोलमाया मन पराउनेलाई कसरी सँगै अगाडि लानुहुन्छ ?**

ब्याटल टु आएपछि मैले के महसुस गरें भने सिर्जनामा चलचित्रकर्मीहरू जति स्वतन्त्र हुन्छन्, जति लेखकहरू स्वतन्त्र हुन्छन्, त्यतिको स्वतन्त्र गायक-गायिकाहरू नहुने रहेछन्, उनीहरूलाई एउटा ट्याग भिराइने रहेछ । मैले आफूलाई लेखकको लेभलमा, एउटा चलचित्रकर्मीकै लेभलमा स्वतन्त्र महसुस गरें । मैले जुनसुकै विषयमा पनि आफूलाई प्रस्तुत गर्न पाउँछु, गीतहरू सिर्जना गर्न पाउँछु भन्ने मनोदशा म मा थियो तर दर्शकको बुझाइ के हुँदो रहेछ भने गायकको क्याटागोरी हुँदो रहेछ, म लोक गायक हो भने लोकगीत नै गाउनुपर्ने, पप गायक हो भने पप, आधुनिक गायक हो भने आधुनिक, ऱ्याप गायक हो भने ऱ्याप गीत नै गाउनुपर्ने, यस्तै क्याटागोरीका कारण मलाई अप्ठ्यारो भयो । मैले आफू यो खालको गायक हो भन्ने कुरालाई कहिल्यै प्रमाणित गरिनँ । एउटा सर्जकका हिसाबले यो कुरा दिन सक्छु है भनेर काम गरें ।

**यी तीनवटा गीत कस्ता थिए ?**

ब्याटल वान प्रयोग थियो, बोल मायामा मैले एउटा स्टोरीमा काम गरेको थिएँ, ब्याटल टु पनि अर्को एउटा प्रयोग थियो, म लोकदोहोरी कलाकार हुँ र मैले जसरी चलिरहेको छ त्यसरी नै चल्नुपर्छ भन्दा पनि म्युजिकसँग सम्बन्धित रहेर के-के गर्न सकिन्छ भनेर काम गरिरहेको छु ।

**ब्याटल वान र ब्याटल टुमध्ये तपाईंलाई कुनबाट बढी सन्तुष्टि मिल्यो भने आलोचना कुनमा बढी आयो ?**

ब्याटल वानबाट मैले व्यक्तिगत आलोचना खेपेको थिएँ । 'कन्टेनवाइज' ब्याटल टुले बढी आलोचना खेप्यो । अडियन्सले टाइटल स्वीकार गर्नुभयो, भित्रको गुदीचाहिँ पहिलेकै अलि बढी रुचाएको हो कि पहिलेको अलि सरल थियो, ब्याटल टु केही बढी 'कम्लिकेटेड' भयो कि, मलाई बढी उक्साहट भयो कि भन्ने लाग्छ ।

**दोहोरी ब्याटल भने पनि ब्याटल टु हेर्दा त ऱ्याप ब्याटलजस्तै देखिन्छ नि ?**

ब्रान्डका लागि म त्यसको शीर्षक दोहोरी ब्याटल टु राख्न बाध्य भएँ, बिजनेस 'प्वाइन्टअफ भ्यू'बाट, त्यो व्यवसायिक रणनीति थियो । होइन भने हामीले बीचमा त्यसलाई ब्याटल मात्र राखिदिने कि, किनभने ब्याटल टु त्यति धेरै मेलोडियस पनि छैन, हामीले बुझेको लोकदोहोरीबाट प्रभावित पनि छैन, ब्याटल मात्र राखेको भए अझ बेटर हुन्थ्यो भन्ने 'रियलाइज' चाहिँ हुन्छ । यहाँ एउटा स्वार्थचाहिँ त्यो एउटा व्यवसायिक ब्रान्डलाई निरन्तरता दिन, अघिल्लो ब्रान्डलाई क्याचअप गर्ने अख्तियार गरिएको रणनीति थियो । यसबाट मेरो यो स्वार्थ पनि पूरा भयो ।

**स्वार्थ कसरी पूरा भयो त ?**

त्यसलाई युट्युबमा एक दिनमै ११ लाखले हेरे र २४ घण्टाभित्र टेन्डिङ वानमा आएको नेपाली युट्युबको कन्टेन्टमा यो नै पहिलो लोकदोहोरी हो । केही चलचित्रका गीत आएका थिए, त्यसलाई पनि उछिनेर यो गीत एक दिनमै त्यति धेरै पटक हेरिएको थियो ।

**अब के-के स्वार्थ पूरा गर्न बाँकी छ नि ?**

होइन, अब मलाई त्यति धेरै स्वार्थी बन्नु छैन, अबचाहिँ जस्तो पहिलोमा मेरो करियरलाई 'स्टाबिलिस्ट' गर्नुपर्ने थियो, दोस्रोमा अलिकति व्यवसायिक रूपमा त्यो ब्रान्डलाई त्यो लेभलमा पुऱ्याउनुपर्ने थियो । अब मलाई लाग्छ, मैले थोरै संयमित भएर काम गर्नुपर्छ । मैले ब्याटल टु आइसकेपछि के रियलाइज गरें भने कि त विधा चेन्ज गर्नुपऱ्यो, मतलब ममा यदि धेरै कन्टेनमा काम गर्ने भूत छ भने विषयवस्तु थुपार्ने रहर छ भने कि मैले चलचित्र बनाउनु पऱ्यो,

पृष्ठ ७ मा



पृष्ठ ६ बाट

कि किताब लेख्नुपर्‍यो, जहाँ म अलि बढी स्वतन्त्र हुन्छु, तर संगीतमै काम गर्ने हो भने संगीतको अनुशासन तथा संगीतको क्याटागोरीलाई मैले बुझ्नुपर्ने रहेछ नेपालको हकमा भन्ने लागेको छ। अलिकति टाइम लाग्छ भन्ने रियलाइज भएको छ, तर मचाहिँ अब विषयवस्तुमै काम गर्छु। यदि मैले ब्याटल गरें भने दोहोरी ब्याटल नाम नराख्ने, त्यसलाई ब्याटलकै रूप दिने, दोहोरी ब्याटल गरे भने दोहोरीबाट अलि बढी प्रभावित हुने गरी गर्ने भन्ने सोच बनाएको छ।

**तपाईंका दुवै ब्याटलमा गायिकाका रूपमा प्रीति आलेलाई लिनुपर्ने कारण ?**

एउटा त्यो ब्रान्डलाई निरन्तरता दिने प्रयास। दोस्रो प्रीति र प्रकाशको ब्याटल भन्ने एउटा ब्रान्ड स्थापित भैसकेपछि सहकार्य गर्ने हिसाबले। ब्याटल वान आएदेखि ब्याटल टुमा पनि सँगै गर्ने भन्ने वचनबद्धता पनि भएको थियो। त्यसैले पनि हामीले सँगै काम गरेका हौं।

**संगीतमा कत्तिको इमान्दार मानिस हो ?**

म संगीतप्रति इमान्दार मानिस हुँ जस्तो लाग्दैन, मैले जर्बजस्ती संगीत गरिरहेजस्तो लाग्छ, मेरो दिमागमा केही कुरा छन् जुन मैले भन्नुपर्ने छ, देखाउनु छ त्यसका लागि म संगीतलाई प्रयोग गरिरहेको छु।

**बाल्यावस्थादेखि नै गीत-संगीतमा रुचि थियो ?**

मलाई ठ्याक्कै याद चाहि छैन, ६-७ कक्षा भन्दा अघिको त्यति सम्झना छैन, हुन त म एकदमै सानो हुँदा मामाघर बुटबलमा बसे, २-३ कक्षा पढ्न बल्ल आफ्नो गाउँ गए। त्यति बेला सबैले मलाई 'बटौली' भनेर बोलाउनुहुन्थ्यो, बुटबलमा बसेको हुनाले। स्कुलमा सरहरूले पनि ओइ 'बटौली' यता आइज भन्नुहुन्थ्यो। पछि प्राविबाट माविमा भर्ना भएपछि स्कुल पनि परिवर्तन भयो, नयाँ सर्कल, नयाँ साथी भएकाले रमाइलै भयो।

**गायन यात्राको सुरुवात कहिले भयो त ?**

कक्षा ९-१० पढ्दा साहित्य क्षेत्रप्रति झुकाब बढ्यो, त्यतिबेला गाउँमा साहित्यिक प्रशिक्षण हुन्थे, त्यही समयमा म अलिकति सिर्जनशील बन्न थाले, मैले कविता, मुक्तक आदि लेखेर साहित्यिक यात्रा प्रारम्भ गरें।

**अनि गीततिर नि ?**

त्यही ताका 'लेट्स ट्राइ' भनेर आफैं गीत बनाएर, भाका अरूको भए पनि शब्द आफ्नो हालेर गाउँथें। लोकगीत प्रतियोगितामा भाग लिन तथा मेलामा गीत गाउन पनि थालें। मेरो गायनको सुरुवात प्रतियोगिताबाटै भएको हो।

**त्यसपछिको यात्रा ?**

२०६४ मा एसएलसी उत्तीर्ण भएपछि बाग्लुङमा पढ्दै काम गर्न थालें। मैले अमृत आदर्शबाट प्लस टु गरें। २०६६ मा धौलागिरी एफएममा केही समय काम गरें। त्यतिबेला पोखरा, बाग्लुङ, पर्वततिर राष्ट्रिय स्तरका प्रतियोगितामा भाग लिन्थें। आज पनि मसँग ५० भन्दा बढी प्रतियोगिताका प्रमाणपत्र सुरक्षित छन्, कुनैमा सहभागिताको, कुनैमा जितको।

**रेडियोमा के काम गर्नुहुन्थ्यो ?**

धौलागिरी एफएममा रहँदा सबै खालका कार्यक्रम चलाउँथें, विशेष गरी लोकगीतको कार्यक्रम, साहित्यिक कार्यक्रम। म नाटक पनि बनाउँथें, रेडियो नाटकहरू बनाएर प्रस्तुत गर्थें।

**काठमाडौंतिरको यात्रा कसरी मोडियो ?**

मलाई अब बाग्लुङ छोड्नुपर्छ भन्ने लागिरहेको थियो। गायन करियरको अप्सन पनि थियो। किनभने मैले थुप्रै कलाकारलाई रेडियोमार्फत चिनेको थिएँ। म काठमाडौं गएर कलाकारितालाई पनि अघि बढाउन सक्छु भन्ने आत्मविश्वास थियो। म अहिले पनि भन्छु– म त्यतिबेला बाग्लुङबाट भागेको थिए। चरम आर्थिक संकट तथा पारिवारिक जिम्मेवारीले गर्दा मलाई बाग्लुङ साघुँरो लाग्न थालेको थियो, यहाँ धेरै अप्सन छैन भन्ने लागेको थियो। अब रेडियोको कमाइ त्यस्तै पढाइ पनि प्लस टु सकिएपछि क्याम्पस भर्ना हुन नसकेको अवस्था तथा पारिवारिक जिम्मेवारी बढ्दै गएको अवस्थाले बाग्लुङ भन्दा ठूलो ठाउँमा जाने निधो गरें।

**कहिले आउनुभएको थियो काठमाडौं ?**

२०६९ मा काठमाडौं आए। त्यतिबेला म रेडियोको करियरलाई नै अघि बढाउँछु भनेर काठमाडौं आएको थिएँ। एकदम ढिलो काठमाडौंमा आएको अनुभूति भएको थियो त्यति बेला, तर मैले कलाकारै बन्छु भनेर सोचेको थिइनँ। काम गर्ने क्रममा रोजगारीका लागि दोहोरी साँझमा गएपछि 'टोटल्ली' मेरो अबको करियर गायन नै हो भनेर अघि बढें। त्यसअघि बाग्लुङबाटै विदेशका लागि प्रयास गरेको थिए, कतार जाने प्रयासमा म असफल भएँ। त्यतिबेला कतारका लागि अन्तर्वार्ता दिन काठमाडौं पुग्दा अब बाग्लुङ छोडेर काठमाडौंमै बस्नुपर्छ भन्ने कुरा मनमा आएको थियो।

**काठमाडौंको स्ट्रगल कस्तो रह्यो ?**

५-६ महिनासम्म चरम संघर्ष गरें, म मानसिक रूपमा अलि विचलित पनि थिए, पारिवारिक जिम्मेवारी थियो, घरको जेठो छोरा भएकाले जति गरिरहेको थिएँ त्यो भन्दा बढी गर्नु थियो। काठमाडौंमा टिक्न त म रेगुलर दोहोरी साँझमा काम गर्ने र गीत ननिकाल्दै कार्यक्रम पाउने भएकाले भाडा नै तिर्न नसक्ने अवस्था, भात नै खान नपाउने अवस्था भने थिएन।

**रेडियोमा प्रयास गर्नुभएन ?**

मैले केही रेडियोमा प्रयास गरें, किनभने बाग्लुङबाटै त्यो खालको लिंकअप भएको थियो। अग्रज सञ्चारकर्मीहरूको सपोर्ट थियो। यद्यपि मलाई एकदम गाह्रो लाग्यो काठमाडौंमा बसेर पत्रकारिता गर्न। फेरि मसँग पत्रकारिताको बेस पनि थिएन, किनभने मैले मनोरञ्जक कार्यक्रम मात्र सञ्चालन गरेको थिएँ। केही रेडियोमा प्राटिक्स पनि गरे, अनुभव पुगेन, त्यसैले निरन्तरता दिन सकिन। दोहोरीमा काम गर्न थालेपछि बाँच्न केही सहज भयो। आजको आजै पैसा पाइने, त्यसमाथि टिप्ससमेत पाइने भएकाले बाँच्नका लागि पनि दोहोरीमै फोकस गरें।

**एल्बमचाहिँ कहिले निकाल्नुभयो नि ?**

दोहोरीमा काम गर्न थालेको केही समयमै दुबई जाने अवसर पाए, दोहोरी साँझमै काम गर्ने। दुबईमा एउटा दोहोरी खुलेको थियो। त्यसमा कलाकार छनौट गर्ने क्रममा म पनि छानिएँ र तीन महिनाका लागि जाने निर्णय गरें। त्यहाँबाट फर्किएपछि मात्र मैले एल्बम निकालें। एल्बम निकालेको २०६९ सालमै हो।

**कसरी सम्भव भयो एल्बम निकाल्न ?**

मैले सुरुवातदेखि अहिलेसम्म जति पनि लगानी गरेको छु, त्यो संगीतबाटै कमाएको हो। चार जना साथी मिलेर निकालेका थियौं त्यो एल्बम। 'मुसुमुसु नहास मायाले' गीतमा संगीत दीपसागर थापाको शब्द काजिबाबु अर्यालको थियो भने स्वर दिपसागर, शान्त थापा, बेलिमाया गोर्खाली र मेरो थियो। यही पहिलो गीतको म्युजिक भिडयोमा म आफैले अभिनय गरें, मोडल पार्वती राईसँग। सगुन श्रेष्ठले उक्त भिडियो निर्देशन गरेका थिए। पहिलो गीतबाटै मेरो मोडलिङ करियरसमेत सुरु भयो।

**ब्याटल आउनुभन्दा अघि के-कस्ता अवसर पाउनुभएको थियो ?**

बीचमा लाइभ शोका लागि जापान जाने मौका पाएँ, लाइभ दोहोरी राम्रो गाउने र कार्यक्रम पनि चलाउने भएकाले कार्यक्रमबाट अफर आइरहेकै हुन्थ्यो अनि दोहोरीमा हुँदा पनि मेरो दोहोरीको प्रस्तुति हेरेर बोलाइन्थ्यो, धेरै ठाउँमा अरुको भाकामा लाइभ दोहोरी गाएर पनि सर्भाइभ भइयो। ब्याटल आउनुभन्दा अघि नै दोहोरी भएछ, यस्तै छ कहानी परदेशीको, चरर बरर धरर जस्ता गीतका कारण म दर्शक श्रोतामाझ 'कोड' भैसकेको थिए। अब म इन्डस्ट्रिजभित्र चाहिँ भिजिसकेको थिए, मेरा अघिल्ला गीतहरूका कारण पनि, ब्याटलभन्दा अगाडिको सिर्जनाका कारण पनि, ब्याटलपछि म अलिकति मिडियाकरण भए, बल्ल मिडियाहरूमा अपडेट भए, धेरै ठाउँमा ब्याटल वान मेरो 'आइडेन्टी' बन्यो।

**विवाह कहिले गर्नुभयो ?**

विवाह २०७० मा भएको हो, मैले लभ अनि भागी विवाह गरें, काठमाडौं आएपछि नै हो।

**मासिक कमाइ कस्तो छ ?**

त्योचाहिँ नखुलाऊँ होला, ५-६ महिना यताचाहिँ मैले राम्रो कमाएँ, मैले ७ वर्ष रेगुलर संगीतमा स्ट्रगल गरें, बितेका ६ वर्षको आम्दानी जोड्दा र पछिल्लो १ वर्षको आम्दानी हेर्दा पछिल्लो १ वर्षले जित्छ, त्यो हिसाबले मलाई आशावादी बनाएको छ, लामो समय टिक्ला-नटिक्ला, तर मलाई यो १ वर्षले निराशाबाट आशावादी भने पक्कै बनाएको छ।

**तपाईंको आफैंलाई लाग्ने नराम्रो बानी ?**

एउटै कुरा मनमा खेलाइरहन्छु, एक्लै बस्न मन पराउँछु, मानिसहरूसँग त्यति घुलमिल हुन सक्दिनँ।

# आन्तरिक पर्यटन प्रवर्द्धन गर्न जलयात्रा



विष्णु तारुके


धादिङको आदमघाटमा जम्मा भएका सैयौं युवा-युवती त्रिशूलीमा तैरन आफूलाई कस्दै थिए। हातमा प्याडल, ज्यानमा लाइफ ज्याकेट, टोपीसहित सबै साहसिक जलयात्रा गर्न तम्सदै थिए। बर्खा सुरु नहुँदै बढेको त्रिशूलीको बहावमा तैरने आँट आफैंमा साहसिक हुन्छ। त्रिशूलीको छेउमै उभिएकी सम्झना बुढाथोकीले पहिलोपल्ट जलयात्रा गर्न पुगेको र सुरुमा डर अनि मज्जा लागेको बताइन्। ठूलो छालमा डर लागे पनि साहसिकता प्रदर्शन गरियो उनले भनिन्।

नेपाल एसोसियसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा) ले हरेक वर्षझैं यो वर्ष पनि ३१ औं वार्षिक जलयात्रा उत्सव मनाएको छ। नाराले त्रिशूली तथा भोटेकोसीमा गरेर २ हजार ५ सय जनालाई एकै दिन जलयात्रामा सहभागी गराएको नाराका महासचिव शिव अधिकारी बताउँछन्। प्रायः विदेशीले मात्र गर्ने जलयात्रामा अहिले नेपालीहरूकै बाहुल्यता देखिन्छ।

राजधानीको मैतीदेवीमा बस्छिन्– तृष्णा घिमिरे। उमेरले २० वर्ष पार नगर्दै साहसिक जलयात्रा गर्न मन लागेर साथीहरूसँग प्याकेजमा त्रिशूलीको जलयात्रा गर्न पुगेकी थिइन् उनी। सुरुमा डर लागे पनि पछि डर हराउँदै गयो घिमिरेले भनिन्। उनकै जस्तो अनुभूति छ रस्मिता पण्डितको पनि। त्रिशूलीको छालमा रमाउनुको मज्जै बेग्लै रहेछ। पानीमा पौडीको आनन्द लिइरहेकी पण्डितले बढ्दो वातावरण प्रदूषणले नदी दुर्गन्धीत हुँदै गएकोमा चिन्ता लागेको बताइन्।

नेपालका धेरै नदीनालामा जलयात्राको प्रचुर सम्भावना भए पनि नदीमा बढ्दो दुर्गन्ध तथा जथाभावी खुलेका क्रसर एवं जलविद्युत् उद्योगका कारण विस्तारै यो पेसामा लाग्नेहरू नै धाराशाही हुन थालेका छन्। यो पेसाबाट व्यवसायीहरू पलाइन हुने क्रम बढ्दो छ। पर्यटन बोर्डले पनि जलयात्रा व्यावसायीलाई तालिमका साथै प्रचार-प्रसारमा सहयोग पुर्‍याउन नसकेको र्‍याफ्टिङ गाइड तथा नाराका उपाध्यक्ष कमल ठकुरी बताउँछन्।

त्रिशूली किनारमा रिसोर्ट सञ्चालन गर्दै आएका रामहरि सिलवाल पनि नदी फोहोर हुँदै गएकोमा चिन्तित छन्। स्वच्छ नदीमा रमाउने पर्यटकहरू फोहोर बढ्दै गएपछि नदीको किनारमै पुग्न नचाहने प्रवृत्ति बढ्दो भएको सिलवालले बताए।



## विश्व रक्तदाता दिवस- १४ जून

# रक्तदानका फाइदाहरू

त्रिचन्द्र प्रतीक्षा

रक्तदान जीवनदान- नाराका साथ विभिन्न संघसंस्थाले रक्तदान कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ। मानिसको शरीरमा रगत बन्ने प्रक्रिया निरन्तर चलिरहन्छ र रक्तदान गर्दा कुनै हानि हुँदैन। रक्तदान ठूलो कल्याणकारी काम हो, जसलाई जहिले पनि गर्न सकिन्छ। शरीरमा खेर जाने रगतले कसैको ज्यान बचाउन सकिन्छ भने त्यो नै जीवनदान हो। यसले रक्तदाताको शरीरलाई स्वस्थ राख्न मद्दत समेत गर्छ। यो वर्षको रक्तदान दिवसको नारा छ- Share Life, Give Blood।

यसले रक्तक्यान्सर हुन सक्ने खतरालाई कम गर्छ भने रक्तदाताको कलेजो र फियोमा देखापर्ने समस्या पनि कम गर्छ। रक्तदानका बारेमा चिकित्सा विज्ञान भन्छ- कुनै पनि स्वस्थ व्यक्ति जसको उमेर १६ देखि ६० वर्षबीच छ र ४५ किलोग्रामभन्दा बढी तौल छ, जसलाई एच.आई.भी., हेपाटाइटिस 'बी' वा 'सी' जस्ता बिमारीले छोएको छैन, त्यस्ता व्यक्तिले रक्तदान गर्न सक्छन्, तर उच्च रक्तचाप, मधुमेह, क्षयरोग, कमलपित्त, हृदयरोग, मिर्गौलारोग, यौनरोग, छारेरोग भएका व्यक्तिले अवस्था हेरेर वा चिकित्सकको सिफारिसमा मात्र रक्तदान गर्नुपर्छ। रक्तदान गर्दा एकपटकमा १ प्रिन्ट अर्थात् ३ सय ५० एम.एल. रगत दिइन्छ। शरीरमा उक्त रगतको पूर्ति २४ घण्टाभित्र हुन्छ। प्रत्येक स्वस्थ व्यक्तिले ३-३ महिनामा रक्तदान गर्न सक्छन्।

हाम्रो शरीरमा रक्त सञ्चालन हुन्छ भन्ने कुरा वैज्ञानिक विलियम हार्वेले सन् १६१६ मा पत्ता लगाएका हुन्। बेलायतका डा. रिचर्ड लोअरले सन् १६६५ मा एउटा कुकुरबाट अर्को कुकुरमा सफलतापूर्वक रक्तसञ्चार गराए भने बेलायतकै डा. जेम्स् ल्यान्डेलले सन् १८१८ मा मर्न लागेका एक रोगीमा मानिसको रक्तसञ्चार गराउने पहिलो प्रयास गरे, तर सफल हुन सकेनन्। सन् १९०१ मा अष्ट्रेलियाका वैज्ञानिक डा. कार्ल ल्यान्डस्टेनरले पहिलो पटक ए, बी र ओ रक्त समूह हुन्छ भन्ने कुरा पत्ता लगाए। सन् १९३० को भौतिक शास्त्रको नोबेल पुरस्कारसमेत प्राप्त गरेका तिनै कार्ल ल्यान्डस्टेनर (जन्म १४ जून १८६८, मृत्यु २६ जून १९४३) को जन्मदिनको अवसरलाई रक्तदान दिवस (जून १४) घोषणा गरिएको हो। सन् १९१४ मा बेल्जियम निवासी डा. हस्टिनले रगतलाई शरीरबाहिर बोतलमा सोडियम साइट्रेट रसायनको सहायताले नजम्ने गरी राख्न सकिने पद्धतिको विकास गरे। सन् १९३२ मा डा. एन्ड्री वागदासारोभले रक्तदाताबाट लिइएको रगतमा गुल्कोज सोडियम साइट्रेट रसायन मिसाएर २१ दिनसम्म राख्न सकिने पद्धति पत्ता लगाए।

संसारको पहिलो ब्लड बैंक स्पेनको बार्सिलोनामा सन् १९३६ मा स्पेनिस गृहयुद्धको बेला क्यानाडा निवासी डा. नरमन वेथुनले स्थापना गरेका थिए। नेपालमा वि.सं. २०२३ साउन १२ गते लक्ष्मी ब्लड बैंक स्थापना गरेर रगत संकलन गर्न थालिएको थियो। त्यही वर्ष सरकारले वीर अस्पतालमा रगत संकलन सुरु गर्‍यो। कालान्तरमा त्यही लक्ष्मी ब्लड बैंक नै केन्द्रीय रक्तसञ्चार केन्द्रमा परिणत भयो। वि.सं. २०३७ सालमा नेपाल रेडक्रस सोसाइटीले आफ्नै भवन प्रदर्शनी मार्गमा रक्तसञ्चार सेवा केन्द्रको नाममा ब्लड बैंक स्थापना गर्‍यो। हाल नेपाल रेडक्रस सोसाइटीले काठमाडौंमा केन्द्रीय रक्तसञ्चार सेवा केन्द्र तथा विराटनगर, चितवन, पोखरा र नेपालगञ्जमा चारवटा क्षेत्रीय रक्तसञ्चार केन्द्र सञ्चालन गरिरहेको छ। यसैगरी रक्तसञ्चार केन्द्रका २१ जिल्ला, ३० अस्पताल तथा ३१ वटा आकस्मिक गरी ८७ वटा शाखा छन्। यी सबैको सञ्चालन एवं व्यवस्थापन नेपाल रेडक्रस सोसाइटीले गरिरहेको छ। केन्द्रीय रक्तसञ्चार केन्द्रमा हाल २ हजार ५ सय प्रिन्ट रगत भण्डारण क्षमता छ।

नेपालमा रक्तदानको इतिहास खासै लामो छैन। नेपालमा पहिलो रक्तदान गर्ने व्यक्ति स्व. दयावीरसिंह कंसाकार हुन् भने हालसम्म सबैभन्दा बढी रक्तदान गर्ने व्यक्ति प्रेमसागर कर्माचार्य हुन्। आफू १६ वर्ष पुगेपछि वि.सं. २०४१ देखि रक्तदान गर्दै आएका कर्माचार्यले अहिले ५५ वर्षे उमेर (२०७६ वैशाख) सम्ममा १ सय ५८ पटक रक्तदान गरिसकेका छन्। विश्व स्वास्थ्य संगठनले १७ वर्ष पुरा गरेका र ६० वर्ष ननाघेका नेपालीले रक्तदान गर्न सक्ने मापदण्ड बनाएको छ। नेपाल स्वयंसेवी रक्तदाता समाजका अध्यक्ष समेत रहेका कर्माचार्यले ६० वर्ष पार गरेपछि समेत रक्तदान गर्ने दाबी गरेका छन्। कर्माचार्यको भनाइ छ, 'स्वस्थ रहें भने विश्व स्वास्थ्य संगठनले बनाएको मापदण्ड पालना गर्दिनँ। स्वास्थ्यले साथ दिएन भने ६० वर्ष नपुगी रक्तदान गर्न छाड्नुपर्छ।'

रगत रातो हुन्छ, सबैलाई थाहा भएकै कुरा हो। मानव शरीरमा पाइने रातो तरल पदार्थ नै रगत हो। हाम्रो रगतमा सबैभन्दा बढी पाइने तत्व रातो रक्तकोष नै हो। रगतमा नब्बे प्रतिशतभन्दा बढी रातो रक्तकोष हुन्छ भने एक थोपा रगतमा मात्र करोडौं राता रक्तकोष हुन्छन्। उक्त रक्तकोष अर्थात् रक्त कणिकाहरूलाई 'हेमोग्लोबिन' भनिन्छ। होमोग्लोबिनभित्र हाइड्रोजन, कार्बन, नाइट्रोजन, अक्सिजन तथा सल्फरका दस हजार परमाणुका साथै आइरन र सल्फरका परमाणुहरू हुन्छन्। हाम्रो रातो रक्तकोषले हेमोग्लोबिनको मद्दत लिँदै कार्बन डाइअक्साइडलाई फोक्सोसम्म पुर्‍याउने र सास फेरेर लिएको ताजा अक्सिजनलाई शरीरको कुनाकाप्चासम्म फैलाउने काम गर्छ। श्वास प्रश्वास क्रियाका क्रममा फोक्सोमा पस्ने वायुका साथ अक्सिजनसँग मिलेर 'अक्सिहेमोग्लोबिन' बन्छ। यसैको माध्यमले सम्पूर्ण शरीरमा अक्सिजन आपूर्ति हुन्छ।

हाम्रो रगत द्रव तथा ठोस दुई भागबाट बनेको हुन्छ। द्रव भागलाई प्लाज्मा भनिन्छ भने ठोस भागमा रातो, श्वेत रक्तकोषहरू तथा प्लेटलेटहरू हुन्छन्। आधारभूत रुपमा रगतको रङ रातै हुन्छ तर देखिने रातोपन भने छालाको रङ, रगतमा हुने अक्सिजनको मात्रा तथा प्राणीअनुसार केही फरक हुन्छ। मूलतः रगतमा चार वटा तत्व रातो रक्तकोष, सेतो रक्तकोष, प्लाज्मा तथा प्लाटेलेट्स हुन्छन्। रगतमा प्लाज्माको मात्रा करिब ६ सय ५ हुन्छ भने रक्तकोषको मात्रा ४ सय ५ हुन्छ। मानव शरीरमा औसत ५ दशमलव ५ लिटर रगत हुन्छ।

trib andra.b retsha@gmail.com

## यस्तो छ हुवावेको नयाँ हेडक्वार्टर



अमेरिकाले प्रतिबन्ध लगाएपछि चर्चामा आएको चिनियाँ टेक्नोलोजी कम्पनी हुवावेले हाल निर्माणाधीन आफ्नो कार्यालय परिसरको झलक सबैलाई देखाएको छ। उक्त विशाल परिसरको अधिकांश भाग युरोपेली सहरका प्रसिद्ध स्थलजस्तै गरी डिजाइन गरिएको छ। सबै परिसरलाई अलग-अलग टाउन्समा परिवर्तन गरिएको छ, जहाँ कर्मचारीहरू काम गर्छन्। उक्त परिसर लगभग ९ वर्ग किलोमिटरमा फैलिएको छ, जहाँ लगभग २५ हजार कर्मचारीले काम गर्नेछन्।

दक्षिण चीनको डोगुआनस्थित उक्त परिसरका घरहरू युरोपका विभिन्न हिस्साको वास्तुकलामा आधारित छन्। उक्त इलाका सेन्जेन प्रान्तको उत्तरमा छ जहाँ हुवावेको वर्तमान मुख्यालयसमेत छ।

उक्त परिसरमा स्पेनको दक्षिण भेगको प्रसिद्ध सहर ग्रेनेडा पनि छ। अन्य टाउन्समा फ्रान्सको पेरिस, इटालीको भेरोना तथा बेल्जियमको ब्रग्स छन्। कुल १२ टाउन्स मध्ये ८ वटा टाउनको निर्माण भैसकेको छ। अहिले उक्त परिसरमा १७ हजार कर्मचारी काम गरिरहेका छन्। कम्पनीको सेन्जेन मुख्यालयमा ५० हजारभन्दा बढी कर्मचारी छन्।

झट्ट हेर्दा कुनै पार्क जस्तो देखिए पनि यो वास्तवमा विश्वको सबैभन्दा ठूलो टेक्नोलोजी कम्पनी हुवावेको रिसर्च सेन्टर हो। युरोपीय शैलीको यो परिसरको परिकल्पना हुवावेका खर्बपति संस्थापक रेन झेंघफेईले गरेका थिए। परिसर तयार गर्न १ दशमलव २ बिलियन पाउन्ड खर्च हुनेछ। आगामी दिनमा यहाँ बन्ने ३० हजार फ्ल्याटमा बस्न आवेदन दिन सकिनेछ जहाँ युरोपमा पाइने हरेक सुविधा उपलब्ध हुनेछन्।

प्रत्येक टाउनमा लगभग २ हजार मानिस बस्न सक्नेछन्। परिसरको निर्माण पूरा भैसकेपछि त्यहाँ लगभग २४ देखि २५ हजार मानिस बस्न सक्छन्। परिसरमा एक ठाउँबाट अर्को ठाउँमा जान स्वीजरल्यान्डमा जस्तै ट्राम प्रयोग गरिनेछ। त्यहाँ भएका सबै १२ टाउन्सलाई ट्रामसँग जोडिनेछ। रातो रङको उक्त ट्राम स्वीजरल्यान्डबाट आयात गरिएको हो।

## वानप्लस-७ प्रो नेपाली बजारमा




वान प्लसले आफ्नो नवीनतम संस्करण वानप्लस-७ प्रो नेपाली बजारमा उपलब्ध गराएको छ। प्रत्येक पलहरू खिच्न यसमा ट्रिपल क्यामेरा उपलब्ध छ, जसले क्यामेराको परिभाषा नै परिवर्तन गर्ने कम्पनीको दाबी छ।

यसमा ४८ एमपी रियर क्यामेरा, १ सय १७ अल्ट्रा वाइड एंगल लेन्स तथा तीन गुणा अप्टिकल जुम एवं नाइट स्केप २.० प्रविधि जडान गरिएको छ जसमार्फत स्मार्ट दृश्य पहिचान गरेर सुन्दर तस्बिर खिच्न सकिन्छ। यसको बिल्कुलै नयाँ स्क्रिन तथा एकनासको डिस्प्ले, क्युएचडी तथा फ्लुइड एमोलेड रिजोलुसन ए ९० हर्ज रिफ्रेस रेट भएको यो स्मार्टफोनले साँच्चिकै सिनेमाको अनुभव प्रदान गर्ने बताइएको छ। यसको कर्भ एज-टु-एज डिजाइन अझ आकर्षक देखिन्छ। वानप्लस- ७ प्रोमा भएको ६ दशमलव ६७ इन्च ५ सय ५१ पीपीआई फ्लुइड एमोलेड डिस्प्ले अहिलेसम्म कै सबैभन्दा एड्भान्स स्क्रिन भएको कम्पनीको दावी छ।

यसमा भएको स्क्रिन अनलक टेक्नोलोजी प्रयोग गरी शून्य दशमलव २१ सेकेन्डमै फोन अनलक गर्न सकिन्छ। त्यसैगरी ४ हजार एमएएच ब्याट्रीका कारण यो फोनको ब्याट्री लामो समयसम्म टिक्छ र यसलाई २० मिनेटमै चार्ज गर्न सकिन्छ। लिक्विड कुलिङ प्रणालीका कारण यो फोन छिट्टै तात्तिन पाउँदैन। यसमा १२ जीबी र्‍याम, क्वालकम स्न्यापड्रयागन ८ सय ५५ मोबाइल प्लेटफर्म तथा २ सय ५६ जीबीसम्मको स्टोरेज क्षमता छ। यो स्मार्टफोन ६ जीबी, ८ जीबी तथा १२ जीबी र्‍याममा उपलब्ध छ जसको मूल्य क्रमशः ८९ हजार ९ सय, ९९ हजार ९ सय तथा १ लाख ९ हजार रुपैयाँ भएको बताइएको छ।

केवल एक प्रश्न

# सहकर्मी कलाकारहरूको सिर्जना कत्तिको हेर्नु-सुन्नुहुन्छ ?



सबै हेर्छु, साथै सेयर गरेर सहयोग पनि गर्छु । हामी सबैले आ-आफ्नो तरिकाले सबैलाई सहयोग गर्नुपर्छ ।

**अनिता चलाउने, गायिका**

प्रायः साथीहरूको सिर्जना हेर्ने-सुन्ने काम गर्दै आएको छु ।

**प्रल्हाद सुवेदी, गीतकार**

एकदमै सुन्छु-हेर्छु । किनभने म नेपाली कला-संगीतलाई प्रेम गर्छु । नेपाली चलचित्र धेरै हेर्छु । केही समय अघि मात्र ए मेरो हजुर-३ हेरें । जात्रै जात्रा हेर्न मन छ, समयका कारण भ्याएकी छैन, चाँडै हेर्नेछु । क्रिटिक पढ्छु त्यसबाट पनि धेरै कुरा थाहा पाउँछु । सिर्जना हेर्छु र तुलना गर्छु हिजोको तुलनामा धेरै विकास पनि भएको छ र खुशी लाग्छ ।

**कोमल वली, राष्ट्रिय सभा सदस्य तथा गायिका**

म प्रायः सबै सिर्जना हेर्ने-सुन्ने गर्छु । हरेक सिर्जनाबाट केही न केही ज्ञान पाइन्छ । यो हाम्रा लागि एकप्रकारको स्कुल नै हो ।

**निर्मल शर्मा, हास्य अभिनेता**

धेरै सुन्छु-हेर्छु । एउटा राम्रो कलाकार बन्न पहिले राम्रो श्रोता तथा दर्शक बन्नुपर्छ । आफ्नो कौशल बढाउन पनि अध्ययनका रूपमा राम्रो सिर्जना धेरैभन्दा धेरै हेर्ने-सुन्ने काम गर्नुपर्छ भन्ने मेरो बुझाइ छ ।

**महेश काफ्ले, गायक**

आफ्नो सर्कलका साथीहरूको सिर्जना हेर्न-सुन्न सकेसम्म छुटाउँदिन ।

**जेविका कार्की, अभिनेत्री**

आफ्नोभन्दा बढी सुन्छु । फरक-फरक सहकर्मीहरूसँग भएका फरक-फरक ज्ञान र अनुभवबाट केही न केही लिन्छु अनि आफ्ना सिर्जनाहरूमा निखार ल्याउँछु । साथै सकेसम्म उनीहरूको भन्दा फरक गर्ने कोसिस गर्छु ।

**लक्ष्मण शेष, संगीतकार**

एकदमै हेर्छु अनि सुन्छु । सकेसम्म रिलिज भएकै दिन हेर्छु जसले गर्दा कस्तो खालको गीत बजारमा आएको छ जानकारी लिन सहज हुन्छ ।

**प्रशन्ना पान्डे, गायिका**

अहिले हामी जता भए पनि इन्टरनेटको माध्यमबाट हरेक कुराबाट सहजै अपडेट भैरहेका हुन्छौं । त्यसकै माध्यमबाट मैले पनि आफ्ना सहकर्मी हुन् वा अन्य विधाका नयाँ-नयाँ सिर्जनाहरू हेर्न अनि सुन्न पाएकी छु ।

**रजनी केसी, अभिनेत्री**

म सबैको सिर्जना हेर्छु अनि सुन्छु । यसले आफूलाई थप परिपक्क बनाउन मद्दत पुऱ्याउँछ ।

**मुस्कान ढकाल, निर्देशक**

एकदमै हेर्छु अनि सुन्छु ।

**सुचित्रा श्रेष्ठ, निर्देशक**

म सहकर्मी साथीहरूको गीत धेरै नै हेर्छु-सुन्छु अनि फेसबुकमा सेयर पनि गर्छु ।

**खुमन अधिकारी, गायक**

म एकदमै अपडेट छु । सबै कलाकारको काम र सिर्जना हेरिरहेकी हुन्छु ।

**ऋचा शर्मा, अभिनेत्री**

सुन्छु, यदि नजिकको साथीको हो भने त कम्पोज कै क्रममा सुनिन्छ तर अरू नचिनेका गायकको चाहिँ बजारमा चलेको वा राम्रो प्रतिक्रिया आएको आधारमा सुनिन्छ । सबै नयाँ गीत चाहिँ सुन्दिनँ ।

**बाबु बोगटी, गायक**

सबै त हेर्न- सुन्न सकिँदैन । त्यो सम्भव पनि छैन । किनभने हरेक दिन कैयौं गीत रिलिज भैरहेका हुन्छन्, तर चर्चा गरिएका साथै चर्चामा रहेका अलि धेरै प्रचारमा आएका पोष्टर अनि सुटिङका तस्वीर हेर्दै हेरौं-हेरौं लाग्ने सिर्जना भए हेर्छु र मलाई राम्रो लागे सामाजिक सञ्जालमा सेयरसमेत गर्छु ।

**महेन्द्र गौतम, मोडल**

म आफैंले पनि फरक खालको सिर्जना खोज्ने, सुन्ने र मन पराउने भएकाले होला सहकर्मी साथीहरूको सिर्जना चासो दिएर हेर्छु-सुन्छु ।

**कृष्ण काफ्ले, गायक**

धेरै नै, किनभने सहकर्मीहरूको सिर्जनाबाट पनि धेरै कुरा सिक्ने र बुझ्ने अवसर प्राप्त हुन्छ ।

**याम क्षेत्री, गायक**

सुन्छु-हेर्छु, अनि राम्रो कामको प्रशंसा समेत गर्छु । उहाँहरूको सिर्जनाका सम्बन्धमा आफ्नो दृष्टिकोण पनि स्पष्ट रूपमा राख्छु ।

**कृष्ण मल्ल, कलाकार**

म साहित्य कला र संगीत तीनै कुराको पारखी हुँ । विशेष गरी अहिले कलाकारितामा सक्रिय भए पनि सुरुवातका दिनहरूमा म कविता-कथा आदि लेख्थे । अहिले समकालीन साथीहरू व्यवसायिक गीतकार-लेखकका रूपमा स्थापित भैसकेका छन् र म साथीभाइ तथा सहकर्मीहरूको सिर्जना एकदमै नियालेर हेर्छु साथै तुरुन्त प्रतिक्रिया पनि दिन्छु ।

**घनश्याम गौतम, हास्यकलाकार**

समय मिल्दा हेर्ने-सुन्ने काम गर्छु ।

**साम्तेन भुटिया, निर्देशक**

धेरै कम तर यसको कारण पनि छ ।

**राज सिग्देल, गायक**

अग्रज-अनुज सबैको सिर्जना हेर्छु अनि त्यो भन्दा फरक गर्ने प्रयास गर्छु ।

**टंक तिमल्सिना, गायक**

आफूलाई मनपर्ने राम्रो गीत छ भने हेर्ने-सुन्ने मात्र होइन सेयर पनि गर्छु ।

**देवी घर्ती, गायिका**



तस्विर : नवराज वाले

## करिश्माका ताजा फेसबुक स्टाटस

- साधन होइन, स्रोत बनुँ जस्तो लाग्छ । कलाकार राष्ट्रको अंग हो गहना होइन ।
- कसैले कसैलाई आफ्नो भक्ति गरेबापत शक्ति दिएपछिको परिणाम यस्तो हुन्छ । महादेवको तपस्या गरेबापत पाएको शक्तिले भष्मासुरले महादेवलाई नै लखेटेर भष्म गर्न खोजेको थियो रे । यो त मिथ ? वा हाम्रो विश्वास तर नियम र नियन्त्रणमा सबै समयन्त्र हुनुपर्छ ।
- (यो भनाइ विशेष गरी हाम्रो संस्कृतिलाई नाच, गान र चुनाव प्रचारको सामग्री मात्र हो भनेर सोंच्नेहरूका लागि) - संस्कृति मानिसको सामूहिक जीवन शैली हो । संस्कृतिले कुनै राष्ट्र, जाति वा समुदायको सामाजिक जीवन, आर्थिक व्यवस्था, राजनीति, चालचलन, खानपिन, पहिरन, चिन्तन आदि अनेकन कुरालाई जनाउँछ । भाषा, साहित्य, धर्म, कला, दर्शन, चाडपर्व, परम्परा आदिको समष्टि नाम नै संस्कृति हो । संस्कृतिले कुनै राष्ट्र, जाति वा समुदायका मानिसका खाने तरिका, बोल्ने तरिका, सोंच्ने तरिका, बस्ने तरिका, हिंड्ने तरिका आदिलाई समेत जनाउँछ । संस्कृति कुनै राष्ट्र, जाति वा समुदायलाई चिनाउने मुख्य आधार हो । संस्कृति समाज र राष्ट्रलाई एकताबद्ध गर्ने मुख्य कडी हो ।
- मनोद्वन्द्व ! आफैंलाई सन्तुलनमा राखौं ।
- कहिलेकाहीँ हामी आफूले बनाएको परिवन्दमा आफैं फस्छौं ।
- बिनाकारण दुःखी हुने कि, बिनाकारण खुसी हुने निर्णय आफ्नै हातमा छ ।
- यो त छोराछोरी कुटेर छिमेकी तर्साउने तरिका भयो । जनताका निम्ति लड्ने लडाइँमा जनतालाई मार्ने र त्रसित बनाउने कस्तो लडाइँ हो ? सक्छौं भने सत्ताधारिको चिउँडो मुनि घण्टी बजाउ । यस्तो असन्तुष्ट पक्षहरूको समस्या वार्ताद्वारा टुंगो लगाएर तुरुन्त सुरक्षाको प्रत्याभूति देऊ सरकार ।
- राजनीति रहरले गरिने होइन, यो हाम्रो जीवनको हरेक पक्षसँग जोडिएको छ । कोही प्रत्यक्ष आबद्ध हुन्छन्, कोही अप्रत्यक्ष फरक यति मात्र हो, अनि मैले पार्टी छोड्ने निर्णय लिएकी हुँ, राजनीति होइन ।
- आत्मसम्मान मानिसको अमूल्य खजाना हो ।
- नाटकहरू रङ्गमञ्चमा हुन्थे अब त यत्र, तत्र, सर्वत्र हुन थालेछन् ।
- आत्मविश्वासी हुनु भनेको, म बाट सधैं सहि र उत्कृष्ट कार्य हुन्छ भन्ने सोचाइ मात्र होइन आत्मविश्वासी हुनु भनेको, म बाट गल्ती हुनसक्छ कि भनेर नडराउनु पनि हो ।
- पहिले-पहिले एउटा भनाइ थियो , सफल व्यक्तिको ७० प्रतिशत शुभेच्छुक मित्र भए पनि ३० प्रतिशत शत्रुभाव राख्नेहरू हुन जरुरी छ । अहिले सामाजिक सन्जालले गर्दा त्यसको ठीक विपरीत परिस्थिति सिर्जना भएको छ, अब ३० प्रतिशत शुभेच्छुक तथा ७० प्रतिशत शत्रुभाव राख्ने नभए सोच्नुस् तपाई सफल र चर्चाको विषय होइन । शुभेच्छुकका लाइक त सेकेन्डमा पाइन्छ, तर बैरभाव राख्नेहरूले मिनेटौं लगाएर तपाईंलाई दुःखी र अपमानित बनाउने शब्दहरूको चयनमा आफ्नो अमूल्य समय खर्चिन्छन् किनभने तिनीहरू त्यो छैनन् जे आजको दिनमा तपाई हुनुहुन्छ । यदि तपाईंलाई ७० प्रतिशत नकारात्मक कमेन्ट आउँछ भने सोच्नुहोस् तपाई सही बाटोमा हुनुहुन्छ ।

टर्निङ प्वाइन्ट

# यो जुनीदेखि किन मायामा सम्म...



कृष्ण भट्टराई

गायक उदेश श्रेष्ठ २०५४ सालमा उदयपुरको कटारीस्थित त्रिवेणी माबिबाट एसएलसी दिएर काठमाडौं आउनुको पहिलो उद्देश्य कुशल सँगीतकर्मी (गायक) बन्नु थियो। हल्का-फुल्का गिटार बजाउन जान्ने उदेशले काठमाडौं आएदेखि नै सांगीतिक क्षेत्रका व्यक्तिहरूसँग उठबस बढाए। दुई वर्षपछि आफ्नै पहलमा आरोह सँगीत विद्यालय सञ्चालनमा ल्याए, जहाँ ईश्वर अमात्य, मनोजराज आदिले सँगीत सिकाउँथे। आफ्नै सँगीत विद्यालय भए पनि उनले सँगीतको औपचारिक प्रशिक्षण लिन थाले। लगत्तै ध्रुवतारा पोखरेलले उनलाई एउटा गीतको शब्द उपलब्ध गराएर सँगीत भर्न आग्रह गरे। गायक श्रेष्ठले आफ्नै सँगीत तथा स्वरमा लोक पप शैलीको 'घोराही बजारमा, साइँली तिमी फसिक्यो हाम्रो नजरमा...' गीत रेकर्ड गराए। त्यही गीतबाट उनको औपचारिक सांगीतिक यात्रा प्रारम्भ भएको हो।

### यो जुनीमा...

पहिलो गीत रेकर्ड गरेपछि गायक श्रेष्ठले एकपछि अर्को गर्दै विभिन्न गीत रेकर्ड गराउन थाले। थुप्रै गीत रेकर्ड भए पनि उनलाई दर्शक तथा श्रोतामाझ चिनाउने गीत तयार भैरहेको थिएन। २०५९ सालमा रेकर्ड भएको एउटा गीतले भने उनको सांगीतिक करियरलाई नयाँ गति प्रदान गर्‍यो। 'यो जुनीमा तिम्रो हुन सकिनँ...' शीर्षकको पप गीत सार्वजनिक भएपछि गायक श्रेष्ठले पछाडि फर्किएर हेर्नु परेन। यो गीतमा गायक तथा सँगीतकार श्रेष्ठले अरेबियन मेलोडी प्रयोग गरेका थिए, जसलाई उनले हाइस्केलमा गाएका थिए। रेडियो तथा टेलिभिजनबाट अत्यधिक प्रसारण भएपछि उक्त गीत केही दिनमै लोकप्रिय भयो। यही गीतबाट गायक श्रेष्ठ तथा गीतकार भूगोल दाहालले २०६१ सालको हिट्स एफएम एवार्ड जिते।

### किन मायामा...

यो जुनीमा...लोकप्रिय भएलगत्तै गायक श्रेष्ठले पहिलो गीति एल्बम 'लभ एरिया' सार्वजनिक गरे। हाई स्केलको यो जुनीमा.. ले उनलाई एउटा उचाइ प्रदान गरिसकेको थियो, लगत्तै उनले दोस्रो हाई स्केलको सेन्टिमेन्टल गीत तयार पारे- 'किन मायामा यति धेरै चोट हुन्छ...।' उक्त गीतमा शब्द तथा सँगीत पनि गायक श्रेष्ठकै छ। लगातार दुईवटा लोकप्रिय भएपछि गायक श्रेष्ठको व्यस्तता ह्वात्तै बढ्यो। स्वदेशका प्रायः सबै कन्सर्टबाट उनको माग हुन थाल्यो। त्यही बेला उनी सांगीतिक कार्यक्रमका लागि पहिलो पटक हङकङसमेत पुगे। लभ एरिया एल्बमको बिक्री नै यति बढ्यो कि कम्पनीलाई एल्बम तयार गर्न भ्याइ-नभ्याइ भएको थियो।

### आँसुको थोपा...

२०६१ सालमा पहिलो एल्बम लभ एरिया सार्वजनिक गरेपछि गायक श्रेष्ठले २०६३ सालमा दोस्रो एकल एल्बम रहस्य सार्वजनिक गरे। उक्त एल्बमका अधिकांश गीत श्रोताहरूले मन पराए। तीमध्ये तिम्रै लागि आज म धेरै रोएँ, अब नाटक बन्द गर जस्ता गीतका कारण उनी सांगीतिक कार्यक्रममा सक्रिय भैरहे। गायकका रूपमा श्रेष्ठले सांगीतिक उचाइ प्राप्त गरे पनि डिजिटल बजारको थालनीसँगै पाइरेसीको मात्रा बढ्न थालेपछि सँगीत कम्पनीहरू बन्द हुन थाले भने गीति एल्बमको प्रकाशन पनि कम हुन थाल्यो। लगत्तै गायक श्रेष्ठले संगीता प्रधान रानासँग संगीतको प्रशिक्षण लिन थाले। त्यही क्रममा उनले तेस्रो एल्बम 'स्टिल अलाइभ' सार्वजनिक गरे, जसमा समावेश 'आँसुको थोपा...' गीत अत्यन्त रुचाइयो। उक्त गीतले गायक श्रेष्ठलाई इमेज एवार्डको सर्वोत्कृष्ट पप गायकको एवार्ड समेत जितायो।

### ब्रान्ड एम्बेसडर

२०७२ सालको भूकम्पपछि गायक श्रेष्ठ सामाजिक कार्यमा समेत सक्रिय भए। भूकम्प प्रभावितहरूलाई राहत वितरणमा अग्रसरता देखाएका श्रेष्ठले बाढीपहिरो पीडितको सहयोगका लागि अनेकौं कन्सर्ट गरे। उनलाई अस्ट्रेलियाको गैर नाफामूलक संस्था यस ह्यूम्यानिटीले औपचारिक रूपमा ब्रान्ड एम्बेसडर नै नियुक्त गर्‍यो। ब्रान्ड एम्बेसडर भएलगत्तै उनले सहरदेखि गाउँसम्म पुगेर विभिन्न सांगीतिक कार्यक्रममार्फत सहयोग रकम संकलन गरेर पीडितहरूसम्म पुर्‍याए। त्यही क्रममा उनी अस्ट्रेलियासम्म पुगे, जहाँ उनले आफ्नो चौथो एकल एल्बम 'भेरिएसन' सार्वजनिक गरे। हिन्दी गीतमा समेत उत्तिकै दखल भएका गायक श्रेष्ठ यतिबेला सांगीतिक कार्यक्रमहरूमा व्यस्त छन् भने निकट भविष्यमै आफ्नो पाँचौं एल्बम 'उद्देश्य' मार्फत श्रोताहरूमाझ आउने तयारी गरिरहेका छन्। उदेशले सांगीतिक सफलता पाउनुको पछाडि परिवारको ठूलो साथ र सहयोग रहेको बताएका छन्।

## दीपकको फड्को




मन मगन...गीत लोकप्रिय भएपछि गायक दीपक बज्राचार्य अत्यधिक व्यस्त भएका छन्। स्वदेशदेखि विदेशसम्मका कन्सर्टबाट उनलाई निम्तोहरू आइरहेकै छन् र उनी त्यसमा सहभागी पनि भैरहेकै छन्। परम्परागत बाजाहरू सम्मिश्रण गरेर नेपाली पप गीतलाई नयाँ उचाइ दिन सफल गायक बज्राचार्यको सफलताको यात्रा जारी छ। पप गायनमा लोकप्रिय भैरहेकै बेला उनलाई अहिले नेपाली चलचित्रले पनि सम्झिएको छ। गायक बज्राचार्य आफ्नो बिल्कुलै नयाँ सिर्जनामार्फत चलचित्र मारुनीमा सुनिएका छन्। दीपककै स्वर तथा संगीतको जाम न माया जाम.. गीतको भिडियो यसै साता सार्वजनिक भएको छ। गीतमा उनी कर्णप्रिय लाग्छन्। गीत सार्वजनिक समारोहमा दीपकले चलचित्रको उक्त गीतका लागि अझ बढी मेहनत गरेको बताए। भविष्यमा उनी अन्य नेपाली चलचित्रमा सुनिए भने अचम्म नमाने हुन्छ।

## कन्सर्टकै लागि

नेपाली रक गायक युगेश लिम्बु विदेश पुगेर पनि नेपाली गीत-संगीतलाई नै प्रवर्द्धन गरिरहेका छन् भने प्रत्येक वर्ष स्वदेश आएर झन्डै एक महिना मोफलसको सांगीतिक यात्रा गरिरहेका छन्। अमेरिकाको न्युयोर्कमा रहेर संगीतकर्ममा रमाइरहेका यी संगीतकर्मी अहिले नेपालमा छन्। यो अवधिमा उनले गल्ती तथा भुलाइदियौ शीर्षकका गीतको म्युजिक भिडियो सार्वजनिक गरे भने पूर्वदेखि पश्चिमसम्मका प्रमुख सहरहरूमा लाइभ कन्सर्टसमेत दिए। दमकबाट प्रारम्भ भएको उनको यसपटकको सांगीतिक यात्रा पूर्वका विभिन्न शहरहुँदै आज साँझ नवलपरासीस्थित लेटिनो रेस्ट्रोमा पुगेको छ। भोलि शनिबार बुटवलको बिटपोर्ट लाउञ्जमा आफ्ना गीत-संगीत प्रस्तुत गर्दैछन्। हेटौंडा, पोखरा तथा काठमाडौंका लागि पनि कन्सर्टको समय मिलाइरहेका छन्।





## टीका प्रसाईंलाई के मन पर्छ

| | |
|---|---|
| गीत- | मायालु हजार हुन्छन् (ध्रुव केसी) |
| गायक- | दीप श्रेष्ठ |
| गायिका- | तारादेवी |
| संगीतकार- | गोपाल योञ्जन |
| गीतकार- | चाँदनी शाह |
| अभिनेत्री- | गौरी मल्ल |
| अभिनेता- | राजेश हमाल |
| एल्बम- | आरोह (रामकृष्ण ढकाल) |
| चलचित्र- | दक्षिणा |
| चलचित्रको गीत- | सपना भै आँखामा आउने |
| भिडियो निर्देशक- | स्व.आलोक नेम्बाङ |
| संगीत संयोजक- | फणिन्द्र राई |
| आफ्नै गीत- | एउटा कुरा सोधौं |

बलिउड






## श्रद्धा कपुर नयाँ भूमिका

चलचित्रको संख्यामा भन्दा आफ्नो भूमिकामा केन्द्रित रहँदै आएकी श्रद्धा कपुर यतिबेला आफ्नो नयाँ चलचित्रका कारण चर्चामा छिन् । सन् २०१४ मा प्रदर्शित कोरियन ड्रामा 'मिस ग्रेनी' को हिन्दी रिमेकमा श्रद्धाले ७४ वर्षकी महिलाको भूमिका निर्वाह गर्ने भएकी छिन् । चलचित्रको कथाअनुसार एक ७४ वर्षीया वृद्धा एउटा फोटो स्टुडियोमा तस्बिर खिचाउने क्रममा कसरी २० वर्षीया युवतीमा परिणत हुन्छिन् भन्ने कुरा रहस्यमय ढंगले देखाइनेछ । यो भूमिका निकै चुनौतीपूर्ण भएको श्रद्धाले बताएकी छिन् ।

## अनन्याको चक्कर

स्टुडेन्ट अफ द इयर-२ बाट बलिउडमा पदार्पण गरेकी चंकी पाण्डेकी छोरी अनन्या पाण्डे चलचित्रमा आउनु अघिदेखि नै चर्चामा छाइरहन्थिन् । यतिबेला अनन्या आफ्नो लभलाइफका कारण चर्चामा छिन् । मिडियाले अनन्या कार्तिक आर्यनसँग डेटमा रमाइरहेको खबर सार्वजनिक गरिरहेका बेला अनन्याले भने आफू अरुको कसैको चक्करमा रहेको खुलासा गरेकी छिन् । अनन्याले कार्तिक आर्यन आफ्नो असल साथी मात्र भएको र आफू बरुण धवनको दीवानी भएको बताएकी छिन् । अनन्याले बरुणको प्रस्ताव आए आफू उनकी प्रेमिका बन्न तयार रहेको उद्घोष समेत गरेकी छिन् ।





## आलिया-रणवीरको आस्था

चलचित्र ब्रह्मास्त्रमा देखिन लागेका रियल लाइफ जोडी आलिया भट्ट र रणवीर कपुर यतिबेला धर्म नगरी बनारसमा छायाँकनमा व्यस्त छन् । यसै क्रममा उनीहरूले बनारसको प्रसिद्ध विश्वनाथ मन्दिरको दर्शन गरेका छन् । उनीहरूको यो आस्थालाई यतिबेला भारतीय मिडियाले सुखी र सफल जीवनका लागि ईश्वरको चरणमा पुगेको अर्थ लगाएको छ । उता आलिया-रणवीरले आफ्नो धर्मप्रतिको आस्थालाई अन्यथा लिन नहुने टिप्पणी गरेका छन् ।

## प्रियंकाको साडी

अमेरिकी गायक निक जोनाससँग विवाह गरेर उतै रमाइरहेकी बलिउड अभिनेत्री प्रियंका चोपडा यतिबेला आफ्नो गलत भिडियोका कारण चर्चामा छिन् । उक्त भिडियोमा प्रियंकाले अमेरिकी युवतीहरूलाई साडी लगाउन सिकाउने क्रममा गरेको एउटा नृत्य देखाइएको छ । ब्लाउज नलगाई साडी मात्र लगाएर पिठ्युँ देखाउँदै गरिएको उक्त नृत्य कामुक हुने चक्करमा अश्लिल हुन पुगेको बताइदै आएको छ । यो भिडियो सार्वजनिक भएपछि भारतीय संस्कारका पक्षधरहरूले प्रियंकाको व्यापक आलोचना गरिरहेका छन् ।

# प्रितम र आयुषले रचे इतिहास




कृष्ण भट्टराई/अनिल श्रेष्ठ

जी टिभीबाट प्रसारित गायनमा आधारित रियालिटी शो 'सारेगमप लिटिल चाम्स-ध२०१९' मा नेपालका दुई बालप्रतिभा प्रितम आचार्य तथा आयुष केसीले तेस्रो तथा चौथो स्थान हासिल गर्न सफल भए। गत आइतबार सम्पन्न प्रतियोगिताको ग्रान्ड फिनालेमा अन्य चार प्रतिस्पर्धीसहित प्रितम र आयुषले उत्कृष्ट प्रस्तुति दिँदै सेकेन्ड तथा थर्ड रनर्सअपको उपाधि जितेका हुन्।

सारेगमपमा सुगन्धा दाँते विजयी भइन्। प्रतियोगिताको टप सिक्समा आयुष, प्रितम सुगन्धासहित आस्था दास, अनुष्का पात्रा तथा मोहम्मद फैज पुग्न सफल भएका थिए। करिब ६ महिनाअघि प्रारम्भ भएको प्रतियोगितामा सँगीतकार अमाल मलिक, गायक शान तथा गायिका ऋचा शर्मा निर्णायक थिए।

यसबीच, प्रतियोगितामा उत्कृष्टता हासिल गर्दै प्रितम र आयुष गत सोमबार स्वदेश फर्किएका छन्। इटहरीका प्रितम पश्चिम बंगालको बागडोगरा विमानस्थलमा ओर्लिएर पूर्वी नाका काँकडभिट्टा हुँदै इटहरी आएका छन् भने आयुष विमानमार्फत काठमाडौं अवतरण गरेका हुन्। नेपाल प्रवेश गरेका दुवै बालप्रतिभाको भव्य स्वागत गरिएको छ। प्रितमलाई उनी अध्ययनरत विद्यालयले काँकडभिट्टामै स्वागत गरेको थियो भने आयुषलाई त्रिभुवन विमानस्थलमा बाजा बजाएर स्वागत गरिएको थियो। प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गरेर स्वदेश फर्किएका प्रितम र आयुषले साप्ताहिकमार्फत आफ्नो धारणा यसरी सार्वजनिक गरेका छन्।

## देशको नाम राख्न सकेकोमा खुसी छु

**'सारेगमप लिटिल चाम्स'मा भाग लिन कसरी भारत पुग्नुभयो ?**

गुरु अमृत क्षेत्रीले सारेगमपको अडिसन खुलेको छ, तिमीहरूको गायन राम्रो भएकाले भाग लिनुपर्छ भन्नुभयो। लगत्तै हामी तयारीमा लाग्यौं। छनौट चरणका लागि हामीले गाएको गीतको एक-एक प्रति सिडी पठाएका थियौं। आयुष केसी र मसहित नेपालबाट १० जनाले उक्त प्रतियोगितामा भाग लियौं। अरू छनौट चरणबाट बाहिरिए पनि म र आयुष ग्रान्ड फिनालेसम्म पुग्न सफल भयौं।

**सारेगमप लिटिल चाम्समा तेस्रो भएपछि सबैभन्दा पहिले के सम्झनुभयो ?**

मेरो नाम मन्चबाट घोषणा हुँदा खुसीको सीमा नै रहेन। खुसीले हर्षका आँखु झरे। मेरो कडा मेहनत अनि सबैले साथ, सहयोग र हौसला दिएका कारण यो सफलता मिलेको अभास भयो।

**अहिले कस्तो अनुभव भैरहेको छ ?**


सबैले मप्रति माया एवं सहानुभूति देखाइरहनुभएको छ, धेरै खुसी लागिरहेको छ। मलाई काँकडभिट्टादेखि गृहनगर इटहरीसम्मै ठूलो स्वागत-सम्मान गरियो। सबै सामुदायले मप्रति देखाउनुभएको यो सद्भावबाट म निकै खुसी छु। यस्तो हौसलाले ममा थप अघि बढ्न ऊर्जा पैदा गरेको छ। मंगलबार मात्र मलाई इटहरी उपमहानगरपालिकाले 'बालगायक सद्भाव दूत' नियुक्त गरेको छ। आफूमा जिम्मेवारी बढेको महसुस भैरहेको छ।

**यो जितको श्रेय कसलाई दिनुहुन्छ ?**

मेरो मेहनत र सबैको साथका कारण यो सफलता हात परेको हो। म र मेरो साथी आयुष केसीले नेपालको नाम राख्न सक्यौं। आउँदा दिनमा पनि यसरी नै माया गरिदिनुहोला। मलाई यो ठाउँमा पुऱ्याउन मेरा संगीत गुरु राजु केसी, मेरा अभिभावक तथा मलाई संगीतमा अघि बढाउन सपोर्ट गर्नुहुने सबैलाई यो सफलताको श्रेय जान्छ।

**ग्रान्ड फिनालेमा आफ्नो प्रस्तुति दिनुअघि कस्तो महसुस भैरहेको थियो ?**

ग्रान्ड फिनालेमा पुग्दा म खुसी पनि थिएँ र हल्का डरसमेत लागिरहेको थियो। खुसी यस मानेमा थिएँ कि ग्रान्ड फिनालेमा दमदार प्रस्तुति दिने मेरो लक्ष्य थियो। त्यो पूरा भयो। सारेगमपामा यो नै मेरो लास्ट प्रस्तुति हो भनेर मैले धेरै मेहनत गरेको थिएँ। त्यही अनुसार तयारीमा लागेँ। मैले सोचेअनुसारको पर्फमेन्स पनि देखाएँ। सबैले मेरो प्रस्तुति रुचाइदिनुभयो।



● प्रितम आचार्य

**सारेगमपमा सबैभन्दा बढी कुन गीत गाउनुभयो ?**

थुप्रै गीत गाएँ, भारतमा रहँदा म जतिबेला पनि अभ्यास गरिरहेको हुन्थेँ। म धेरै मेहनत गर्ने भएकाले गीतहरू गुनगुनाइरहेको हुन्थेँ। सेमिफाइनलमा गायक के केको 'तडप तडप के र फाइनलमा मोहम्मद रफीको 'एन इवनिंग इन पेरिस.. प्रस्तुत गरें, जुन गीतले मलाई तेस्रो स्थानमा पुऱ्यायो।

**अडिसनदेखि नै तपाईंको गीतले जजहरूलाई प्रभावित तुल्याइरहेको थियो। गीत गाउँदा यस्तो जादु कसरी चल्थ्यो ?**

मैले धेरै नै कडा मेहनत गरेको थिएँ। म अझै अघि बढ्नु छ भन्ने विचार राखेर अगाडि बढ्थेँ। म दिनरात अभ्यासमै तल्लीन हुन्थेँ। कुन स्टाइलले गाउँदा निर्णायकलाई मन्त्रमुग्ध तुल्याउन सकिन्छ भन्ने सोचविचार गरेर लयबद्ध तरिकाले गाउथेँ। त्यही भएर पनि मेरो गाउने शैली निर्णायकहरूले मन पराउनुभएको होला।

**तपाईंको गीत गाउँदै नाच्ने शैली पनि निकै रोचक थियो। यस्तो शैली कसरी अपनाउनुभयो ?**

गीत गाउनुभन्दा पहिले म उक्त गीतको भिडियो हेरेर अभ्यास गर्थें। कलाकारहरूले भिडियोमा कस्तो अभिनय गरेका छन्, म त्यो ध्यानपूर्वक हेर्थें। त्यसलाई मैले गम्भीर रूपमा हेरेर पटक-पटक अभ्यास गर्ने प्रयत्न गरेको छु। गीतको अभ्यास भएपछि त्यही भिडियोका आधारमा गीत गाउँदै नाच्छु। म स्टेज आफ्नो कब्जामा पार्ने प्रयत्न गर्दै सबैको ध्यान आफूमा केन्द्रित गर्न लागिपरेको हुन्छु।

**सारेगमपमा बिर्सन नसक्ने क्षण कुन थियो ?**

मैले गाउँदा दुई पटक 'पर्फमेन्स अफ द विक' पाएँ। उक्त एवार्ड पाउँदा म निकै खुसी थिएँ। त्यतिबेला मैले 'पर्फमेन्स अफ द विक' पाउँदा मेरा अन्य साथीहरू पनि खुसी थिएँ। त्यो क्षण अझै पनि मेरो मन-मस्तिष्कमा छ। त्यो क्षण म जहिले पनि मिस गर्छु।

पृष्ठ १३ मा जारी....

## खुसीको आँसु झर्‍यो

**चार महिनासम्म छोरासँग भेट नहुँदा कस्तो लाग्यो ?**

आफूसँगै सुत्ने छोरा आफूसँग नहुँदा धेरै न्यास्रो लागेको थियो। के खायो होला ? के गर्दै होला ? यस्तै-यस्तै कुरा मनमा आउँथ्यो।

**छोरा 'सारेगमप लिटिल चाम्स'को सेकेन्ड रनर्सअप हुँदा कस्तो अनुभूति भयो ?**

ग्रान्ड फिनालेमा छोराको प्रस्तुति हेर्न म मुम्बई पुगेकी थिएँ। म पुगेपछि एकदमै खुसी भयो। म त छोराले गीत गाउन थालेदेखि नै रुन थालेकी थिएँ। रिजल्ट घोषणा हुनेबितिकै बाबु पनि रुन थाल्यो। मेरा पनि खुसीका आँसु झरे। सानो उमेरमै छोराले यस्तो प्रगति गरेको देख्दा एउटी आमाका लागि त्योभन्दा खुसी अरू के नै हुन सक्छ र ?

**प्रितमको सबैभन्दा बढी मन परेको पर्फमेन्स कुन हो ?**

सन्देशे आते है... गाउँदा मलाई छोराको धेरै याद पनि आयो र उक्त पर्फमेन्स पनि राम्रो लाग्यो। उसले गाएको त्यो गीत मैले घरमै टिभीमा हेरेको थिएँ। बाबुलाई नभेटेको पनि ३/४ महिना भएको थियो। टिभीमा उसले यस्तो सम्झना योग्य र भावुक गीत गाउँदा म छोरालाई सम्झिँदै रोएकी थिएँ। उसको त्यो गीत मैले पूरा हेर्न सकिनँ।

**प्रितम कति वर्षको उमेरदेखि संगीतमा लागेका थिए ?**



● राधिका आचार्य, आमा

प्रितमलाई सानै उमेरदेखि संगीतमा लगाव थियो। सानो छँदा टिभी वा मोवाइलमा गीत बजाएपछि मात्र रुन छोड्थ्यो। जस्तोसुकै मीठो खानेकुरा दियो भने पनि रुन छोड्दैनथ्यो, तर गीत बजाए तत्काल रुन छोड्थ्यो। म भजन गाउँथें। ऊ पनि स्कुलमा भजन गाउँथ्यो। सरहरूले पनि यो मान्छेमा प्रतिभा छ, संगीत सिकाउनुपर्छ भन्ने सल्लाह दिनुभयो। प्रितम पाँच वर्षको उमेरदेखि नै संगीतमा लागेको हो। संगीतको प्रशिक्षण लिएपछि उसले 'सुरशाला आइड' मा पनि भाग लियो। काठमाडौंमा भएको सुरशाला आइडलमा ऊ फस्ट रनर्सअप भएको थियो।

**प्रितमको अबको यात्रा कसरी अघि बढ्छ ?**

संगीत र पढाइ दुवैलाई अघि बढाउनेछ।

# निर्णायकको प्रसंसाले उत्साहित भएँ


तस्बिर : प्रशान्त ढकाल

● आयुष केसी, थर्ड रनर्स अप

**६ महिनापछि नेपाल आउँदा कस्तो लागिरहेको छ ?**

मलाई त वर्षौंपछि आफ्नो देश फर्किए जस्तो लागिरहेको छ। कस्तो रमाइलो भैरहेको छ, खुसी छु।

**मुम्बईको ६ महिने बसाइ कस्तो रह्यो ?**

एकदमै राम्रो रह्यो। मैले सँगीतमा धेरै भन्दा धेरै कुरा सिक्ने मौका पाएँ। मेहनत पनि उत्तिकै गर्नुपर्‍यो। बिहान ९ बजेदेखि राति ३ बजेसम्म पनि हामी सँगीत नै सिकिरहेका हुन्थ्यौं। रिहर्सल गरिरहेका हुन्थ्यौं, त्यही मेहनतले आज सकारात्मक परिणाम दिएको छ। लाखौंले भाग लिएको प्रतियोगितामा चौथो स्थानमा आउन सफल भएको छु। त्यसैले देशको नाम राख्न सफल भएको छु जस्तो लागेको छ।

**सारेगमप लिटिल च्याम्सको समग्र अनुभव कस्तो रह्यो ?**

अत्यन्त सकारात्मक छ। संगीतमा हामीले सिक्नुपर्ने कुरा अझै धेरै रहेछ भन्ने पनि बुझ्न सकें। सारेगमप लिटिल च्याम्सको विशाल प्लेटफर्ममा उभिएर अन्तिम चरणसम्म पुग्छु भन्ने मैले कल्पना पनि गरेको थिइनँ।

**प्रतियोगिताको पहिलो चरणदेखि ग्रान्ड फिनालेसम्मको यात्रालाई छोटकरीमा भनिदिनु न ?**

नेपालबाट भिडियो क्लिप्सहरू पठाएपछि म र प्रितम आचार्यसहित १० जना दिल्ली अडिसनका लागि गएका थियौं। उक्त अडिसनबाट म र प्रितम मात्र मुम्बई अडिसनका लागि छनौट भयौं। पहिले त मुम्बईका लागि छनौट हुन सकिन्छ कि सकिदैन भन्ने कुराले डर लागेको थियो। सेलेक्ट भएर मुम्बई पुगेपछि सिल्भर मेडल, गोल्ड मेडल जित्दै हामी टप १५ मा पुग्यौं। त्यहाँसम्म पुग्नुलाई नै हामीले आफ्नो सफलता मानेका थियौं। यद्यपि मुम्बई पुगेदेखि नै म बिरामी भएँ। मेरो गला खराब भएका कारण खुलेर गाउन सकिन। औषधि खाँदै, लो स्केलमा गीत गाउँदै अघि बढिरहें। फाइनलसम्म पुग्छु भन्ने त सोचेकै थिइनँ।

**गला बसेका बेला गाउने हौसला कसरी पाउनुभयो ?**

घाँटीमा समस्या भएर गला बसेपछि गीत गाउन अप्ठ्यारो भयो। पहिलेको जस्तो रेन्जमा गाउन नसक्ने भएँ। तै पनि मसँगै भएकी मेरी ममीले मलाई हौसला दिइरहनुभयो। तिमी गाउन सक्छौं भनेर हौसाइरहनुभयो। सेमिफाइनल चरणमा गला बसेकै अवस्थामा मैले 'तुम मिले दिल खिले...' गाएको थिएँ। मेरो उक्त प्रस्तुति सिजनकै उत्कृष्ट प्रस्तुति बन्न सफल भयो। उक्त गीत मैले आँखा चिम्लिएर गाएको थिएँ। आँखा खोल्दा मेरो वरिपरि जुरी उभिनुभएको रहेछ। मलाई जुरुक्कै बोक्नुभयो। मेरो गायनको प्रशंसा गर्नुभयो। म खुसीले रोएं। मेरी ममी त अझ बढी रुनुभयो। त्यही प्रस्तुतिले मलाई फाइनलसम्म पुर्‍यायो।

**फाइनलको प्रस्तुति कस्तो रह्यो ?**

फाइनलका लागि हामीले विशेष तयारी गरेका थियौं। फाइनलमा पनि मैले तुम मिले..नै गाउनुपर्‍यो। त्यसक्रममा उक्त गीतका वास्तविक गायक कुमार सानु पनि समारोहमै हुनुहुन्थ्यो। मैले गाउन थालेपछि उहाँ पनि स्टेजमा उक्लिनुभयो। हामी दुवैले उक्त गीत गाउँदाको क्षण मेरा लागि अविस्मरणीय रह्यो। त्यो नै मेरा लागि जीत हो भन्ने सोचें। गायिका कविता कृष्णमूर्तिले त उभिएरै सम्मान प्रकट गर्नु भयो।

**टप सिक्समा आफ्नो नाम घोषणा हुँदा कस्तो लाग्यो ?**

टप सिक्सका लागि मेरो नाम सबैभन्दा अन्तिममा घोषणा गरिएको थियो। पाँच जनाको नाम घोषणा भैसकेको थियो। म सहित बाँकी चारमध्ये एक जनाले मात्र टप सिक्समा स्थान पाउने प्रावधान थियो। म डरले काँपिरहेको थिएँ। जज अमाल मल्लिकले टप सिक्समा मेरो नाम घोषणा गर्दा म अति नै खुसी भएँ। एकदमै एक्साइटेड भएँ। मेरो नाम घोषणा भए लगत्तै बाँकी फाइनलिस्टले मलाई अँगालो मार्नुभयो, बधाई दिनुभयो। त्यसपछि मैले फाइनलको तयारी थालें।

**निर्णायकहरूको प्रतिक्रिया कस्तो पाउनुभयो ?**

कार्यक्रमका तीन मुख्य निर्णायकले मलाई सधैं 'तिम्रो कोमलता (मासुमियत) तथा इनोसेन्ट (भोलापन) लाई सधैंभरी कायम राख्नु, कहिले घमन्डी नहुनु' भनिरहनुभयो। उदितनारायण झाले 'शिरमा नेपाली टोपी कहिले नछाड्न' आग्रह गर्नुभयो। सलमान खानले मेरो र उहाँको आँखा ठ्याक्कै मिलेको बताउनु भयो। कुमार सानुले 'तिमीले जुन फिलले गायौं, त्यो फिलिङमा गाउने खुबी कसैमा छैन' भनेर प्रशंसा गर्नु भयो। कविता कृष्णमूर्तिले मेरो गायनलाई भगवानको उपहार भन्नुभयो। यी सबै प्रतिक्रियाले ममा उत्साह जगाएको छ।

**अबको यात्रा कसरी अघि बढ्छ ?**

अबको मेरो यात्रा सँगीत र अध्ययनको वरिपरी नै केन्द्रित हुनेछ। यो प्रतियोगिताले गर्दा पढाइ छुटेको छ। त्यसलाई रिकभर गर्नु पर्नेछ। कक्षा ८ को फर्स्ट टर्म आइसक्यो, अब परीक्षाको तयारी गर्नुपर्नेछ। अब मेरो स्वर परिवर्तन हुने उमेर भयो। त्यसैले अब म रियाजभन्दा पनि बाद्यवादन बजाएर अभ्यास गर्नेछु। मलाई पियानो, डबली, तबला आदि बाद्ययन्त्र बजाउन सिक्नु छ।

**आफ्ना प्रशंसकहरूलाई के भन्न चाहनुहुन्छ ?**

सर्वप्रथम सुरशाला सँगीत एकेडेमी तथा मेरा गुरु अमृत क्षेत्रीलाई विशेष धन्यवाद दिन चाहन्छु। उहाँकै मेहनतले हामी त्यो प्लेटफर्म सम्म पुग्न सफल भएका हौं। सम्पूर्ण नेपाली दर्शक तथा श्रोताहरूलाई हृदयबाटै धन्यवाद। भविष्यमा पनि मलाई माया र सद्भाव दिनुहोला । ममा भएका कमी-कमजोरीहरू औंल्याइदिन आग्रह गर्छु।

## छुट्याउने कुरा ठीक लागेन


● रीता केसी, आमा

**छोरा (आयुष) को सफलताप्रति तपाईंको भनाइ के छ ?**

हामी अत्यन्त खुसी छौं। आयुषमात्र होइन प्रितमले समेत पाएको सफलताप्रति हामी आमा-बुवामात्र होइन, सम्पूर्ण नेपालले नै गौरव गरेको हुनुपर्छ।

**६ महिनाको मुम्बई बसाइमा आयुषको प्रस्तुतिलाई कसरी नियाल्नुभयो ?**

मुम्बई बसाइका क्रममा आयुषले धेरैभन्दा धेरै कुरा सिक्ने मौका पाएको छ। दिनरात संगीतको अभ्यासमा व्यस्त भएर आफुलाई निखार्ने मौका पाएको छ। सँगसँगै मुम्बई पुगेदेखि नै बिरामी भएर उसलाई केही गाह्रो समेत भएको थियो।

**तपाईंले कसरी हौसला दिनुहुन्थ्यो ?**

कति पटक घाँटि दुखेर गीत गाउन नसक्दा मसँग आएर रुन्थ्यो। मचाहिं तिमीले गाउन सक्छौं भनेर हौसला दिइरहन्थें। गला बसेका बेला पनि गीत गाउन अघि बढ्न मैले दिएको हौसलाले उसलाई निकै ठूलो साथ दिएको रहेछ।

**आयुष र प्रितम कत्तिको घुलमिल हुन्थे ?**

उनीहरू दुवै जनाले एक-अर्काको साथ कहिल्यै छाडेनन्। सधैं सँगै हुन्थे। प्रतियोगितामा पनि उनीहरू सँग-सँगै अघि बढे। नेपालमा आयुष काठमाडौंको अनि प्रितम ईटहरीको भनेर छुट्याउने काम पनि भएछ। त्यो कुराले चाहिं मलाई अति नै दुःख लागेको छ। म के चाहन्छु भने आयुष र प्रितम नेपालका अर्का मह जोडी जस्तै बनून्। पछि सम्म पनि उनीहरू जोडीकै रूपमा काम गरिरहुन्।

**आयुषले पाएको सफलताबाट सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट छु। उनीहरूले जति मेहनत गरेका थिए, त्यसको परिणाम पाएका छन्। यद्यपि, नेपालका केही युट्युब च्यानलमा गलत आशयका सामग्रीहरू नराखिएको भए उनीहरू अझ माथि पुग्ने थिए भन्ने चाहिँ लागिरहेको छ।

## देशको नाम .......

**६ महिनापछि घर आउनुभएको छ, कस्तो लागिरहेको छ ?**

लामो समयपछि घर आउन पाउँदा निकै खुसी छु। लामो समयपछि एकै पटक ममीसँग ग्रान्ड फिनालेमा भेट भयो। त्यतिबेला पनि म निकै खुसी भएँ। भारतमा हुँदा घरका थुप्रै कुराको सम्झना आउँथ्यो।

**सबैभन्दा बढी के याद आयो ?**

स्कुल पढ्ने साथीहरूदेखि यहाँको रमाइलो वातावरण अनि ममीको हातको मीठो खाना। ममीले पकाएर दिएको नेपाली परिकार मलाई धेरै मन पर्थ्यो। भारतमा त्यो पाइएन। त्यसमाथि मलाई गुन्द्रुकको हरेक परिकार मीठो लाग्छ। ममीले पकाएर दिने चिकेन तथा गुन्द्रुकको अचार धेरै मिस गर्थें।

**संगीतमा कसरी प्रवेश गर्नुभयो ?**

संगीत मेरो सानैदेखिको रुचि हो। मलाई बाबाले भन्नुभएको– 'म सानोमा रुँदा मलाई बाबा-ममीले धेरै वस्तु दिएर फकाउने प्रयत्न गर्नुहुन्थ्यो रे। तैपनि म रुन छोड्दिनथें, तर मोबाइलमा गीत बजाइदिए म तत्काल रुन छोड्थें रे।

**अध्ययन पनि चलिरहेको छ। संगीत र अध्ययनलाई कसरी एकसाथ अघि बढाउनुहुन्छ ?**

संगीतलाई म छोड्ने सक्दिनँ। संगीत मेरा लागि नशा हो। पढाइलाई निरन्तरता दिँदै समयको व्यवस्थापन गरेर संगीतलाई पनि अघि बढाउनेछु।

**फुर्सदको समय कसरी बिताउनुहुन्छ ?**

नयाँ-नयाँ गीत सुन्छु, हेर्छु र सिक्छु। त्यसका साथै टिभी अनि मुभी पनि हेर्छु।

**कस्ता चलचित्र मन पर्छन् ?**

नेपाली चलचित्र नै मन पर्छन्। त्यस्तै हिन्दी चलचित्र पनि मन पर्छन्। मलाइ कमेडी आदि सबै विधाका चलचित्र मन पर्छन्।

**अबको लक्ष्य के छ ?**

आफ्नै एल्बम निकाल्ने। मेरो यो लक्ष्य चाँडै पूरा हुनेछ। त्यसपछि पनि सांगीतिक यात्रालाई नै अघि बढाउने हो।

**आफ्ना प्रशंसक-शुभचिन्तकहरूलाई केही भन्न चाहनुहुन्छ ?**

सबैलाई धन्यवाद दिन चाहन्छु। यो स्थानसम्म ल्याइपुर्‍याउन तपाईंहरू सबैको ठूलो योगदान छ। सबैले मेरो गायन रुचाइदिनुभएको छ, माया गरिदिनुभएको छ। आगामी दिनमा यसरी नै सबैको सद्भाव, माया अनि हौसलाको अपेक्षा राखेको छु।

विकेन्ड रिसोर्ट

# होटल क्राउन हिमालयज




पोखराको लेकसाइडस्थित स्ट्रिट नम्बर-६ मा छ– होटल क्राउन हिमालयज। विगत ९ वर्षदेखि सञ्चालित यो होटलले त्यहाँ पुग्ने जो-कोहीको मन जितिरहेको छ। यहाँ डिलक्स र स्विट गरी ३८ वटा कोठा उपलब्ध छन् जसमा एक रात गुजारेको ३ हजारदेखि ५ हजार ५ सयसम्म शुल्क लाग्छ। शान्त वातावरणमा अवस्थित यो होटलको आफ्नै रेस्टुराँ पनि छ। रेस्टुराँमा पाइने परिकारको स्वादले समेत त्यहाँ पुग्नेहरूलाई लोभ्याउँछ। ७ रोपनी क्षेत्रफलमा फैलिएको यो होटलमा एउटा ठूलो आकर्षक बगैंचा छ। पर्याप्त पार्किङको सुविधाका कारण सवारी साधन लिएर होटलमा पुग्नेहरूलाई सहजता हुन्छ। यो होटलबाट हिमाल अवलोकन गर्न पाइन्छ भने होटलबाट नजिकैको दूरीमा फेवाताल छ। क्राउन हिमालयजले पोखरा घुम्न पुग्नेहरूलाई पर्यटकीय स्थलहरू अवलोकन गर्ने व्यवस्थासमेत मिलाइदिन्छ। त्यसका लागि आवश्यकताअनुसारका विभिन्न प्याकेज उपलब्ध छन्। फेवातालमा बोटिङ, हाइकिङ, बिबिक्यु, स्पा, साइड सिन, सनराइज तथा सिटी टुर, बसपार्क अथवा एयरपोर्टबाट लाने-ल्याउने व्यवस्थासमेत होटलले उपलब्ध गराउँछ।

राजाराम पौडेल

विकेन्ड बार्बी क्यु

# बियर एन्ड बार्बी क्यु



काठमाडौंस्थित पाँचतारे होटल मेरियटले आज शुक्रबार साँझ वियर एन्ड बार्बीक्यु इभेन्टको आयोजना गरेको छ। नक्सालस्थित होटलमा हुने उक्त इभेन्टमा डिप शो म्यानको संगीतसँगै बियर तथा बार्बी क्युको आनन्द उठाउन पाइनेछ। यो इभेन्ट साँझ ५ बजेदेखि राति १० बजेसम्म चल्नेछ।

विकेन्ड हाइक



# अस्ट्रेलियन क्याम्पसम्म हाइकिङ

भोलि शनिबार पोखराबाट अस्ट्रेलियन क्याम्पसम्म हाइकिङ हुने भएको छ। महिनाको एक पटक हाइकिङ सञ्चालन गर्ने उद्देश्यले स्थापित हाइकर्स क्लब नेपाल तदर्थ समितिले यो हाइकिङको आयोजना गरेको हो। पोखराको जिरो किलोमिटरमा भेला भएर त्यहाँबाट काँडेसम्म बसमा यात्रा गरी काँडेबाट हाइकिङ गर्दै अस्ट्रेलियनक्याम्प पुगिनेछ। हाइकर्सहरूको समूह अस्ट्रेलियन क्याम्पबाट हाइकिङमार्फत नै धम्पुस हुँदै पोखरा फर्कने बताइएको छ। हाइकिङमा जान इच्छुक जो-कोही यो कार्यक्रममा सहभागी हुन सक्नेछन्। खानेकुरा तथा सवारी साधन प्रयोग गर्दाको भाडा भने सहभागीहरूले तिर्नुपर्नेछ। संयोजक कृष्ण रानाभाटका अनुसार क्लबले यसअघि रानिवन हुँदै शान्तिस्तूप तथा पोखराबाट निर्मलपोखरीको होमस्टेसम्मको हाइकिङ सम्पन्न गरिसकेको छ।

विकेन्ड लाइभ



# विक्रम बराल@ठमेल

ठमेलको टर्टल लाउन्ज एन्ड क्लबले आज शुक्रबार नेपाल आइडल सिजन–२ का फस्ट रनर्सअप गायक विक्रम बराललाई प्रस्तुत गर्दैछ। उक्त कार्यक्रममा विक्रम लाइभ ब्यान्ड सहित प्रस्तुत हुनेछन्। शुक्रबार साँझ ७ बजे प्रारम्भ हुने कार्यक्रम शनिबार बिहान ५ बजेसम्म चल्ने बताइएको छ।

विकेन्ड फुड

# मासुका चटपटे परिकार

गर्मीमा खाना कमै रूच्छ, तर चटक्क परेको पिरो, अमिलो तथा चिसो खानेकुराको स्वाद नै अर्कै हुन्छ । त्यसैले यो गर्मीमा खानाको रूचि बढाउन हामीले केही मसलेदार खानेकुरा तयार पार्ने विधि प्रस्तुत गरेका छौं । यी खानेकुरा पिरो, अमिलो, नुनिलो र स्वादिष्ट हुन्छन् । यदि फुर्सद निकाली यी परिकार बनाएर खाने प्रयास गर्नुभयो भने पक्कै तपाईंले नयाँ स्वाद प्राप्त गर्नुहुनेछ ।



## मटन चप मसला

खसीको करङपट्टिको केही भाग लिने। करङको उक्त भाग हातले समाउन मिल्ने हुनुपर्छ। अब मासुको मात्राअनुसार कराईमा तेल हाल्ने, इच्छाअनुसार ल्वाङ, मरिच, सुकमेल तथा दालचिनी फुराउने। त्यसपछि पातलो गरी काटिएको प्याज हालेर चलाउने। यसपछि मासु हालेर चलाउँदै अदुवा तथा लसुनको पेस्ट तथा हरियो खुर्सानी हाली चलाएर १०-१५ मिनेट पाक्न छोपिदिने। त्यसपछि बेसारको धूलो, धूलो खुर्सानी तथा कागतीको रस हालेर चलाउने। सबै मसला राम्रोसँग मिसिएपछि मासुको मात्रा अनुसार टम्याटो प्युरी हालेर चलाउँदै पकाउने। अब गरम मसला र स्वाद अनुसार नुन पनि हाली राम्रोसँग चलाइदिने। त्यसपछि बाबरी अर्थात् पुदिनाको पातलाई मसिनो गरी काटेर हाल्ने अनि एक कचौरा दही मिसाइदिने। केही बेर चलाएपछि मटन चप तयार हुन्छ। यो परिकार खाना, खाजा वा स्न्याक्सका रूपमा खान सकिन्छ।

## चिकेन पपकर्न

कुखुराको मासु मात्र भएको भागलाई स-साना टुक्रा बनाउने। उक्त टुक्राको मात्राअनुसार कुखुराको मासुलाई एउटा कचौरामा राखेर नुन तथा मरिचको धुलो हाली मोलेर केहीबेर अलग राख्ने। अर्को एउटा प्लेटमा मैदामा स्वाद अनुसार नुन, मरिचको धूलो मिसाएर अलग राख्ने। एउटा कचौरामा दुईवटा अण्डा फिट्ने। अर्को एउटा प्लेटमा ब्रेडक्रम्ब (पाउरोटीको धूलो) मा हल्का नुन हालेर मोलेर राख्ने अनि एउटा कराईमा तेललाई तताउने।

अब कुखुराको मासुको टुक्रालाई पहिले पीठो भएको प्लेटमा एक/एकवटा गर्दै मोल्ने, यसरी मोलिएको कुखुराको मासुको टुक्रालाई काँटाको सहायताले अण्डामा डुबाउने अनि फेरि ब्रेडक्रम्बमा दल्ने। त्यसपछि तातो तेलमा कुखुराको मासु रातो नहुन्जेल डिप फ्राई गर्ने। यो परिकार स्न्याक्सका रूपमा खान सकिन्छ।






## चपली कबाब

खसीको मासुको किमा बनाउने। उक्त किमाको मात्राअनुसार गोलभेडा, प्याज, हरियो खुर्सानी तथा धनियाँका स-साना टुक्रा हाल्ने। अदुवा र लसुनको पेस्ट, नुन, मरिचको धुलो, धुलो खुर्सानी, गरम मसला, जिराको धुलो, बेसारको धुलो, धनियाँको धुलो, कर्नफ्लोर तथा कागतीको रस हालेर राम्रोसँग मोल्ने अनि करिब २ घन्टा म्यारिनेट हुन दिने। एकपटक हातले फेरि राम्रोसँग मोल्ने र त्यसमा दुईवटा अण्डा हाली मेरिनेट गर्ने। यसरी मोलिएको किमाबाट एक चम्चा बराबरको भाग लिएर पकौडाको सेपमा ढाल्ने अनि हल्का तातो तेलमा फ्राई गर्ने। दुवैतर्फको भाग हल्का डढेजस्तो भएपछि निकाल्ने। यो परिकार आफूले हालेको मसला अनुसार पिरो, नुनिलो तथा केही अमिलो हुन्छ। यो चपली कबाब स्न्याक्सका रूपमा खान सकिन्छ।

चलचित्र

# प्रेम दिवस



आज शुक्रबार चलचित्र प्रेम दिवस प्रदर्शनमा आउँदैछ। प्रदीप भारद्वाजको लेखन तथा योगेश घिमिरेको निर्देशनको यो चलचित्रमा प्रियंका कार्की, आयुष्मान देशराज जोशी, हेमन्त बुढाथोकी, शिवशंकर रिजाल, उत्तम केसी, सन्जय न्यौपाने, श्रीकृष्ण लुईंटेल, विशाल खरेल आदि कलाकारले अभियन गरेका छन्। विशाल खरेलले यो चलचित्रबाट डेब्यु गर्दैछन्। यो प्रेममा आधारित चलचित्र हो जसमा, प्रेम र पैसाबीचको द्वन्द्वलाई मूल विषय बनाइएको निर्देशक घिमिरेले जानकारी दिए। सन्जय न्यौपाने प्रोडक्सन तथा रियल मोसन पिक्चरको संयुक्त निर्माणमा तयार पारिएको चलचित्र प्रेम दिवसका निर्माता मनेश दाहाल हुन् भने सन्जय न्यौपाने कार्यकारी निर्माता। यो चलचित्रको छायांकन मानकृष्ण महर्जनले पूर्वी नेपालको इलाम, झापा, पाँचथर आदि स्थानमा गरेका छन्। चलचित्र प्रेम दिवसमा महाराज थापा, महेश खड्का, दीपक शर्मा तथा करणराज कार्कीको संगीत सुन्न पाइन्छ। यो चलचित्रमा १ करोड ३५ लाख लगानी भएको निर्माण पक्षले जनाएको छ।

# झट्का




**निर्देशक :** रमेश विशुन्खे **कलाकार :** सुरवीर पण्डित, श्याम श्रेष्ठ, रक्षा गुरागाईं, ईश्वर गुरुङ, मनिता श्रेष्ठ, उमेश विशुंखे, कँवर प्रदीप काफ्ले आदि।

श्यानोन फिल्म्स एन्ड इन्टरटेरमेन्टको ब्यानरमा निर्माण भएको चलचित्र झट्काको सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। यो चलचित्रमा अधिकांश नयाँ कलाकारले अभिनय गरेका छन् भने हास्य कलाकार सुरवीर पाण्डे मुख्य भूमिकामा छन्। पाण्डे हास्य शृंखलाका लोकप्रिय अनुहार हुन्। तुलसीलाल नेवाःको प्रस्तुतिमा निर्माण भएको यो चलचित्र हास्य प्रधान छ। यही चलचित्रबाट कलाकार श्याम श्रेष्ठ अभिनेताका रूपमा पदार्पण गर्दैछन्। निर्देशक विशुन्खेकै लेखनमा तयार भएको यो चलचित्रको सम्पादन समेत उनैले गरेका हुन्। चलचित्रका गीत दिनेश सुब्बाले रचना गरेका हुन् भने पुरुषोत्तम न्यौपानेले यसको संगीत निर्देशन गरेका छन्। चलचित्र झट्कामा सुरेश पाण्डे तथा कृष्ण ब्लोनको कोरियोग्राफी छ भने सुरज श्रेष्ठ यो चलचित्रका द्वन्द्व निर्देशक हुन्। निर्देशक विशुन्खेका अनुसार यो चलचित्रमा समसामयिक विषयवस्तु चित्रण गरिएको छ, जहाँ काठमाडौंको रात्रीकालीन जीवनलाई प्राथमिकताका साथ उजागर गरिएको छ। जीवन पराजुली तथा वसन्त गौतम यो चलचित्रका छायांकार हुन्।

# फेसनका परीहरू धनगढीमा



तस्बिरहरू : महेश प्रधान

उच्चतम तापक्रमका बीच सुदूर पश्चिमको प्रमुख केन्द्र धनगढीमा फेसन शो सम्पन्न भएको छ। धनगढीस्थित साथी होटलको पौडी पोखरीलाई ब्याकड्रपमा राखेर तयार पारिएको र्‍याम्पमा ११ जना युवतीले एन्जल्स अन द फ्लोर शीर्षकको उक्त फेसन शोमा विशेष प्रस्तुति दिएका थिए। कार्यक्रमको प्रारम्भ विभिन्न जात-जातिका जातीय तथा सांस्कृतिक पहिरनबाट भएको थियो। त्यसपछिको प्रस्तुतिमा मोडलहरूले वचु जिन्सका डिजाइनर सुनिल श्रेष्ठले तयार पारेका विभिन्न डिजाइन एवं स्वरूपका जिन्समा र्‍याम्प नापे। कार्यक्रमको तेस्रो सिक्वेन्समा मोडलहरूले जुजु वेयरका टिसर्टहरू प्रस्तुत गरेका थिए भने अन्तिम सिक्वेन्समा द हाइल्यान्ड आर्ट कलेक्सन समेटिएको थियो। कल्पना योडहाङ लिम्बुले तयार पारेका पहिरनको उक्त कलेक्सनमा नेपाली ढाकाका गाउन, वनपिस आदि समेटिएको थियो। कार्यक्रमको शो-स्टपरका रूपमा अभिनेत्री वर्षा शिवाकोटीको उपस्थिति रहेको उक्त फेसन शोको कोरियोग्राफी एवं सञ्चालन रोजिन शाक्यले गरेका थिए।



# बिनु शाक्य




तस्बिर : महेश प्रधान
लोकेशन : राष्ट्रिय नाचघर, काठमाडौं
मेकअप : एमएनएस ब्युटी होम, सोह्रखुट्टे

# अभिनय, गायनपछि लेखक



अभिनयमा खासै जम्न नसकेकी अभिनेत्री हुन्- परिमिता आरएल राणा । चलचित्र चपली हाइट-२ बाट प्रारम्भ भएको उनको अभिनय यात्रा रोज, चंगा चेट तथा द म्यान फ्रम काठमाडौं हुँदै अघि बढेको छ । परिमिताले अभिनय गरेका केही चलचित्र व्यवसायिक रूपमा सफल भएका छन् भने केही असफल । अहिले परिमिताको हातमा एउटा पनि चलचित्र छैन । पछिल्लो प्रेम सम्बन्ध टुटेकाले उनी सिंगल समेत छिन् । राणाले केही अघि नै अभिनय गरेको चलचित्र कर्मा प्रदर्शनको क्रममा छ । यसबीच परिमिता अहिले गायिकाका रूपमा दर्शकमाझ आएकी छिन् । उनको स्वरको क्विन..गीतको म्युजिक भिडियो हालै सार्वजनिक भएको छ । उक्त समारोहमा परिमिताले आफू विगत दुई वर्षदेखि एउटा चलचित्रको स्क्रिप्ट लेखनमा व्यस्त रहेको खुलासा गरिन् । राणाका अनुसार उनको स्क्रिप्टमा चलचित्र बनाउन निकै गाह्रो छ । आवश्यकताभन्दा बढी सेट चाहिने भएकाले आफ्नो स्क्रिप्टमा निर्माण हुने चलचित्र खर्चिलो हुनसक्ने उनको आशय थियो । अभिनय तथा गायन हुँदै लेखनसम्म आइपुगेकी परिमिता कुन विधा अब्बल सावित हुने हुन् त ?



# भूतको चलचित्रमा बेडसिन

अभिनेत्री बेनिशा हमालले भूतका रूपमा अभिनय गरेको चलचित्र 'घर' को पहिलो ट्रेलर हालै सार्वजनिक भएको छ । अर्पण थापाद्वारा निर्देशित उक्त चलचित्रमा बेनिशाले भूतको भूमिका निर्वाह गरेको ट्रेलरबाटै अनुमान लगाउन सकिन्छ । हरर चलचित्र भएपछि कुनै एक कलाकारले भूतको भूमिका निर्वाह गर्नु ठूलो कुरा पनि होइन । रोचक कुरा चाहिँ के छ भने हालसम्म शालिन छवि बनाएकी अभिनेत्री हमालले यो चलचित्रमा सेन्सर बोर्डको आँखा पर्ने शैलीको बेड सिन दिएकी छिन् । चलचित्रको ट्रेलरमा केही सेकेन्डका लागि मात्र देखिने उक्त दृश्यमा बेनिशाले चलचित्रका अभिनेता-निर्देशक थापासँगै उक्त दृश्य दिएको बताइन्छ । चलचित्र प्रदर्शन हुनुअघि सेन्सर गर्ने क्रममा बोर्डका पदाधिकारीले चाहिँ उक्त दृश्यप्रति बेवास्ता गर्छन् कि कैंची चलाउँछन्, हेर्न बाँकी नै छ ।



# दुलाहाको पहिरनमा

गुगलका अनुसार अभिनेता भुवन केसीको उमेर ६१ वर्ष भैसकेको छ । यो उमेरमा उनी दुलाहाको भेषभूषामा सजिए भने कस्तो देखिएला ? यो जिज्ञासाको जवाफ आइसकेको छ । अघिल्लो साता छायांकन प्रारम्भ गरिएको चलचित्र 'मिस्टर नेपाली' को पहिलो तस्बिर सार्वजनिक भएको छ, जसमा अभिनेता केसी दुलाहाको पहिरनमा छन् । दुलाहाको पहिरनमा उनी भरखरको ठिटो देखिएका छन् । आफूभन्दा आधाभन्दा कम उमेरकी अभिनेत्री रिमा विश्वकर्मा अभिनेता केसीसँगै दुलहीको भेषमा छिन् । उनीहरूको जोडी बिछट्टै सुहाएको पनि छ । यो चलचित्रमा अभिनेता केसी बुवा र छोराको दोहोरो भूमिकामा छन् । विवाहको उक्त दृश्य चाहिँ बुवा भुवन केसीको भएको बताइन्छ । वास्तविक जीवनमा छोरा अनमोल केसीको विवाह गर्ने उमेर भैसकेका बेला बुवा केसीलाई दुलाहाको पहिरन सुहाएको देख्दा धैरैले रमाइलो मानेका छन् ।

फटाफट

# राजा बन्न साह्रै गाह्रो हुने रहेछ



**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

चलचित्र 'लभ यू हमेशा' को डबिङमा व्यस्त छु । 'उफ् यो मन'को फिलिपिन्समा हुने गीतको छायांकनका लागि तयारी पनि गर्दैछु । असार १३ गतेदेखि प्रदर्शनमा आउने चलचित्र कीर्तिपुरको प्रचार-प्रसारमा समेत व्यस्त छु भने मिसेज क्यापिटल नेपाल शीर्षकको सौन्दर्य प्रतियोगिताको पनि तयारी गर्दैछु ।

**तीन भिन्न चलचित्रमा कस्तो भूमिकामा हुनुहुन्छ ?**

ऐतिहासिक चलचित्र कीर्तिपुरमा नेपालको एकीकरण गर्ने पृथ्वीनारायण शाहको भूमिका निर्वाह गरेको छु । भदौमा प्रदर्शन हुने लभ यू हमेशा तथा फागुनमा प्रदर्शन हुने उफ् यो मनमा रोमान्टिक भूमिकामा छु । गीति चलचित्र भाग्यसमेत प्रदर्शनको क्रममा छ ।

**कीर्तिपुर प्रदर्शनमा आउन लामो समय लाग्यो नि ?**

केही वर्षअघि नै प्रदर्शन हुनुपर्ने यो चलचित्र विभिन्न कारणले रोकिएको थियो । अन्ततः सेन्सरको अड्चनपछि यो चलचित्र दर्शकमाझ आउने निश्चित भएको छ ।

**चलचित्र कीर्तिपुरमा राजाको भूमिका निर्वाह गर्न कत्तिको सहज भयो ?**

पाँच वर्षअघि यो चलचित्रको छायांकन हुँदा मैले राम्रै मेहनत गर्नुपऱ्यो भनेर वीरेन्द्र हमालसँग उक्त चरित्रमा आधारित भएर विशेष प्रशिक्षण नै लिएको थिएँ । हामीले देखेको एउटै पोज र एउटै तस्बिरका आधारमा यस्तो हुन सक्छ भन्ने किसिमले काम गरेका छौं । त्यसबाहेक निर्देशक प्रदीप खड्गीले मलाई राजा बनाउन प्रसस्त मेहनत गर्नुभएको छ ।

**यो चलचित्र प्रदर्शन हुन किन ढिला भएको ?**

ग्राफिक्सका कारणले दुई वर्षको समय त सम्पादन कक्षमै बित्यो । सबै कुरा तयार भएपछि प्रदर्शनका लागि सेन्सर बोर्ड जाँदा केही कुरामा चित्त बुझाइएन । त्यही बेला सरकार परिवर्तन भएर सेन्सर बोर्डले चलचित्रलाई झण्डै दुई वर्ष अड्काइदियो ।



**अबको नयाँ योजना के छ ?**

यो वर्ष मेरा चारवटा चलचित्र प्रदर्शनमा आउनेछन् । पालैपालो ती चलचित्रको प्रमोसनमा हिंड्नु पर्नेछ । अभिनय बाहेक इभेन्टहरूको आयोजनामा समेत व्यस्त हुनेछु ।

● एसराज गराच, अभिनेता



# सबै प्रस्ताव अस्विकार

चलचित्र ए मेरो हजुर-३ लाई नेपालमा मात्र होइन, विदेशमा पनि मन पराइयो । नेपालबाटै लगानी सुरक्षित गरेर मुनाफा समेत आर्जन गरेको उक्त चलचित्रबाट सुहाना थापाका रूपमा नयाँ अभिनेत्रीको जन्म भयो । सुहाना निर्देशक/अभिनेत्री झरना थापा तथा निर्माता सुनिलकुमार थापाकी छोरी हुन् । पहिलो चलचित्र नै सुपरहिट भएपछि सुहानालाई घर बाहिरका चलचित्रबाट प्रस्तावको ताँती नै लाग्यो । रोचक कुरा के रह्यो भने सुहानाले त्यसरी आएका कुनै पनि प्रस्ताव स्वीकार गरिनन् । सुहानाका बुवा सुनिलले सुहानाका लागि आउने हरेक प्रस्तावलाई 'पढाइ सकिएपछि मात्र' भन्दै पन्छाए । हुन पनि सुहानाले अमेरिकामा झन्डै एक वर्ष पढेपछि मात्र स्नातक उत्तीर्ण हुन्छिन् । बुवाले छोरीलाई घर बाहिरका चलचित्रमा अभिनय गर्ने अनुमति नदिनुमा अध्ययनलाई मुख्य कारण बताए पनि कुरा बेग्लै भएको चर्चा चल्न थालेको छ । वास्तवमा झरना र सुनिलले सुहानालाई अहिले नै घर बाहिरका चलचित्रमा अभिनय गराउन चाहेका छैनन् । उनीहरूले सुहानालाई आफ्नै ब्यानरको चलचित्र भागवत गीतामा अभिनय गराउन चाहेका छन् । यद्यपि, वितरकहरूले ए मेरो हजुर-४ निर्माण दबाब दिएपछि सुहाना घरकै चलचित्रमा व्यस्त हुने भएकाले बाहिरका ब्यानरमा काम गर्न नचाहेको बताइन्छ ।

# बुवा भएपछि फलिफाप



अभिनेता आर्यन सिग्देल छोराको बुवा भएको धेरै भएको छैन । यद्यपि, बुवा भएदेखि उनको अभिनय करियरमा नयाँ रौनक थपिएको छ । बुवा बन्नु भन्दा केही महिनाअघि छायांकन सम्पन्न भएको विकास आचार्यको चलचित्र हजार जुनी सम्मलाई आर्यनको गतिलो कमब्याकका रूपमा हेरिएको छ । यो चलचित्र साउनमा सार्वजनिक हुँदैछ । बुवा बनिसकेपछि उनलाई निर्देशक साम्तेन भुटियाले चलचित्र 'च च हुई' मा अभिनय गराइरहेका छन् । यो चलचित्रको छायांकन बैंककमा भैरहेको छ । निर्देशक दीवाकर भट्टराईले पनि आर्यनलाई नै लिएर एउटा रोमान्टिक चलचित्र निर्माण गर्ने योजना बनाइरहेका छन् । निर्देशक अमरदिप सापकोटाले पनि आर्यनलाई एउटा राम्रो चलचित्रका लागि प्रस्ताव राखिसकेका छन् । एक-पछि अर्को गर्दै राम्रो ब्यानरका राम्रा चलचित्रबाट प्रस्ताव आए पनि आर्यनले अहिले संयमतापूर्वक चलचित्र छनौट गर्न थालेका छन् अर्थात बुवा बनेपछि जिम्मेवारी बढ्छ भने झैं आर्यनले अभिनय करियरमा पनि जिम्मेवारी बढेको संकेत दिएका छन् ।

# खेलाडी नम्रता



अभिनेत्री नम्रता श्रेष्ठले हालसम्म अभिनय गरेका चलचित्रमा फरक-फरक भूमिका निर्वाह गरिरहेकी छिन् । उनले अभिनय गरेका प्राय: सबै चरित्रलाई दर्शकले मन पराएका छन् । यतिबेला उनी खेलाडीका रूपमा दर्शकमाझ आउने तयारी गर्दैछिन् । भदौ ६ गतेदेखि प्रदर्शनमा आउने चलचित्र जाइरामा उनको लुक्स नै भिन्न देखिएको छ । छोटो कपाल तथा पातलो ज्यानमा उनी साँच्चिकै खेलाडी देखिएकी छिन् । चलचित्रमा उनलाई मार्सल आर्ट खेलाडीको भूमिकामा प्रस्तुत गरिएको छ । आशुतोषराज श्रेष्ठद्वारा निर्देशित यो चलचित्रमा नम्रतासँगै अनुपविक्रम शाही, प्रमोद अग्रहरि तथा रेमनदास श्रेष्ठ महत्वपूर्ण भूमिकामा छन् । यही चलचित्रबाट रजतपटमा आउन लागेकी नयाँ अनुहार श्रृजना रेग्मीले पनि चलचित्रमा खेलाडीकै भूमिका निर्वाह गरेकी छिन् ।



# राजेशको प्रश्न करिश्माको उत्तर

नेपाली चलचित्रका महानायक राजेश हमाल तथा सदाबहार नायिका करिश्मा मानन्धर बुधबार पोखरामा भेटिए । उनीहरू पोखरा, न्युरोडमा सञ्चालनमा आएको कफी बियाँ एन्ड रेस्टुराँको उद्घाटनका लागि पोखरा पुगेका थिए । उनीहरूले संयुक्त रूपमा रिबन काटेर रेस्टुराँको उद्घाटन गरे । उद्घाटनपश्चात् राजेश त्यहाँ कार्यरत कुक, वेटर तथा सञ्चालकहरूसँग गफिन थाले । करिश्मा उनको साथमै थिइन् । यद्यपि करिश्माले केही बोलिनन्, मुस्कुराइन् मात्र । रेस्टुराँ अवलोकनपश्चात् दुवै जनाले रेस्टुराँले ग्राहकको मन जित्न सकोस् भन्ने शुभकामना दिए । बोल्ने क्रममा दुवैजनाले सानो बहाना पाउने बित्तिकै पोखरा आइहाल्ने बताए । पोखरा आउने क्रममा पटक-पटक रेस्टुराँमा आउनेछौं भनेर वाचा गरे । करिश्माले यसो भनेपछि राजेशले सोधिहाले । हामी सँगै आउँछौं कि एक्ला-एक्लै ? जवाफमा करिष्माले भनिन्- तपाईं कोहीसँग म कोहीसँग, आए पनि हुन्छ । त्यसपछि सहभागीहरूको हाँसोको फोहोरा छुट्यो । उनीहरू बस्ने क्रममा धेरै क्लोज पनि भएनन् । दर्शकले अलि क्लोज हुन आग्रह गरे, तर राजेश पछाडिको लोगो देखाउँदै नजिक बसे लोगो छेकिने भन्दै नजिक बस्न मानेनन् । रेस्टुराँ प्रवेश गरेदेखि उद्घाटन, शुभकामना मन्तव्य र फोटो सेसन चल्दासमेत उनीहरू एक-आपससँग भने गफिएनन् । करिश्मा मंगलबार नै पोखरा पुगेकी थिइन् भने राजेश बुधबार ।



एलिसा राई

# ठुम्का पावर



अन्जली अधिकारी

महेश तिमल्सिना

कुनै समय थियो, शाही महलहरूमा नृत्यांगनाका ठुम्काका किस्सा खुबै सुन्न पाइन्थे । बाँकी समाजका लागि भने ती सबै रोचक र तिलस्मी किस्सा थिए । उपन्यास, कथा तथा परीकथाहरूमा नृत्यांगनाहरूको सौन्दर्य, ठुम्का र चालढालको रंगीन चर्चा हुन्थ्यो । अहिले समयमा ठूलो परिवर्तन आइसकेको छ । नृत्य बन्द कोठाभित्र मात्र सीमित छैन, असिमित दर्शकमाझ फैलिएको छ । नयाँ पुस्ताका युवा-युवतीहरू नृत्यमै गतिलो करिअर बनाइरहेका छन् ।

करिअर त एउटा पक्ष मात्र हो, अहिले ठुम्काको पावरमा 'नेमफेम' छ । बुटवलकी तेरिया फौजा मगर नृत्य कौशलकै कारण डिआईडी लिटिल मास्टर-२०१४ र झलक दिखला जा सिजन नौं को विजेता भएर लाखौं रुपैयाँ जित्न सफल भइन् । पुरस्कार त एकातिर छँदैछ, त्यो उत्कृष्ट प्रदर्शनपछि उनको जीवनमै कायकल्प भएको छ । अहिले उनी मुम्बईमा अध्ययन गर्दैछिन् । हालसालै कक्षा १० को बोर्ड परीक्षा दिएकी तेरिया अहिले नृत्यमार्फत शरीर मेन्टेन गर्ने उपाय सिकिरहेकी छिन । 'परीक्षापछि अलि फुर्सदिलो छु', उनले साप्ताहिकसँगको भलाकुसारीमा भनिन्, 'नृत्यले नै मलाई नाम र दाम दियो ।' डिआईडी र झलक दिखलाजा जस्ता उच्चस्तरका रियालिटी शोको सहभागिताले आफ्नो नृत्य करियरलाई उचाइ प्रदान गरेको उनको भनाई छ । तेरियाका लागि नृत्य शारीरिक एक्सप्रेसनबाट मनोरन्जन प्रदान गर्ने एउटा सशक्त माध्यम हो ।

तेरिया मात्र होइनन्, बर्दियाकी अञ्जली अधिकारीलाई नै हेरौं न । सानैदेखि नृत्यकी सौखिन अञ्जली ०७३ मा परिवारको स्वीकृति विपरीत काठमाडौं प्रवेश गरेकी हुन् । त्यसपछि मात्र सुरु हुन्छ उनको नृत्यमा करिअर बनाउने यात्रा । ३ वर्ष नबित्दै २२ वर्षीया यी नृत्यांगना सफलताको त्यो टाकुरामा छिन्, जसलाई झट्ट पत्याइहाल्न गाह्रो पर्छ । यो छोटै अवधिमा उनले ४ सयभन्दा बढी गीतमा नृत्य कौशल प्रस्तुत गरिसकेकी छिन् । त्यसबाहेक, स्टेज सो र अन्य कार्यक्रमहरूमा उनको प्रस्तुतिको बेग्लै सूची छ । अधिकारी औसत मासिक १० वटा गीतको भिडियोमा अभिनय गर्छिन् । यस आधारमा वर्षमा उनले काम गर्ने गीतको सूची १ सय २० हुन्छ । अहिले उनको प्रतिगीत बजार भाउ ५० हजार रुपैयाँ हो, जसको औसत हिसाब गर्दा उनले गीतको भिडियोमा अभिनय गरेर वार्षिक ६० लाख आम्दानी गर्छिन् । त्यसबाहेक स्टेज शो, महोत्सव तथा विदेशमा हुने सांगीतिक कार्यक्रमको आम्दानी बेग्लै छ । अञ्जली देशभित्रका मेला महोत्सवका स्टेज सोमा ५० हजारभन्दा बढी पारिश्रमिक लिन्छिन् ।

अन्जली एसएलसी सकिने बित्तिकै भागेर काठमाडौं आएकी थिइन् । 'बर्दिया महोत्सवका बेला नृत्यमा करियर बनाउने रुचि बद्री दाइलाई सुनाएकी थिएँ,' उनले साप्ताहिकसँग भनिन्, 'उहाँले सहयोग गर्ने आश्वासन दिनुभएको थियो, त्यही आश्वासनकै डोरी पच्छ्याउँदै काठमाडौं आएकी थिएँ ।' अहिले सेलिब्रेटी जीवन बिताइरहेकी अन्जलीका सुरुवाती दिनहरू सहज भने थिएनन् । उनलाई काठमाडौं आएपछि सुरुमा बद्री पंगेनीले आफ्नै निरमाया दोहोरी साँझमा काम मिलाइदिए । उनी त्यहाँ मासिक १५ हजार तलब पाउँथिन । 'म पाँच सय रुपैयाँ बोकेर काठमाडौं आएकी थिएँ, बद्री दाइले मेरो प्रतिभा चिनेर बाटो देखाइदिनुभयो,' उनले भनिन् । दोहोरी साँझमा कार्यरत अञ्जलीलाई केही समयपछि बद्रीले 'खरबारीमा' गीतको भिडियोमा अभिनय गर्ने अवसर दिए । अञ्जली पहिलो म्युजिक भिडियोबाटै दर्शकको नोटिसमा मात्र परिनन्, त्यो उनको जीवनकै टर्निङ प्वाइन्ट सावित भयो । त्यसपछि उनी दोहोरी साँझसँगै म्युजिक भिडियोमा समेत काम गर्न थालिन् । 'खरबारीमा' गीतको भिडियोमा अभिनय गर्दा ५ हजार रुपैयाँ पारिश्रमिक पाएकी अञ्जली अहिले प्रतिगीत ५० हजार पारिश्रमिक लिन्छिन् । एक वर्षअघि आएको प्रकाश सपुतको 'बोल माया' गीतमा अन्जलीको अभिनयपछि त उनी अहिलेको बजारमा हटकेक नै भएकी छिन् । चलचित्रमा आइटम डान्स पनि गर्ने अन्जली 'गलबन्दी' पछि चर्चाकै शिखरमा छिन् । जापान, युरोप, बेल्जियम, कोरियाजस्ता देशमा भएका सांगीतिक कार्यक्रममा प्रस्तुति दिइसकेकी अन्जलीले चलचित्र प्रसादमा समावेश 'बनकी चरी' गीतमा आइटम डान्स गरेकी छिन् । म्युजिक भिडियो तथा देश-विदेशका स्टेज कार्यक्रमहरूको बढ्दो अफरजस्ता कारणले व्यस्त नृत्यांगना अन्जली भन्छिन्, 'म आफ्नो पेसाप्रति सन्तुष्ट छु ।'

म्युजिक भिडियो क्वीन एलिशा राईको सेलिब्रेटी स्टाटस पनि ठुम्काकै जगमा खडा भएको हो । आकर्षक लुक्सकी धनी एलिशा अहिले म्युजिक भिडियोमा सर्वाधिक खोजिने नृत्यांगना हुन् । खोटाङमा जन्मिएर काठमाडौंमा हुर्किएकी राईको नृत्यांगना बन्ने चाहना सानैदेखिको हो । 'उमेरले ६-७ वर्षकी थिएँ होला, त्यतिबेलादेखि नै स्टेज कार्यक्रमहरूमा नृत्य प्रस्तुत गर्थें,' राई भन्छिन्- 'सानै उमेरदेखि संघ-संस्थाहरूका लागि डोनेसन उठाउने कार्यक्रममा नृत्य गर्थें ।' आकर्षक ठुम्का प्रदर्शन गर्ने राईको नृत्यले त्यतिबेलै सबैको ध्यान तान्थ्यो । उनको ठुम्काको प्रशंसा नगर्ने कमै थिए । त्यही प्रशंसाले पुलकित बनाएर नृत्यलाई करियरका रूपमा अघि बढाउन प्रेरित गरेको एलिशा बताउँछिन् । अभिनय र नृत्यमा रुचि भएकी राईले करिब पाँच वर्षपहिले 'डेट इन युएन पार्क' सर्ट मुभीमा अभिनय गरिन् । उक्त सर्ट मुभीपछि राई दर्शकको नजरमा चढिन् । अभिनय पनि राम्रो र आकर्षक लुक भएकी राईलाई विस्तारै म्युजिक भिडियोको अफर आउन थाल्यो । यही क्रममा उनले नितिन चन्दको एउटा गीतको भिडियोमा (चार वर्षअघि) अभिनय गर्ने मौका पाइन् । त्यो नै उनको पहिलो म्युजिक भिडियो थियो । विस्तारै एलिशाद्वारा अभिनय गरिएका भिडियोहरू हिट हुन थाले । म्युजिक भिडियोमात्र होइन, एलिशा नेपाली चलचित्रका गीतमा आइटम डान्स गर्न पनि खोजिने मोडल हुन् । दुई वर्ष अघि प्रदर्शनमा आएको चलचित्र लुट-२ को ठमेल बजार गीतको आइटम डान्सले उनलाई शिखरमा पुऱ्याएको थियो ।

नृत्यमार्फत नाम र दाम कमाउने युवतीहरू मात्र छैनन् । राम्रो नृत्य कौशल भएका युवाका लागि नृत्य अवसरको खानी हो । कार्टुन्ज क्रिउका सरोज अधिकारी हुन् वा भारतीय डान्स टेलिभिजन रियालिटी सो डान्स प्लस-४ का फस्ट रनर्सअप सुजन मार्पा तामाङ नै त्यसको ज्वलन्त उदाहरण हुन् । महोत्तरीका २४ वर्षीय सरोज स्कुल पढ्दादेखि नै नृत्यमा रुचि राख्थे, विद्यालयका विभिन्न कार्यक्रममा उनी नृत्य नै गरिरहेको हुन्थे । शिक्षक एवं साथीहरूबाट उनको नृत्यले वाहिवाही पाउँथ्यो । त्यस क्रममा सरोज कुशल डान्सर बन्ने लक्ष्य लिएर अघि बढे । कक्षा ९ मा अध्ययन गर्दा 'कलशमा जल बोल' गीतमा कोरस नाचे । त्यसवापत उनले २ सय रुपैयाँ पारिश्रमिक पाएका थिए । त्यति बेला कोरसमा निकै कम पारिश्रमिक थियो । 'त्यतिबेला २ सय पाउन पनि निकै गाह्रो थियो,' सरोज भन्छन्, 'दुई सय रुपैयाँ लिन उल्टै सय रुपैयाँ खर्च हुन्थ्यो, त्यसपछि दिक्क लागेर छाडें ।'

कोरसको नशा उत्रिए पनि सरोजको मनबाट नृत्यको नशा भने उत्रिएको थिएन् । उनी आफ्नै घरमा डान्स सिक्न थाले । ठ्याक्कै त्यही समयमा माइकल ज्याक्सनको निधन भयो । त्यो खबरले मिडियाहरूमा सनसनी मच्चायो । माइकल ज्याक्सनका सम्बन्धमा पढेपछि सरोजले उनका सिडी किनेर उनको डान्स हेर्न थाले । नृत्यलाई करिअर बनाउने उनको चाहनामा आर्थिक संकट सबैभन्दा ठूलो बाधा थियो । त्यही बाधा

पृष्ठ २१ मा

पृष्ठ २० बाट

पन्छाउन सरोज रेस्टुराँमा वेटर बन्न पुगे । रेस्टुराँमा विभिन्न व्यक्तिहरूसँग उनको सम्पर्क हुन थाल्यो, त्यही क्रममा उनले नेपाल हिपअप डान्स फाउण्डेसन (एनएचएफ)मा छात्रवृत्तिमा डान्स सिक्ने अवसर पाए । त्यही नृत्यशालामा एउटा टिम बन्यो–कार्टुन्ज क्रिउ । सरोज र उनका साथीहरूले सन् २०१० मा स्थापना गरेको कार्टुन्ज क्रिउ अहिले नृत्य बजारको सबैभन्दा हटकेट टिम हो । सरोज सम्झन्छन्,'न्याथम कलेजमा हामीले पहिलो डान्स प्रस्तुति दिएका थियौं, एक हजार पारिश्रमिक थियो, त्यो पारिश्रमिक त मःम खाएरै सकियो ।' विभिन्न बाधाहरू छल्दै कार्टुन्ज क्रिउ अघि बढिरहयो । अहिले कार्टुन्ज क्रिउमा ६ जनाको समूह छ । कार्टुन्ज क्रिउको आफ्नै युट्युब च्यानल तथा स्टुडियो छ जसमा उनीहरूले अफिसियल तथा कभर भिडियोहरू अपलोड गर्छन् । अहिले कार्टुन्ज क्रिउले एउटा भिडियो बनाएबापत २ लाख ५० हजारदेखि ३ लाखसम्म लिने अधिकारी बताउँछन् । उनीहरूलाई स्टेज कार्यक्रमका लागि पनि उत्तिकै निमन्त्रणा आउँछ । स्टेज कार्यक्रममा नृत्य प्रदर्शन गरेबापत उनीहरू १ लाख ५० हजार रुपैयाँ पारिश्रमिक लिन्छन् । उक्त रकम समूहका सदस्यहरूबीच बाँडिन्छ । सरोज भन्छन्, 'मासिक औसत ५० हजारभन्दा बढी कमाउछु ।'

डिआइडीको सेमीफाइनल र डान्स प्लस-४ मा प्रथम रनरअप भएका सुजन मार्पा तामाङ स्टार नर्तक हुन् । उनी भारत र नेपालका विभिन्न स्थानमा डान्स सिकाउने काम व्यस्त छन् । सिन्धुलीमा जन्मिएर काठमाडौंमा हुर्किएका १८ वर्षीय सुजन तेक्वान्दो तथा नृत्यका सौखिन हुन् । सुजन सानैदेखि जिमन्यास्टिक तथा बिबोइङ गर्थे । 'नृत्य कक्षा लिएको हुनाले नृत्य धेरै सजिलो लाग्न थाल्यो,' तामाङ भन्छन् ।'

कक्षा १२ सम्मको अध्ययन पुरा गरेका सुजनका लागि एक वर्षअघि भारतीय रियालिटी टिभी सो डान्स इन्डिया डान्स (डिआइडी)को सेमिफाइनलसम्म पुग्नु करिअरकै टर्निङ प्वाइन्ट सावित भयो । त्यसको केही समयपछि नै उनले भारतीय डान्स टेलिभिजन रियालिटी सो डान्स प्लस-४ को प्रथम रनर्सअप भएपछि थप चर्चा कमाए । डिआईडीबाट फर्किएपछि नै म्युजिक भिडियो तथा स्टेज कार्यक्रमहरूबाट उनको माग चुलियो । डिआईडीबाट फर्किएपछि भूपू पाण्डेको 'छाता सङ'मा अभिनय गरे । उक्त गीतले युट्युबमा २७ लाखभन्दा बढी भ्युज पाएको छ । उक्त गीतको भिडियोमा अभिनय गर्दा ६० हजार पारिश्रमिक लिएको सुजन बताउँछन् । उद्यपि अहिले आफ्नो पारिश्रमिक त्यसको दोब्बर भएको उनको दाबी छ । जब उनी डान्स प्लस-४ मा प्रथम रनर्सअपका रूपमा फर्किए त्यसपछि म्युजिक भिडियो होस् वा स्टेज सो सबैबाट १ लाख २० हजार पारिश्रमिक लिने गरेको सुजन बताउँछन् । सुजन भन्छन्, 'अहिले महिनामा तीन चारवटा शो गरिरहेको छु । त्यसैले महिनामा ४ लाखको हाराहारीमा कमाइरहेको छु ।'

सेक्सी जिउडाल, नृत्यमा देखाउने आकर्षक ठुम्का अनि सुन्दर अनुहारका कारण आश्मा विश्वकर्मा अभिनेत्री जस्तै देखिन्छिन् तर, आश्मा अभिनेत्री होइनन्, उनी अहिलेकी चर्चित नृत्यांगना हुन्, कार्टुन्ज क्रिउकी एक प्रभावशाली सदस्य । नृत्यांगना भएपनि आश्माको छवि कुनै अभिनेत्रीको भन्दा कम छैन । युट्युब तथा सामाजिक सन्जालमा उनका हजारौं फ्यान छन्, भिडियोमा उनी उतिकै खोजिन्छिन् । त्यसका पछाडि उनले देखाउने 'ठुम्का जादू' नै प्रमुख कारण हो । धरानकी २३ वर्षीया आश्मा कार्टुन्ज क्रिउको टिमसँगै सुरुमा एनएचएफमा बिगर्ल डान्स सिक्दै थिइन् । बिगर्ल सिक्ने एक्ली युवती आश्माको त्यहीँ कार्टुन्ज क्रिउका सरोज अधिकारीसँग भेट भयो । सरोजले उनलाई कार्टुन्ज क्रिउका लागि प्रस्ताव गरे । आश्मालाई सरोजको टिमको नृत्यले लोभ्याएको थियो, त्यसैले उनले नाइनास्ति गरिनन् । त्यहीँबाट उनी कार्टुन क्रिउकी एक्ली महिला सदस्य भइन् । जादुयी नृत्य गर्न सक्ने आश्मा क्रमशः दर्शकहरूको मनमा राज गर्न थालिन् । अहिले भिडियो तथा स्टेज कार्यक्रमहरूमा उनको नृत्यले खुबै तारिफ बटुल्न गरेको छ । कार्टुन्ज क्रिउको टिमसँग काम गरेको हुनाले स्टेज प्रोगाम होस् वा म्युजिक भिडियोमा अभिनय गरेको पारिश्रमिक टिममै आउँछ । आश्मा भन्छिन्,'सुरुसुरुमा त खासै कमाई हुँदैनथ्यो, तर अहिले राम्रो कमाइ छ, म आफ्नो कमाइबाट खुसी छु ।'



निर्मल लामा

सुजन मार्पा

सरोज अधिकारी



करिश्मा ढकाल

बिनु शाक्यको बेली डान्सको क्रेज उस्तै छ । अहिले बिनुलाई स्टेज कार्यक्रम तथा म्युजिक भिडियोमा काम गर्न भ्याइनभ्याई छ । सिन्धुपाल्चोकमा जन्मिएर उत्तै हुर्किएकी बिनु भन्छिन्, 'सानैदेखि नृत्यमा करियर बनाउने सपना थियो, ६ वर्षको उमेरदेखि नै नृत्य गर्थें ।' बाल्यकालदेखि नै नृत्यांगना बन्ने उनको चाहना बयस्क हुँदा उमेरसँगै बढ्दै गयो । करिब ८ वर्ष पहिले 'सकिन जुन छुन...' गीतको भिडियोमा अभिनय गरेर म्युजिक भिडियोमा डेब्यु गरेकी बिनु उक्त भिडियोबाट भने खासै नोटिस हुन सकिनन्, तर त्यसबाट आफ्ना गल्ती कमजोरीलाई औल्याउने प्रशस्त मौका पाएको उनी बताउँछिन् ।

सुरुमा बिना पारिश्रमिक ६ वटा म्युजिक भिडियोमा अभिनय गरेकी बिनु अहिले एउटा भिडियोबाट २५ हजारभन्दा बढी पारिश्रमिक लिन्छिन् । दुई दर्जनभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेकी बिनुले छैटौं भिडियोमा अभिनय गर्दा ५ हजार पारिश्रमिक लिएकी थिइन्, त्यो पनि डेढ वर्ष पहिले । म्युजिक भिडियोका अतिरिक्त उनी स्टेज कार्यक्रममा पनि उत्तिकै जमेकी छिन् । बिनु एउटा स्टेज कार्यक्रममा नृत्य प्रदर्शन गरेबापत २० हजारदेखि ४५ हजारसम्म पारिश्रमिक लिन्छिन् ।

'सेल्फी सेल्फी...' हरेकजसो तीजमा घन्किने गीत हो । ४ वर्षअघि सार्वजनिक भएको उक्त गीतसँगै नृत्यांगना करिश्मा ढकालको माग आकासिएको हो । उक्त गीतमा बसन्त थापा र लक्ष्मी मल्लको स्वर सुन्न सकिन्छ । लक्ष्मी मल्ल करिश्माकी सानीमा हुन् । सानैदेखि नृत्यमा सिपालु करिश्मा एसएलसी दिएर बसेकाले मल्लले उनलाई म्युजिक भिडियोमा अभिनय गर्ने अफर दिइन् । पहिलो गीतबाटै करिष्माको दाउ लाग्यो र उनी दर्शकको नजरमा परिन् । त्यसपछि उनलाई म्युजिक भिडियोबाट अफरको ओइरो लाग्न थाल्यो । त्यस लगत्तै उनले बसन्त थापाको 'बागलुङ बजारमा' गीतमा अभिनय गरिन् । उक्त गीतको भिडियोमा अभिनय गर्दा ५ हजार पारिश्रमिक लिएको करिश्मा बताउँछिन् । गोरखाकी २० वर्षीया करिश्मा ४ वर्षको छोटो अवधिमा १ हजारभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेको दाबी गर्छिन् । अहिले उनी एउटा भिडियोमा अभिनय गरेबापत २५ हजारभन्दा बढी पारिश्रमिक लिन्छिन् । मासिक २० भन्दा बढी म्युजिक भिडियोमा अभिनय गर्ने करिश्मा बताउँछिन् । एक अनुमान अनुसार करिश्माले मासिक औसत ५ लाख रुपैयाँ ठुम्काबाटै कमाउँछिन् । यही अनुपातमा हेर्ने हो भने उनले वार्षिक रूपमा अभिनय गर्ने भिडियोको संख्या २ सय ४० वटा हुन्छ । जसको औसत हिसाब गर्दा उनले गीतको भिडियोमा अभिनय गरेर मात्र वार्षिक ६० लाख आम्दानी गर्छिन् । त्यसका अतिरिक्त उनी देश-विदेशका स्टेज कार्यक्रममा पनि उत्तिकै व्यस्त हुन्छिन् । नृत्यबाटै नाम र दाम कमाउन सफल भएकोमा दंग भन्छिन्, 'नृत्यले मलाई सबै चीज दिएको छ ।'

भिमफेदीका निर्मल लामा गाउँघरका मेला महोत्सव हुन् वा विद्यालयका विभिन्न कार्यक्रम कम्मर हल्लाइरहेका हुन्थे । सन् २००४ मा स्टुडेन्ड भिसामा कोरिया पुगेका लामाले २ वर्ष अध्ययनपछि त्यही काम गर्न थाले । राम्रो पैसा कमाउँथे । यद्यपि उनमा भएको डान्सर बन्ने भोकलाई कोरियाको आकर्षक कमाइले मार्न सकेन् । सन् २००९ मा नेपाल फर्किएर उनी कोरियन भाषा पढाउन थाले, जसबाट उनले राम्रै पैसा कमाइरहेका थिए तर त्यतिमै रमाइरहेको थिएन । एउटा डान्स ग्रुप बनाउने इच्छा जाग्यो । त्यही इच्छाका बलमा सन् २०१० मा भिमफेदी गाइज जन्मियो । टोल- छिमेकका भाइहरूसँग मिलेर भीमफेदी गाइज गठन गरिएको लामाको भनाइ छ । भीमफेदी गाइज सुरुमा विभिन्न गीतको कभर भिडियो बनाउँथ्यो । 'कोरियन भाषा सिकाएर पाएको पारिश्रमिकले कभर भिडियो बनाउँथ्यौं,' साप्ताहिकसँगको कुराकानीमा लामा भन्छन् । अहिले भीमफेदी गाइजले ४० वटाभन्दा बढी अफिसियल भिडियो तयार गरिसकेको छ ।

भीमफेदी गाइज स्थापनाताका यसमा १२ जना सदस्य थिए यद्यपि अहिले ६ जना युवाको समूह छ । यो ग्रुपले करिब ५ वर्ष पहिले दिल तामाङको 'आजकालको ठिटी' गीतको भिडियो बनाएको थियो । उक्त भिडियो बनाउँदा ग्रुपले १ लाख ५० हजार रुपैयाँ प्रोडक्सन खर्च लिएको लामा बताउँछन् । निर्मल भन्छन्,'उक्त गीतबाट हामी चर्चामा त आएनौं, तर हामीले आफ्ना कमजोरी पत्ता लगाउने राम्रो मौका पायौं ।' यत्तिकैमा यो ग्रुपले दुई वर्ष अघि गायक प्रमोद खरेलको चल बतास गीतको भिडियोमा अभिनय गर्‍यो । उक्त गीत सर्वाधिक हिट भयो भने दर्शकहरूमाझ भीमफेदी गाइज परिचित समेत भयो । उक्त गीतको भिडियोमा अभिनय गरे बापत २० हजार पारिश्रमिक लिएको लामाले बताए । अहिले आफ्नो डान्स ग्रुपको उल्लेख्य माग हुन थालेको निर्मल बताउँछन् ।

भीमफेदी गाइज् टिमले अहिले एउटा म्युजिक भिडियो बनाएबापत २ लाख ५० हजारदेखि ३ लाखसम्म प्रोडक्सन खर्च लिन्छ । निर्मल भन्छन्, 'निर्माणको जिम्मा नलिई पारिश्रमिकमा मात्र काम गर्नुपर्‍यो भने ७० देखि ८० हजार पारिश्रमिक लिन्छौं ।' भीमफेदी गाइज टिमले मासिक दुई देखि तीनवटा म्युजिक भिडियोमा अभिनय गर्ने गरेको छ । त्यसैले यो ग्रुपमा रहेका एक जना सदस्यले मासिक ५० देखि ६० हजार आम्दानी गर्ने टिम लिडर लामाले बताए ।

भारतीय डान्स टेलिभिजन रियालिटी सो डान्स प्लस- २ को फाइनालिस्ट भएसँगै सुशान्त खत्री पनि चर्चामा छन् । त्यसअघि उनी इन्डिया डान्सिङ सुपरस्टारको टपटेनमा पुग्नुका साथै फिल डान्स कम्पिटिसनमा प्रथम भएका थिए । डान्स प्लस-२ को टप ५ सम्म पुगेका खत्री यतिबेला म्युजिक भिडियो तथा देश-विदेशका स्टेज सोहरूमा व्यस्त छन् ।

## मिसेज आर्यन नेपालमा कविता



मिसेज आर्यन नेपाल-२०१९ को उपाधि कविता ढकालले आफ्नो शिरमा सजाएकी छिन्। उक्त अवसरमा कविताले पब्लिक च्वाइस तथा मोस्ट स्मार्टको सब-टाइटल पनि आफ्नो पोल्टामा पारेकी थिइन्। प्रतिस्पर्धामा फस्ट रनर्सअपको उपाधि स्पार्कल पुरीले जितिन् भने सेकेन्ड रनर्सअपको उपाधि सीमा थापाले प्राप्त गरिन्। जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालित फाइनलमा 'मिसेज आर्यन नेपाल'की मुख्य निर्णायक सुगारिका केसीले सोधेको अन्तिम प्रश्नको उत्कृष्ट जवाफ दिँदै कविताले उपाधि जितेकी हुन्। एमाजोन इन्टरटेन्मेन्टले विवाहित महिलाहरूको क्षमता अभिवृद्धिका साथै उनीहरूलाई सामाजिक काममा अग्रसर गराउने उद्देश्यले मिसेज आर्यन नेपाल-२०१९ आयोजना गरेको हो।

## विमला मिसेज मंगोल नेपाल

मिसेज मंगोल नेपाल-२०१९ को उपाधि विमला पाइजाले जितेकी छिन्। १३ जना प्रतिस्पर्धीलाई उछिन्दै विमलाले उक्त उपाधि हात पारेकी हुन्। राष्ट्रिय नाचघरमा सम्पन्न फाइनलमा शान्ति तामाङले फस्ट रनर्सअप तथा प्रतिमा तामाङले सेकेन्ड रनर्सअपको उपाधि आ-आफ्नो पोल्टामा पारे। विजेता विमला पाइजालाई 'मिसेज मंगोल नेपाल-२०१८' की विजेता धनमाया मगरले ताज पहिराइदिएकी थिइन्। मिसेज मंगोल नेपाल-२०१९ की प्रमुख निर्णायक कला सुब्बाले सोधेको अन्तिम प्रश्नको उत्कृष्ट जवाफ दिँदै विमलाले उक्त उपाधि जितेकी हुन्। विमलाले बेस्ट ट्यालेन्टको सब-टाइटल पनि जितेकी थिइन्।



## नृत्यमार्फत मिस नेवाको प्रतिभा




मिस नेवाः नेपाः-११३९ का प्रतियोगीहरूले काठमाडौंमा आयोजित ट्यालेन्ट शोमा आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका छन्। नेप्लिज फेसन होमले आयोजना गर्न लागेको नेवार समुदायका युवतीहरूको उक्त प्रतियोगितामा प्रतिस्पर्धीहरूले नेवारी कला र संस्कृति झल्कने शैलीका प्रतिभा प्रस्तुत गरेका थिए। प्रतियोगिताका प्रतिस्पर्धीहरूमध्ये अधिकांशले नृत्यमार्फत आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए। तीमध्ये अधिकांश प्रतिस्पर्धी नेवारी पहिरनमा सजिएका थिए। मिस नेवाः को ग्रान्ड फिनाले भोलि शनिबार कमलादीस्थित प्रज्ञाभवनमा सञ्चालन हुनेछ।



## छैटौं अनुपम सांगीतिक साँझ

छैटौं अनुपम सांगीतिक साँझमा गायक पुरुषोत्तम न्यौपानेलाई अनुपम म्युजिक अवार्ड प्रदान गरिएको छ। पोखरा उद्योग वाणिज्य संघको सभाहलमा खचाखच दर्शकमाझ न्यौपानेले अवार्डले आफूलाई लोक संगीतका क्षेत्रमा थप काम गर्ने हौसला प्रदान गरेको कुरा बताए। शनिबार सम्पन्न उक्त कार्यक्रममा तीर्थहरि स्मृति अवार्ड समाजसेवी विश्वमोहन गौचनलाई प्रदान गरिएका थियो भने अनुपम संगीत सम्मान गीतकार सुमन श्रापित तथा संगीतकार डेनी निरौलालाई प्रदान गरिएको थियो। उक्त अवसरमा गायक कर्म ग्याल्छेन, शीतल थापा, अनुज कुलुङ, रामभक्त जोजिजू, इतु जोजिजू, ज्ञान थापा, देवी गुरुङ, सुदीप गुरुङ, संगीता श्रेष्ठ, निरुताविक, दिनेश न्यौपाने, पुरुषोत्तम न्यौपाने आदिले सांगीतिक प्रस्तुति दिएका थिए।

## मिस एसईई स्टार चितवन




'चित्रा अर्थात् मुटु र वन अर्थात् जंगल मिलेर बनेको चितवन वन र वन्यजन्तुमा धनी छ। चितवनका यिनै वन्यजन्तु एवं प्राकृतिक सुन्दरता यहाँको पर्यटनको मुख्य आधार हो। नेपाल भ्रमण वर्ष-२०२० मा म यही सम्पदासँगै र यहाँ विकास हुँदै गएका ठूला सुविधा सम्पन्न होटल तथा लजहरूका बारेमा जानकारी गराउनेछु।' भरतपुर-१० की स्तुति श्रेष्ठले दिएको यही उत्तरले उनलाई यो वर्षको एस्पाएर मिस एसईई स्टार चितवन-२०१९ बनाएको छ। प्रतियोगिताका मुख्य निर्णायक कलाकार सुनिल थापाले एस्पाएर मिस एसईई स्टार चितवन-२०१९ बनेपछि चितवनको ब्रान्ड एम्बेसडरका हैसियतले चितवनलाई कसरी प्रवर्द्धन गर्नुहुन्छ ? भन्ने प्रश्न गरेका थिए। स्मल हेभन विद्यालयबाट एसईई दिएकी स्तुति २२ जनामध्येबाट उत्कृष्ट ठहर हुँदै उपाधि विजेता भएकी हुन्।

प्रमिता ढकाल

## मिस्टर एन्ड मिस नेपाल एसईई




अभ्यानी प्रोडक्सनको ब्यानरमा सञ्चालित मिस्टर एन्ड मिस नेपाल एसईई-२०१९ मा अंकित सुवेदी तथा पायल गुरुङले शीर्ष उपाधि चुमेका छन्। प्रतियोगितामा अंकितले भ्यूअर च्वाइस तथा ह्यान्डसम विधाको उपाधिसमेत जितेका थिए भने पायलले फेसन आइकन एवार्ड पनि आफ्नो पक्षमा पारेकी थिइन्। यो प्रतियोगितामा पपुलर र फोटोजेनिक एवार्डसहित संजीव घिमिरे तथा पर्सनालिटी, हेयर र फ्रेन्डसिपको एवार्डसहित दिया राई फस्ट रनर्सअप चयन भएका थिए। त्यसैगरी भेटरन एवार्डसहित अवेश उरह तथा फोटोजेनिक एवार्डसहित आकृति सदाशंकर सेकेन्ड रनर्सअप छानिए। यो प्रतियोगिता राष्ट्रिय नाचघरमा सम्पन्न भएको थियो।

## बेसीसहरका प्रिन्स एन्ड प्रिन्सेज

बेसीसहरमा पहिलो पटक आयोजित प्रिन्स एन्ड प्रिन्सेज लमजुङको उपाधि असिम गुरुङ तथा सिमोन गुरुङले जितेका छन्। असिम बेसीसहरको युनिभर्सल एकेडेमी कक्षा ८ तथा सिमोन अर्थली प्याराडाइज बोर्डिङ स्कुल कक्षा ६ मा अध्ययनरत छन्। असिमले मिस्टर हेन्डसम तथा भ्युअर्स च्वाइस टाइटल एवार्डसमेत जितेका छन्।

प्रिन्सतर्फ सुन्दरबजारका अन्तिम दुरा मस्ट कन्फिडेन्ट, मस्ट ट्यालेन्टेड सब टाइटलसँगै फस्ट रनरअप घोषित भए भने बेसीसहरका अन्जन राउत मस्ट जेन्टल टाईटल एवार्डसँगै सेकेन्ड रनर्सअप घोषित भएका थिए।

आश गुरुङ



## उमेरले छेकेन प्रतिस्पर्धामा

भी-टेन र मेलिना राईले निकै लामो समयपछि धरानमा आयोजित कन्सर्टमा भरपुर मनोरञ्जन प्रदान गरे। करिब ८ हजारभन्दा बढी दर्शकले भरिएको धरानको पब्लिक स्कुलको मैदानमा सञ्चालित सात्विक मनोरञ्जन धमाकाको सुरुवात स्थानीय गरिमा डान्स सेन्टरको नृत्यबाट भएको थियो। स्थानीय डेनी थुलुङ लिम्बू र सुनयना श्रेष्ठको सांगीतिक प्रस्तुति पछि करिब आठ बजे स्टेजमा चढिन्– गायिका मेलिना राई। उनले आफ्ना प्रमुख लोकप्रिय गीतहरू सुनाइन्। त्यसपछि र्‍यापर समिर घिसिङ (भी-टेन) को स्टेजमा आगमनले बेग्लै माहोल सिर्जना गर्‍यो। कन्सर्टमा बालबालिका तथा युवा-युवतीहरूले सँगै गीत गाएर भी-टेनलाई साथ दिएका थिए।

नरेन्द्र बस्नेत






## आठ विधामा आदिवासी एवार्ड

नेपाल आदिवासी जनजाति चलचित्र महासंघको आयोजनामा सम्पन्न तेस्रो आदिवासी जनजाति चलचित्र महोत्सवमा २० वटा चलचित्र प्रदर्शन गरियो। महोत्सवमा छोटो चलचित्रतर्फको एवार्ड प्रबलदीप विश्वासको निर्देशनको राजवंशी चलचित्र 'पुल्टी'ले जित्यो। उत्कृष्ट डकुमेन्ट्री तर्फ 'छेगु' ले एवार्ड प्राप्त गर्‍यो। यो वृत्तचित्र सुनुवार समुदायमा आधारित थियो।

उत्कृष्ट छायांकारको एवार्ड 'यारी' बाट युवराज राईले जिते भने उत्कृष्ट महिला कलाकारको एवार्ड 'खुर्पेटो'बाट विना थापामगरले जितिन्। उत्कृष्ट कलाकार पुरुषतर्फको एवार्ड गुरुङ चलचित्र 'रिजेनासा'बाट बल बहादुर गुरुङले हात पारे। उत्कृष्ट निर्देशकको एवार्ड गुरुङ भाषाको चलचित्र 'म्ले क्यू' बाट जसु गुरुङले जितिन्। उक्त अवसरमा लिम्बू चलचित्र 'के च्याब्रुङ' उत्कृष्ट चलचित्र घोषित भयो। यसैगरी पब्लिक च्वाइस एवार्ड 'रिजेनासा'ले जित्यो।

पहिलो विश्व

# अब महिनावारीमा पनि लिंगरी

महिलामा हुने महिनावारी सबै देशमा समस्याकै रूपमा छ । विकासशील राष्ट्रमा जनचेतनाको अभावमा महिनावारी स्वास्थ्य, शिक्षा एवं कुरीतिसँग जोडिएर आउँछ भने विकसित देशमा ती ३-४ दिनलाई ग्ल्यामरस देखिन पाइँदैन भन्ने कुरासँग जोडिन्छ । महिनावारी हुँदाका युवतीहरूको समस्यालाई मध्यनजर गर्दै बेलायतको एक युनिभर्सिटीमा अध्ययनरत २१ वर्षीया सियान हिकेले ग्ल्यामरस देखिने लिंगरी डिजाइन गरेकी छिन् । उनले तयार पारेको लिंगरी महिनावारी भएकी कुनै पनि महिलाले १८ महिनासम्म नियमित प्रयोग गर्न सक्ने किसिमको छ ।

यसले महिनावारी हुँदा आउने रगतलाई बाहिर निस्कन दिँदैन भने यसलाई धोएर पुनः प्रयोग गर्न सकिन्छ । परीक्षणमा सफल भएपछि उनले यसलाई कलेजकै फेसन शोमा प्रस्तुत गरेकी थिइन् । उनको यो गुणस्तरीय र ग्ल्यामरस पहिरनले धेरैको ध्यान तानेको थियो ।







# कारमा तेल हाल्न कुखुरा चोरी





विश्वकै महँगो कारको सूचीमा पर्ने बीएमडब्लू चढ्ने महत्वकांक्षा धेरैले राख्दै आएका छन् । करोडौं रुपैयाँ पर्ने यो कार चढ्ने सौख चीनको सिचुवान प्रान्तका एक कृषकमा पनि जाग्यो र उनले जेनतेन गरेर ३ करोड २० लाख रुपैयाँ हालेर बीएमडब्लू कार किने । कार त किने, तर उनलाई नियमित रूपमा हाल्नुपर्ने तेलका लागि पैसाको भने अभाव हुन थाल्यो । त्यसपछि उनले उपाय निकाले– तेल हाल्ने पैसा छिमेकीहरूको कुखुरा र हाँस चोरेर निकाल्ने ।

कुखुरा र हाँस चोरिन थालेपछि गाउँलेहरूले प्रहरीमा उजुरी गर्न थाले । प्रहरीले पनि चोर पत्ता लगाउन नसकेपछि सिसिटिभी क्यामेरा जडान गरेर भए पनि चोर पत्ता लगाउने उपाय गरियो । नभन्दै बीएमडब्लूका ती मालिकले राति मोटरसाइकलमा आएर कुखुरा चोरेको कुरा पत्ता लाग्यो । बीएमडब्लूका मालिकले आफ्नो कारमा तेल हाल्न कुखुरा चोरेको कुरा सार्वजनिक भएपछि स्थानीय गाउँलेहरूसमेत छक्क परेका थिए ।

# हाछ्युँ गर्दै पैसा असुल्दै




तपाईंलाई थाहा छ, हाछ्युँ गरेर पनि पैसा कमाइन्छ भन्ने कुरा ? हामीकहाँ त हाछ्युँ गर्‍यो भने कि रुघा लागेको भनिन्छ, कि साइत बिगारेको, तर वेल्सकी एक १८ वर्षीया युवतीले भने हाछ्युँ गरेरै राम्रो आम्दानी गरिरहेकी छिन् ।

अबि हेयउड नामकी ती छात्राको लक्ष्य फाइन आर्ट पढ्नु हो । पढाइमा अब्बल भए पनि राम्रो युनिभर्सिटीमा महँगो शुल्क तिर्नुपर्ने भएका कारण उनले अतिरिक्त पैसाको जोहो गर्नुपर्ने भयो । त्यसैले उनले हाछ्युँलाई अतिरिक्त पैसा कमाउने माध्यम बनाइन् । अबिले हाछ्युँ गरेको भिडियो हेर्न धेरै जना लालायित हुन थालेपछि उनले यसैलाई कारोबार बनाइन् । अबिले हाछ्युँ गरेको एउटा भिडियो क्लिप हेर्न न्यूनतम ३ हजारदेखि साढे ४ हजार रुपैयाँ तिर्नुपर्ने हुन्छ । कतिपयले अबिलाई खुट्टा देखाएर वा कुराकानी गर्दै हाछ्युँ गर्ने जस्ता विशेष भिडियो बनाउन माग गर्दा त्यसको शुल्क १५ हजार रुपैयाँसम्म तिर्नुपर्ने हुन्छ । कुनै पनि दर्शकले पैसा उनको खातामा पठाएपछि उनले सोही अनुसारको हाछ्युँ गरेको भिडियो तयार गरेर पठाउँछिन् ।



अबिले हाछ्युँ गरेको भिडियो युट्युबमा राखेपछि केही दर्शकले उनका सबै भिडियो राख्न अनुरोध गरेको र त्यसका लागि शुल्क तिर्न तयार भएको बताएपछि उनले यो कामलाई आम्दानीको माध्यम बनाएकी हुन् । अहिले उनी ५ मिनेटमा ३७ पटक हाछ्युँ गर्न सक्छिन् । नाकमा विभिन्न कुरा हालेर हाछ्युँ गर्ने क्रममा उनको सोचाइ अहिले अन्यत्र पनि मोडिएको छ । दर्शकको माग बढेको देखेर उनले नाकमा प्रयोग गर्न मिल्ने सेक्स टोइज निर्माण गर्ने सोचसमेत बनाएकी छिन् । नाकमा सेक्स टोइज हालेर थप आम्दानी गर्न सकिन्छ कि भन्ने उनको धारणा छ ।

# अनलाइनमार्फत भीख मागेरै ५५ लाख



एक युरोपेली महिलाले अनलाइनमार्फत भीख मागेर ५५ लाख ६९ हजार जम्मा गरेकी छिन् । उक्त भीख सहयोगका लागि भन्दा पनि गलत नियत राखेर कमाएको थाहा पाएपछि उनलाई संयुक्त अरब इमिरेट्स प्रहरीले दुबईमा पक्राउ गरेको छ । श्रीमान्ले छोडेका कारण बच्चाको लालनपालनको जिम्मा आफ्नो काँधमा रहेको जनाउँदै ती महिला सामाजिक सञ्जालका विभिन्न प्लेटफर्ममा फोटो पोस्ट गरेर पैसा माग्थिन् । उनले फेसबुक, ट्विटर, इन्स्टाग्रामजस्ता प्लेटफर्ममा अनेकन एकाउन्ट खोलेर बच्चाको फोटो देखाउँदै भीख माग्ने गरेकी थिइन् । उनको यो हर्कत थाहा पाएपछि उनका श्रीमान्ले प्रहरीसमक्ष उजुरी गरेका थिए । बच्चा आफ्नै साथमा रहेको र ती महिलाले सामाजिक सञ्जालमार्फत आफ्नो बेइज्जत गरेको लिखित उजुरी परेपछि प्रहरीले ती महिलालाई पक्राउ गरेको हो । साउदी कानुनअनुसार अनलाइनमार्फत भीख माग्नु अपराध मानिन्छ । यो कुरा प्रमाणित भए ती महिलाले लाखौं रुपैयाँ जरिवाना तिर्नुका साथै जेल जानुपर्ने सम्म हुनसक्छ ।

अपराध

# अन्धविश्वासको पराकाष्ठा

## नाबालकको घाटी रेटी रगत चढाए देउता खुसी हुने भ्रम






जनकराज सापकोटा

निर्दोष अढाई वर्षीय बालकको घाँटीमा धारिलो हतियारले रेट्ने कुरा त कल्पना गर्दा पनि आङ सिरिङ्ग हुन्छ, तर यस्तै कल्पनाबाहिरकै कुरा भयो, २३ वैशाखमा जनकपुरमा । दुई छोरा र एक छोरीका बाबु शत्रुघ्न महतो त्यो दिन घरमा एक्लै थिए । तन्त्रमन्त्रजस्ता कुरामा रुचि राख्ने उनी पछिल्लो केही समययता धनुषाको मिथिला-८, कुसुमविछौना घर भएका र नाताले भिनाजु पर्ने ५२ वर्षीय जंगवीर महतोको संगतमा थिए । टुनामुना र झारफुकका लागि चर्चित जंगवीर अनेकन तन्त्र-मन्त्र फलाक्थे । तिनै जंगवीरको लहलहैमा लागेर शत्रुघ्नले बालक हत्याको घटना गराएको प्रहरी अनुसन्धानले देखाएको छ ।

बालककी आमा घाँस काटन गएका बेला शत्रुघ्न उनका घर पुगे । छिमेकी भएकाले पनि शत्रुघ्नले बालक आर्यनलाई नजिकबाट चिनेका थिए । बालकले पनि उनलाई बाबा भन्थे । बालकको घरमा पनि कोही नभएको र आफ्नो घरमा पनि कोही नभएको । मौका छोपीरहेका शत्रुघ्नलाई त्यो उपयुक्त समय लाग्यो । साँझ ढल्की नसक्दै उनले आर्यनलाई काखमा च्यापेर आफ्नो घर ल्याइसकेका थिए । चिनेजानकाले ती बालक पनि उनीसँग खेल्दै रमाए । शत्रुघ्नले भैंसी दुहे र भोकाएका आर्यनलाई पिलाए ।

त्यतिबेलासम्म आर्यन हराएको खबर गाउँमा फैलिसकेको थियो । आर्यनकी आमा यता-उता भौतारिन थालिसकेकी थिइन् । बालकको खोजी भएको थाहा पाएपछि शत्रुघ्नले बालकलाई काखीमा च्यापी घर बाहिरका झाडीमा लुके । झन्डै डेढ घण्टा त्यहाँ बसेर रात छिप्पिएपछि उनी कोठामा फर्किए । त्यतिबेला आर्यन निदाइसकेका थिए ।

प्रहरीका अनुसार राति झन्डै दुई बजेतिर शत्रुघ्न उठे । पुजा सामग्री ठिक्क पारे । प्रहरीका अनुसार जसमा अक्षता, फुल र धारिलो हतियार थियो । दुवै हातले आर्यनलाई उठाए । पूजा गर्ने ठाउँमा ल्याए । मन्त्रोच्चारण गर्दै निदाइरहेको आर्यनको घाँटीमा हतियार चलाए । पूजास्थल रगतले भरियो । उनले शवलाई तौलियामा बेरे र घरपछाडिको झाडीमा लुकाए ।

घटनाको २५ दिनपछि मात्र प्रहरीले घटनामा संलग्न शत्रुघ्नलाई पक्राउ गर्‍यो । जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी शेखर खनालका अनुसार दैवी शक्ति आर्जन गर्ने अन्धविश्वासमा परेर शत्रुघ्नले ती बालक हत्या गरेका थिए । प्रहरी बयानमा शत्रुघ्नले चमेनीमाईलाई खुसी तुल्याउन बालकको रगत चढाएको कुरा बताएका छन् । प्रहरीले उनीमाथि कर्तव्य ज्यान र शरीर बन्धक तथा अपहरणसम्बन्धी दुईवटा मुद्दा चलाएको छ ।

प्रहरी स्रोतका अनुसार बालक हत्यामा शत्रुघ्नलाई उकास्ने काम भने उनकै भिनाजु जंगवीरले गरेको प्रहरीको अनुमान छ । शत्रुघ्नको बयानका आधारमा प्रहरीले जंगवीरलाई पनि पक्राउ गर्न खोजेको थियो, तर घटना लगत्तैदेखि उनी फरार छन् ।

शत्रुघ्नका एक छोरा वैदेशिक रोजगारीमा थिए । विवाह भएकी छोरी बिरामी भएपछि उनकी श्रीमती र अर्को छोरा उनको उपचार गराउन काठमाडौं गएका थिए । आफ्नै खेतीबारीको उब्जनीले खान पुग्ने परिवारका शत्रुघ्न पछिल्ला महिनाहरूमा तन्त्र-मन्त्रको अन्धविश्वासी संसारमा एकोहोरिएका थिए । उनी छर-छिमेकका बालबालिका बिरामी हुँदा फुकफाक गर्न पुग्थे । प्रहरीका अनुसार उनको हिंस्रक विगत पनि देखिँदैन, तर तन्त्रमन्त्रजस्तो अन्धविश्वासको पछि लाग्दा उनी बालकको हत्यामा अग्रसर भए । एसपी खनालका अनुसार प्रहरी बयानमा शत्रुघ्नले आफुले अन्धविश्वासमा परेर बालकको हत्या गरेको स्वीकार गरिसकेका छन् । खनालले घटनामा सघाउने अरूको पनि खोजी भैरहेको बताए ।

कथित धर्म र दैवी शक्ति आर्जनका नाममा बालकको बलि दिने यो घटना पहिलो भने होइन । ९ साउन २०७२ मा नवलपरासीको कुडियामा पनि यस्तै घटना घटेको थियो । तत्कालीन कुडिया गाविस-४, मर्चहवाका कोदाइ चमारले केही गाउँलेको सहयोगमा १० वर्षीय सोनु भनिने जीवन कोहारको घाँटी रेटेर हत्या गरेका थिए । अनौठो त के छ भने जनकपुरको घटनामा भन्दा फरक उक्त बलि प्रकरणमा कोदाईले हत्या भएका बालककै परिवारका सदस्यलाई हातमा लिएका थिए । कोदाईले भाइ सूर्यभान, झाँक्री गुरु भनिने गंगा चमार तथा ज्वाईं रुदलको सहयोगमा बालक सोनुको हत्या गरेका थिए ।

घटनालगत्तै पक्राउ परेका कोदाईले आफ्ना १८ वर्षीय छोरालाई सर्पले टोक्दा उपचारपछि पनि निको नभएको र त्यही बेला देउता चढेर आफूलाई मानिसको मासु खान मन लागेको बताएपछि आफूले बालकको बलि दिएको बताएका थिए । कोदाईले मानिसको मासु चढाउन नसके देउताले आफ्नै मासु खाने डर भएपछि पूजा गरेर बालकको हत्या गरेको जानकारी दिएका थिए ।

यी दुवै घटनामा केही समानता देखिन्छ । जस्तो कि दुवै घटनामा बालकको मध्यरातमा हत्या गरिएको छ । दुवै घटनामा हत्या अघि देउताको पूजा गरिएको छ अनि दुवै घटनामा स-साना बालक प्रयोग भएका छन् । प्रहरी प्रधान कार्यालयका प्रवक्ता डिआईजी विश्वराज पोखरेल अन्धविश्वासले जकडिएको समाजमा दैवी शक्तिको भ्रम नचिरेसम्म यस्ता घटना भैरहने बताउँछन् ।

२०७३ भदौको अन्तिम साता पनि नरबलिको असफल प्रयासको एउटा घटना काठमाडौंबाटै सार्वजनिक भएको थियो । भारतीय तान्त्रिक कानु पहरीले स्वयम्भूको सानो भ्याडस्थित एक घरमा धादिङकी एक १६ वर्षे किशोरीको बलि दिने प्रयास गरेको घटना प्रकाशमा आएको थियो । १८ दिनसम्म बन्धकजस्तै बनाएर पूजा-पाठ भैरहेका बेला किशोरी भागेपछि मात्र प्रहरीले घटनाका सम्बन्धमा जानकारी पाएको थियो । उक्त षड्यन्त्र थाहा पाएपछि केन्द्रीय अनुसन्धान ब्युरोको जघन्य अपराध हेर्ने पिलर नम्बर १ ले घटनाको अनुसन्धान अघि बढाएको थियो । त्यतिबेला पिलरका डिएसपी रुगम कुँवरको टोलीले पूजा भएको भनिएको घरमा छापा मारेको थियो, जहाँबाट मानव खप्पर, हाडखोर तथा कालीको मूर्ति बरामद गरिएको थियो ।

उक्त घटनाको अनुसन्धानमा जिल्ला प्रहरी कार्यालय तथा धादिङका तत्कालीन डिएसपी सविन प्रधान पनि संलग्न थिए । स्वयम्भूमा व्यापार गरी बस्ने ओमकार साहले २०७० चैतमा मानव खप्पर किनेर ल्याएको र त्यही राखेर तन्त्र साधना गरेको प्रहरीले बताएको थियो । आफूलाई बलि दिइने कुरा थाहा पाएपछि धादिङ घर भएकी ती किशोरी त्यहाँबाट भागेर गाउँ पुगेकी थिइन् । गाउँ पुगेपछि पनि तान्त्रिक तथा उनका सहयोगीले निरन्तर धम्की दिएपछि ती किशोरीले जिल्ला प्रहरी कार्यालय, धादिङमा उजुरी गरेकी थिइन् । हाल भक्तपुरका एसपी प्रधानले त्यतिबेलाका नरबलिको उक्त प्रसंग सुनाउँदै उजुरी लिएर पीडित आएपछि आफू चकित भएको बताए । उनले भने, 'यस्तो पनि हुन्छ र ? भन्नेजस्तो केस थियो, तर पछि अनुसन्धान गर्दै जाँदा सबै कुरा पुष्टि भयो ।'

### नरबलि : एक अन्धविश्वास



विश्वराज पोखरेल
प्रवक्ता, नेपाल प्रहरी

**नरबलिको घटना किन दोहोरिरहन्छ ?**

नेपाली समाजमा परम्परागत धार्मिक अन्धविश्वासहरू छन् । धामी, झाँक्री तथा दैवी शक्तिमा विश्वास गर्नेहरू पनि उत्तिकै छन् । यस्तो अन्धविश्वास बेला-बेला अपराधका रूपमा समेत प्रकट हुने गरेको छ । जनकपुरको घटना पनि त्यस्तै हो । हाम्रो समाजमा भूत बोलाउने, भूत नचाउने वा बोक्सी बकाउने जस्ता अन्धविश्वास व्याप्त छन् अनि यही अन्धविश्वासमा जकडिएकाहरूले शक्ति आर्जन गर्ने वा देउता खुसी पार्ने भ्रममा परेर अपराध गरेको पाइन्छ ।


**बालबालिकाको हत्या गर्ने वीभत्स विचारले किन समाजमा ठाउँ पाइरहेको छ ?**

अशिक्षा नै यसको मुख्य कारण हो । बलि दिए शक्ति आउँछ भन्ने विश्वास नै अन्धविश्वासको उपज हो । आधुनिक समाजमा पनि यस्तो प्रथा भित्रभित्रै चलिरहेको छ । यस विषयमा राम्रोसँग बुझाउन नसक्दा र शिक्षाको कमीले गर्दा पनि यस्तो भैरहेको पाइन्छ ।

**यस्ता घटनाको अनुसन्धानमा प्रहरीको सफलता कस्तो छ ?**

नरबलि वा अन्धविश्वासमा परेर हुने अपराधका घटनामा प्रहरीले छिटै अभियुक्तलाई पक्राउ गर्दै आएको छ । किनभने नरबलि दिनेहरू घटनापछि भाग्ने वा लुक्ने भन्दा पनि मैले शक्ति आर्जन गरे अब मलाई कसले के गर्न सक्छ र ? भन्ने खालको भ्रममा हुन्छन् अनि प्रहरीले सजिलै त्यस्ता अपराधीलाई पक्राउ गर्छ ।

### नरबलि
### सबैभन्दा ठूलो पापकर्म



वासुदेवकृष्ण शास्त्री, संस्कृतिविद्

हिन्दू धर्मशास्त्रमा नरबलिको कुनै विधान छैन । देउतालाई खुसी पार्न मानिस त्यसमा पनि बालबालिकाहरूलाई मारेर रगत चढाउने भन्ने कुरा त हुँदै नभएको कुरा हो । मानिसभित्र काम, क्रोध, लोभ सबै निहित हुन्छ । बलि चढाउने भनेको मानिसभित्र रहेको काम, क्रोध, लोभ, मोहलाई त्याग्ने भनेको हो । मानिस अर्थात् नरभित्र रहेको नकारात्मक भाव अर्थात अवगुणहरूको बलि चढाउने कुरा हाम्रो शास्त्रले गरेको छ । त्यसको अर्थ मानिसकै बलि चढाउने भन्ने हुँदै होइन, तर दिग्भ्रमित कतिपय मानिसले कुरा नबुझेर मानिसकै बलि चढाउन थाले ।

यो घनघोर अपराध र पाप हो । मानसिक रूपमा विकृतहरूले गर्ने काम हो यो नरबलि भनेको । तन्त्रहरूको ६४ साधनामध्ये अघोरतन्त्रमा शव साधनाको उल्लेख छ । त्यो भनेको मृत्यु भैसकेका मानिसको शवमाथि बसेर गरिने साधना हो । यो शास्त्रले पनि ज्युँदो मानिसलाई मार्ने परिकल्पना गर्दैन । तन्त्रहरूमा यस्तो साधनाको कुरा भए पनि कलियुगमा यस्तो साधना पूरै निषेध छ ।

पिचास र राक्षसले मात्र मानिसको बलि खाने काम गर्छ, तर नरबलि भन्ने कुरा शास्त्रसम्मत हुँदै होइन । नरबलिको नाममा शक्ति आर्जन हुने कुरा हुँदै नभएको भ्रम हो । बालबालिकाहरूको घाँटी रेटेर देउतालाई रगत चढाउने भनेको घनघोर अपराध कर्म हो । यो धर्मको नाममा सबैभन्दा ठूलो पाखन्ड हो । यस्तो कर्म गर्नेहरूले न शक्ति आर्जन गर्छन्, न यसबाट देउता खुसी हुन्छन् । यो त सबैभन्दा ठूलो पाप बाहेक केही होइन । यस्तो काम पिचास कर्म हो ।

अघोर साधना गर्ने अघोरीहरूले शव जलाइसकेपछि मानिसको मासु खान्थे । यद्यपि यस्ता साधना ५ हजार वर्षयता निषेधित अवस्थामा छन् । देवता कल्याणकारी हुन्छन् । देवताले कहिल्यै मानिसको बलि खोज्दैनन् वा माग्दैनन् । व्यक्तिगत शक्ति आर्जन गर्ने भ्रममा नरबलि दिनु सबैभन्दा निकृष्ट अपराधकर्म मात्र हो ।

## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

**खडानन्द र हरिबोल**

हरिबोल : ओए खडे, त्यो सुस्तरी सुस्तरी आउ है भेट्न देउरालीमा भन्दै गीत गाउने जीएफ थिइ नि तेरो, कता गइ आजकाल ?

खडानन्द : कुरै नगर न त्यसको, त्यही गीत गाउँथी र म पनि सुस्तरी नै भेट्न गा'को, यति सुस्तरी गएछु कि, म पुग्दा त उसको बिहे भैवरी दुइटा बच्चासमेत भैसकेछन् ।

खडानन्द हरिबोलको घरमा पुगे ।

हरिबोल : ल कस्तो ठिक्क टाइममा आइपुगिछस् यार, लु भन्, खिर खान्छस् कि हलुवा ?

खडानन्द : हैन हौ हरि, तेरो घरमा एउटै मात्र कचौरा छ कि क्या हो ????

खडानन्द बाटोमा हिंड्दै थिए । एउटा अटोरिक्सा बाटो छेउमा रोकिएको थियो । ड्राइभरभित्र बस्या थियो ।

खडानन्द : भाइ, बसस्ट्यान्ड जान्छौ ?

ड्राइभर : (खुसी हुँदै) : जान्छु हजुर !

खडानन्द : त जाऊ न त, किन यहाँ घोत्लिएर बसिराख्या ?

खडानन्द र पत्नी किचेनमा

खडानन्द : तैट, आज पनि फेरि भान्टा ? तिम्लाई थाहा छैन कि क्या हो ? धेरै भान्टा खायो भने अर्को जन्ममा मानिस गधा भएर जन्मिन्छ रे ?

पत्नी : हो, यो कुरो त तिमीले पूर्वजन्ममा भान्टा खाएकै बेला सोच्नुपर्थ्यो नि त !

**खडानन्द र पत्नी**

खडानन्द : तिम्रो कालो, घना, बाक्लो र लामो, सलक्क परेको बादल जस्तो केशले पनि हङ्गामा मच्चायो प्रिय !

पत्नी : वाउ, मेरो कपालको यस्तो तारिफ ?

खडानन्द : हो त प्रिये, कहिले दालमा, कहिले भातमा, कहिले तरकारीमा, कहिले चियामा, अब त हुँदा-हुँदा पिउने पानीमा समेत पनि, हङ्गामा नै मच्चायो यार ......

लठेब्रो खडानन्दको बिहे गराइदिन उनका बाउसमेत केटीको घर गए । कुराकानी गर्दागर्दै लठेब्रो खडानन्दलाई पिसाबले चेपेर खपिनसक्नु भयो । शौचालय देखेनन्, केटीलाई छेउमा बोलाएर खडानन्दले कानमा खुसुक्क सोधे : पिसाब फेर्ने ठाउँ देखाऊ न ......

केटी : नाइँ के, पहिले तिमी देखाऊ अनि मात्र (केटी पनि लठ्यौरी नै परिछ ।)

**खडानन्द र जीएफ**

जीएफ : केटाहरू कुनै पनि कुरामा गम्भीर हुँदैनन्, उनीहरू साह्रै कम सोच्छन् ।

खडानन्द : कम सोच्छन् रे ? तिमी एकपल्ट मुस्कुराई हेर न, बिहेको सुटदेखि लिएर भबिष्यमा हुने बच्चाबच्चीको नामसमेत सोचिसक्या हुन्छु मैले ।

हरिबोल हरिद्वारतिर घुमेर एक महिनापछि आए । खडानन्दलाई भेटे, खडानन्द एकदमै दुखी र उदास देखिन्थे ।

हरिबोल : के भो यार तँलाई ? धेरै दुब्लाइछस् पनि ।

खडानन्द (रुँला-रुँला जस्तो गर्दै) : पत्नीले छोडेर गइ यार मलाई ।

हरिबोल : तँ पनि सँगै जानुथ्यो नि त उतै ?

खडानन्द : के भन्छ यार, बूढी त मरी-मरी, म पनि यही उमेरमा मरे ती छोराछोरीको बिजोग हुँदैन ...????

**खडानन्द र हरिबोल**

खडानन्द (रुँदै) : मलाई मेरी पत्नीले छोडेर गै यार !

हरिबोल : राम्रोसँग ख्याल राखिनस होला अनि ।

खडानन्द (हरिबोलको गालामा बजाउँदै) : साले गधा, आफ्नै साख्य बहिनीजस्तो गरेर राख्या थिएँ उसलाई ।

खडानन्दको घर सहरको एकछेउमा थियो । एकपटक सर्ट सर्किटका कारण एउटा पाँचतल्ले होटलमा आगलागी भयो, धेरै मानिस होटलको आँगनमा जम्मा भए, त्यहाँ खडानन्द पनि थिए । उद्धारका क्रेन ल्याइयो ।

खडानन्द : लु, जति मानिसहरू भेट्छौ, तल झारदेओ, म सुरक्षितसाथ पक्रेर भुइँमा राख्छु ।

(पहिले एउटा मानिसलाई झारे, त्यसपछि एउटी युवती, अनि एउटा अधबैंसे मानिस, त्यसपछि एउटा सत्र-अठार वर्षको केटा, सबैलाई च्यापच्याप पक्रिदै भुइँमा राखे, अन्तिममा एउटा निग्रो (हब्सी) लाई माथिबाट झारे, त्यसलाई खडानन्दले पक्रेनन्, त्यो भ्यात्त भुइँमा झर्‍यो, त्यसपछि खडानन्द (चिच्याउँदै) : अरे गधा हो, जो पहिल्यै, माथि नै डढिसक्या छ, त्यस्तो ठुटोलाई किन उद्धार गरेर झार्नुपर्‍यो...

**अविवाहित खडानन्द र हरिबोलको गफ**

खडानन्द : यी पत्रिकावालाहरूलाई पनि घोर पाप लाग्छ यार, नर्कमै जाकिन्छन् यार यिनीहरू ।

हरिबोल : हो नि यार, हामीजस्ता अविवाहित कुमारहरूको राशीफलमा सन्तानसुख र पुत्र प्राप्ति अनि श्रीमतीबाट अगाध माया भनेर लेख्छन् यार !

**खडानन्द र पत्नी**

पत्नी : यदि म थिइनँ भने तिम्रो हालत के हुन्थ्यो ? यसो सोच त खडु ।

खडानन्द : राम्रै हुन्थ्यो नि, साँझ-बिहान बेलनाको झटारो त खान पर्दैनथ्यो ।

खडानन्द एउटी राम्री युवतीको छेउमा गए प्रेम प्रस्ताव राख्न । छेउमा पुगेपछि के बोलूँ-बोलूँ भयो ।

खडानन्द (बिस्तारै) : कति जना छन् तिम्रा दाजुभाइ ?

युवती : तिमीसमेत मिलाएर चार जना ।

खडानन्दलाई प्रहरीले गिरफ्तार गरेर लाँदै थिए । बाटोमा हरिबोलले भेटे ।

हरिबोल : के गरेछ यो खडानन्दले ?

खडानन्द : अरे यार हरि, सम्झा न यी पुलिस भाइलाई, सरकार रूख रोप्नु भन्छ, गाँजाको दुई-चार बोट लगाएको थिएँ, अरे गाँजाको रूख पनि त रूखै हो नि यार !

**खडानन्द र हरिबोल**

खडानन्द : एउटा कुरा सम्झँदाचाहिँ साह्रै दुःख लाग्छ यार मलाई ।

हरिबोल : के कुरा ?

खडानन्द : जब मलाई बोलाउँदा दिदीले 'कुकुर', आमाले 'कामचोर' बुबाले 'गधा' र हजुरबाले 'मऱ्या स्याल' नै भन्नु थ्यो भने मेरो नाम किन 'खडानन्द' राखिदिएका होलान् ...????

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश कुमार खपाङ्गी
yogeshkhapangi@gmail.com




## पत्याउनु हुन्छ ?

# रूख पनि फ्यान

दक्षिण अमेरिकी देश पाराग्वेको सेकेन्ड डिभिजन क्लव टिम द रेसिस्टेन्सिया स्पोर्ट्स क्लबले आफ्नो स्टेडियममा लगाइएको एउटा रूखलाई आफ्नो आधिकारिक फ्यान घोषित गरेको छ । मानिसबाहेक अन्य वस्तुलाई आफ्नो फ्यान घोषित गर्ने यो क्लब संसारकै पहिलो क्लब हो । उक्त रूखलाई क्लबले आफ्नो सदस्यता कार्ड तथा आधिकारिक जर्सीसमेत उपलब्ध गराएको छ । उक्त रूख उक्त क्लब जतिकै पुरानो भएको बताइन्छ । त्यो रूख भएको ठाउँमा स्टेडियम निर्माण गर्दा क्लबका सञ्चालकहरूले उक्त रूखलाई भने यथावत् राख्ने निर्णय गरेका थिए ।




## तथ्य - सत्य

# सबैभन्दा महँगो रिसोर्ट



संसारकै सबैभन्दा महँगो मानिएको एउटा रिसोर्ट फिलिपिन्सको एउटा टापुमा सञ्चालनमा आएको छ । १५ एकड क्षेत्रफलमा फैलिएको उक्त रिसोर्टमा ६ वटा बेग्लाबेग्लै भिल्ला निर्माण गरिएका छन् । प्रत्येक भिल्लामा ८ जनाका लागि सबैखाले आधुनिक सुख-सुविधा जुटाइएको छ भने प्रत्येक भिल्लाको छतमा इनफिनिटी पुल निर्माण गरिएको छ । उक्त रिसोर्टसम्म पुग्न सी प्लेन तथा हेलिकप्टर प्रयोग गर्नुपर्ने हुन्छ । यो रिसोर्टको एउटा भिल्लामा एक रात बिताउन १ करोड १२ लाख रुपैयाँ खर्च गर्नुपर्ने हुन्छ ।

साहित्य

# भूपिनको नजरमा पाँच उत्कृष्ट गन्तव्य

यो वर्ष कवि तथा निबन्धकार भूपिन व्याकुलको परिचय थपिएको छ । यसै वर्ष उनको "मैदारो" शीर्षकको उपन्यास सार्वजनिक भएको छ । यो उपन्याससँगै उनी आख्यानकारका रूपमा पनि अगाडि आएका छन् । "हजार वर्षको निद्रा", "सुप्लाको हवाईजहाज" जस्ता उत्कृष्ट कृति प्रकाशन गरेका भूपिनले एउटा चित्रकारको कथालाई लिएर लेखेको आफ्नो उपन्यासमा सामाजिक यथार्थ र कल्पनाको सम्मिश्रण गरेका छन् । साहित्यकार भूपिन आफ्नै लेखन जीवनका दौरान नेपालका विभिन्न स्थानमा पुगेका छन् । नेपालका अधिकांश स्थान पुगिसकेका भूपिनले घुमाइका हिसाबमा आफूलाई उत्कृष्ट लागेका पाँच स्थानका बारेमा यसरी जानकारी दिएका छन् :

### पोखरा

पोखरा आफैंमा सुन्दरताको अर्को बिम्ब हो । पोखरामा रमाउने कुरा थुप्रै छन् । पोखरामा हिमाल र तालको अनुपम सौन्दर्य अवलोकन गर्न सकिन्छ । प्रकृतिले सिंगारेको यति सुन्दर सहर संसारमा कमै होलान् ।

### खप्तड

नेपालका पर्यटकीय स्थलमध्ये खप्तड पनि एक हो । खप्तड सुदूरपश्चिमको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल मानिन्छ । खप्तड पुगेर हेर्नैपर्ने ठाउँ खप्तड बाबाको आश्रम हो । समुद्र सतहबाट ३ हजार ५ सय मिटर सम्म उचाइमा फैलिएको खप्तड राष्ट्रिय निकुञ्ज भित्र ५ सय ६७ थरीका वनस्पति तथा नेपालमा पाइने ८ सय ५० किसिमका चराचुरुंगीमध्ये २ सय ६० भन्दा बढी चराचुरुंगी बसोबास गर्छन् । यहाँ विशाल पाटन तथा हिमाली दहहरूको समेत सौन्दर्यपान गर्न सकिन्छ ।

### मुस्ताङ

मुस्ताङ गण्डकी प्रदेशको सबैभन्दा उत्तरमा पर्ने जिल्ला हो । यहाँका काली गण्डकी किनारका बस्तीले मनलाई आनन्दित तुल्याउँछन् । मुस्ताङको मन तान्ने अर्को विशेषता भनेको यहाँको फरक ल्याण्डस्केप हो । हरियाली नहुँदा पनि पृथ्वी कसरी अप्रतिम सुन्दर देखिन्छ भन्ने कुरा थाहा पाउन पनि एकपटक मुस्ताङ पुग्नैपर्ने हुन्छ ।

### काठमाडौं

काठमाडौं यसै पनि हरेक नेपालीको प्रमुख गन्तव्य हो । देशको राजधानी भएकाले पनि हरेक कामकाज मात्र होइन, घुम्नकै लागि पनि प्रायः नेपालीहरू काठमाडौं पुग्छन् । पछिल्लो समय काठमाडौंको वातावरण त्यति सहज छैन । यद्यपि काठमाडौंका मन्दिर, गुम्बाहरूको आनन्द लिन तथा तिनको आर्किटेक्टको उच्चता महसुस गर्न पनि काठमाडौं घुम्नु आवश्यक छ ।

### चितवन

घुमघामका लागि चितवन पनि उत्तम स्थल हो । यहाँ सौराहा, मेघौलीजस्ता क्षेत्रमा प्रकृतिसँग एकाकार हुन पाइन्छ भने देवघाट, वाल्मीकि आश्रम, सीतामाई थानजस्ता तीर्थस्थल घुम्दा चित्त शुद्ध हुन्छ । त्यति मात्र होइन, उपरदाङ गढी, सोमेश्वर गढीजस्ता प्राचीन ऐतिहासिक क्षेत्र घुम्दा हाम्रा पिता पुर्खाहरूप्रति गौरवबोध हुन्छ । चितवन राष्ट्रिय निकुञ्जमा दुर्लभ एकसिंगे गैंडा, हात्ती, पाटेबाघ एवं विभिन्न चराचुरुङ्गी हेर्न तथा जंगल सफारीको आनन्द लिन सकिन्छ । वाइल्ड लाइफ मन पराउनेहरूका लागि चितवन स्वर्ग नै हो ।

राधिका अधिकारी



# विस्तार हुँदै साहित्यिक गतिविधि



माधव

साहित्य, संगीत एवं कला सिर्जनामा अग्रणी पूर्वका जिल्लामा साहित्यिक एवं सांस्कृतिक गतिविधि उल्लेख्य रूपमा बढेका छन् । यहाँ विभिन्न सन्दर्भहरूमा साहित्यिक रचना प्रस्तुतिदेखि प्रतियोगितात्मक कविता अनि कला र संगीतसँग सम्बन्धित कार्यक्रमहरू पनि भैरहेका छन् ।

हालै इलामको देउमाई नगरपालिकास्थित मंगलबारेमा चर्चित साहित्यकारहरू भेला भएका थिए । साहित्य पर्यटन महोत्सवका क्रममा फरक ढंगले सञ्चालन गरिएको उक्त कार्यक्रममा साहित्य सिर्जनाको आयाम तथा नेपाली साहित्यको वर्तमान अवस्था एवं साहित्यमा स्थानीयताका सम्बन्धमा खुला बहस चलेको थियो ।

कान्तिपुर दैनिकका प्रधान सम्पादक तथा लेखक नारायण वाग्ले एवं दामिनी भीरका लेखक राजेन्द्र मुकारुङ साहित्य किन र कसरी लेख्ने भन्ने बहसमा सहभागी भए । उक्त बहस पाठकलाई केन्द्रबिन्दुमा राखेर लेखनको विषयवस्तु छनौट गरिनुपर्ने विषयमा केन्द्रित थियो ।

प्राध्यापक डा. अभि सुवेदीले राजधानी तथा मोफसलको साहित्यका सम्बन्धमा चर्चा गर्दै काठमाडौं बसेर सबै कुराको नेतृत्व गर्दा असन्तुष्टि बढेको बताएका थिए । सुदूरपूर्वको इलाममा यस्तो खालको बहस हुनुबाट केन्द्रीकृत मानसिकता भत्कँदै गएको बुझ्न सकिने उनको भनाइ थियो । सुवेदीले साहित्यमा राजधानीको मानसिकता राख्ने सानो विचार तोड्नुपर्ने धारणा व्यक्त गरे । साहित्यमा राजधानी र मोफसल नहुने भन्दै डा. सुवेदीले जहाँ बसेर सिर्जना गरिन्छ केन्द्र त्यहीं हुने जिकिर गरे ।

पत्रकार महासंघका पूर्वसभापति एवं सर्जक विष्णु निष्ठुरी, साहित्यकारहरू हाङयुग अज्ञात, मुनाराज शेर्मा तथा राज माङलाकले पनि साहित्यका विभिन्न पाटाहरूमा बहस गरे । उक्त अवसरमा कतिपय सर्जकले स्थानीय पहिचानबिनाको साहित्य अधुरो रहने धारणा व्यक्त गरेका थिए ।

महोत्सवमा स्थानीय भाषा एवं साहित्य, समकालीन साहित्य, सार्वजनिक जीवनमा महिलालाई कति सकस, कति सुविधाका साथै युवा अवसर र नेतृत्व, साहित्य र राजनीतिका विषयमा छलफल केन्द्रित थियो । उक्त अवसरमा साहित्यिक मात्र होइन, राजनीतिक व्यक्तित्वहरू पनि सहभागी थिए । चर्चित युवा नेताहरू नेकपाका सांसद योगेश भट्टराई तथा कांग्रेस केन्द्रिय सदस्य प्रदीप पौडेल पनि बहसमा सहभागी भए ।

### महोत्सवको शृंखला

मोरङको बेलबारीमा गणतन्त्र दिवसको अवसर पारेर जेठको दोस्रो साता कला तथा साहित्यिक महोत्सव सम्पन्न गरिएको थियो जहाँ चित्रकला र साहित्यका सर्जकहरूले अन्तर्क्रिया गरे । त्यहाँ नयाँ प्रतिभाहरूका सिर्जना सुनिए । कला र साहित्यसँग सम्बन्धित यस्तो गतिविधि निरन्तर सञ्चालन गर्ने योजना बनाएको आयोजक संस्था बेलबारी साहित्य विकास समितिकी अध्यक्ष रेखा सुवेदीको भनाइ छ ।

यसैगरी पथरी शनिश्चरे वृहत् कला साहित्य उत्सव जेठ १८ र १९ गते सम्पन्न भयो । स्थानीय कला साहित्य प्रवर्द्धन समितिले आयोजना गरेको उक्त उत्सवमा पूर्वका चर्चित सर्जकहरू भेला भएका थिए ।

भोजपुरको हतुवागढीमा हतुवागढी कला साहित्य महोत्सव आयोजित हुँदैछ । महोत्सवमा खुला कविता प्रतियोगितासमेत सञ्चालन गरिँदैछ । यस्तै चर्चित सर्जकहरूको उपस्थितिमा झापाको काँकडभिट्टामा केही अघि साहित्यिक महोत्सव सम्पन्न गरिएको थियो ।

### पुरस्कार एवं प्रोत्साहन

साहित्य, कला तथा सिर्जनाका क्षेत्रमा योगदान दिने व्यक्तित्वहरूलाई पुरस्कृत गर्ने क्रम पनि बढेको छ । विभिन्न सर्जकका नाममा स्थापित प्रतिष्ठान र संस्थाहरूले यस्तो पुरस्कार दिँदै आएका छन् ।

यसै साता विराटनगरस्थित डा. नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठानले २०७५ सालको भाषा-साहित्य पुरस्कार लक्ष्मी उप्रेतीलाई प्रदान गर्‍यो भने नरेन्द्र चापागाईं प्रतिभा पुरस्कार कवि उमेश लुईंटेललाई प्रदान गरिएको छ ।

यसैगरी दाहाल प्रतिष्ठानले स्वर्गीय विद्यादेवी बाबुराम सरस्वती दाहाल सेवा कोषले साहित्यलगायत विभिन्न विधामा योगदान पुर्‍याएका आठ जना व्यक्तित्वलाई पुरस्कृत गरेको छ । कोषले साहित्यतर्फ सविता गौतम दाहाल, पत्रकारितातर्फ शंकर खरेल, समाजसेवातर्फ गीता घिमिरे, गोविन्द पोखरेल र चेतनाथ पोखरेल, बुद्धि मगर, मनोज भट्टराई, निश्चल दाहाल तथा उत्सव दाहाललाई पुरस्कृत गरेको हो ।

यस्तै संस्कृत भाषा प्रवर्द्धनमा योगदान पुर्‍याएकोमा पाणिनी संस्कृत विद्यालय, पाञ्चाली संस्कृति विद्यालय, राधारमण संस्कृत विद्यालय तथा अम्बेवर जनता माध्यमिक विद्यालयका एक-एकजना विद्यार्थीलाई पनि पुरस्कार प्रदान गरिएको कोषले जनाएको छ ।

प्रतिभा पुरस्कार प्रतिष्ठानले प्रत्येक वर्ष प्रदान गर्दै आएका विभिन्न सात विधाका पुरस्कारको घोषणा गरिएको छ जसअनुसार नेपाली भाषा-साहित्यमा लामो समयदेखि योगदान दिएकामा कवि समालोचक डा. शैलेन्द्रप्रकाश नेपाल प्रतिभा पुरस्कार प्रदान गरिने भएको छ । यसैगरी लीलानाथ विश्वमञ्जरी बराल प्रतिभा पुरस्कार साहित्यकार तथा पत्रकार पुरुषोत्तम दाहाललाई, ज्वालाप्रसाद पोखरेल प्रतिभा पुरस्कार साहित्यकार पुण्यप्रसाद खरेललाई तथा दिनबन्धु-उषादेवी गोयल प्रतिभा पुरस्कार कवि कृष्ण प्रधानलाई प्रदान गर्ने निर्णय गरिएको प्रतिष्ठानले जनाएको छ ।

यता विराटलक्ष्मी प्रतिभा पुरस्कार कवि विष्णु भण्डारीलाई तथा षडानन्द प्रतिभा पुरस्कार कविद्वय निर्मला कोइराला र मन्जु श्रेष्ठलाई संयुक्त रूपमा प्रदान गर्ने निर्णय गरिएको प्रतिष्ठानका सहसचिव दिनेशराज सुवेदी डिडलालीले बताए । यो पुरस्कार असार २९ गते भानुजयन्तीका अवसरमा हस्तान्तरण गरिनेछ ।



# समरमा स्टाइलिस्ट फर्मल लुक्स

नेपाली फेसन बजार अझै पनि भारतीय सिरियलहरुबाटै प्रभावित छ । वेस्टर्न लुक्सलाई फलो गरे पनि नेपाली फेसन भारतीय फेसनबाट टाढिन सकेको छैन । यो वर्षको समरका लागि अन्तर्राष्ट्रिय फेसनमा ब्राइट अरेन्ज, पर्पल, नेभी ब्ल्यू आदि कलर हावी छन्, तर यी कलरहरु नेपाली फेसनमा त्यति प्रयोग हुन सकेका छैनन् । यी कलरमा डिजाइन बनाइए पनि फेसन पारखीहरु यसपटक पनि गत दुई-तीन वर्षदेखि हावी कलर पेस्टलमा पिच, मिन्ट ग्रिन, लाइट ब्ल्यू, बेबी पिंक, स्ट्रबेरी आदि रुचाइरहेका छन् । डिजाइनर वेयरमा भने भारतीयसँगै वेस्टर्न टचका पहिरन पनि भित्रिएका छन् । पहिले जस्तो पहिरनमै धेरै खर्च गर्ने तथा हेबी लुक्समा देखिने चाहना घटेको छ । अहिले समयले ल्याएको परिवर्तनअनुरुप पहिरनसँगै जुत्ता, घडी, मेकअप, ज्वेलरी आदिमा खर्च गर्ने क्रम बढ्दो छ । त्यसैले अहिले निकै महँगा हेबी पहिरनभन्दा डिजाइनर पहिरन चल्ती छन् ।

सिर्जना दुवाल श्रेष्ठ

**यसपटकको इस्टर्न टच डिजाइनहरु**

**स्ट्रेट कुर्ती :** स्ट्रेट कट भएका कुर्ता यस पटकको समरमा धेरै नै चल्ने डिजाइनमध्ये एक हो, जसमा पाइन्ट स्टाइलका सुरुवाल तथा नेरो बटन भएको पाइन्ट फेसनमा छ । ग्रन्च जिन्स तथा चुज जिन्समा पनि यी कुर्ती स्टाइलिस्ट देखिन्छन् । फ्लोरल प्रिन्ट फेब्रिकका कुर्ती समरभरि नै चल्नेछन् । ठूलो-ठूलो फ्लोरल प्रिन्टमा मिक्स कलरका कुर्तीमा स्ट्रेट डिजाइनमा साइड कट, फ्रन्ट कट, ब्याक कट, प्लेन पाइपिङ, साइडमा प्लेन फेब्रिक आदि डिजाइन गराउन सकिन्छ । ह्वाइट बेसमा ब्ल्यू, रेड, एल्लो, पिंक कलरको फ्लावर प्रिन्ट भएका जर्जेट तथा साटनका कुर्ती सबैको च्वाइसमा छन् ।

**फर्मल कुर्ती :** रसिल्क, कटन सिल्क तथा लाइक्रामा तयार पारिएको डिजाइनर स्ट्रेट लाइनका कुर्तीहरू पूजालगायत अन्य पारिवारिक कार्यक्रमका लागि उपयुक्त हुन्छन् । यसको मुनि स्ट्रेट पाइन्ट नै सुहाउँछ । यो पहिरन हेर्दा कुल तथा सजिलो हुनुका साथै यसमा सल लगाउनुपर्ने झन्झट पनि हुँदैन ।

**सारी तथा ब्लाउज :** हेबी सारी लगाउने चलन स्वात्तै घटेको छ । पूरै भरेको सारी एवं हेबी ब्लाउजको फेसन हटेर यो समरका लागि हल्का, मज्जाले मुजा बस्ने तथा शीतल कलरका सिम्पल सारीको फेसन छ । ६० को दशकमा धेरैजसो राजपरिवारका सदस्यहरूले लगाउने अर्गन्जा सारी पुनः फेसनमा छ । हेर्दा हल्का, लगाउँदा र हिँड्दा सजिलो समेत हुने भएकाले अहिलेको पुस्ताले यो फेब्रिकका सारी बढी रुचाइएको पाइन्छ । अहिलेको पुस्ताले कुनै पनि पहिरन लगाउँदा मेन्टेन गर्न सकिन्छ कि सकिँदैन भन्नेमा ध्यान दिन थालेको छ । लाउड टोन डिजाइन हट्दै सफ्ट टोन डिजाइनका सारीहरू फेसनमा छन् । सदावहार सिफन र जर्जेटका प्रिन्टेट सारी पनि फेसनमा छन् ।

समरका लागि फ्लोरल प्रिन्टका लाइक्रा ब्लाउज पनि चल्तीमा छ । यसमा भित्री लाइनिङ हुँदैन, पोल्दैन र टिसर्ट लगाएजस्तो फिल हुनु नै लाइक्रा ब्लाउजको मुख्य विशेषता हो । स्ट्रेचेबल फेब्रिकका ब्लाउजमा साइड जिपर तथा ब्याक जिपरको फेसन छ । अहिले हुकको चलन पूरै हटिसकेको छ । सिल्क तथा साटनका ब्लाउजमा लाइनिङ राख्दा पनि डिजाइन राम्रो देखिन्छ ।

**गाउन :** वेस्टर्न पहिरनमा बोल्ड प्रिन्ट भएका गाउन यो वर्षको फेसनमा छन् । भोलुम बढी भएको प्रिन्सेज स्टाइलका गाउन राम्रा हुन्छन् । वेस्टर्न गाउनले स्लिम र अग्लो समेत देखाउँछ । प्लेन मेटालिक साइनिङ भएको गाउन स्टाइलिस देखिन्छ । फ्रन्ट स्लिट, वन अफ सोल्डर गाउनले पनि समर पार्टीमा आकर्षक लुक्स दिन्छ ।



## टिनएजर समर लुक्स

जिन्समा प्लेन ह्वाइट टप्स टपिङ गरी माथिबाट प्रिन्टेड समर ज्याकेट आकर्षक देखिन्छ । माइक्रो सर्ट ड्रेस, स्कर्टमा फ्लोरल प्रिन्ट सर्ट, रक्कि पाइन्ट, रक्कि हाफ पाइन्ट, रक्कि स्कर्ट फेसनमा छ । लाइट कलरको प्लेन, प्रिन्टेड तथा जोमेट्रिक थ्री क्वाटर पाइन्ट पनि यो वर्षको समर फेसनमा छन् । यस पटक हट पाइन्ट तथा अफ सोल्जर टप्स युवापुस्ताका लागि हट केकका रूपमा भित्रिएको पहिरन हो ।

गत वर्ष जस्तै यस पटक पनि वानपिस पहिरन, ए लाइनको तथा फ्लेयर भएका नी लेन्थका वानपिस पनि फेसनमा छन् । यो समरमा प्रिन्टेड वानपिसका साथै एल्लो, ग्रिन, लाइट पिंक, चकलेट पिंक, बेबी पिंक आदि रंग चल्तीमा रहनेछ । टिनएजरहरूका लागि भने टुपिस स्कर्ट तथा टप्स चल्नेछ । यो उमेरकाले फ्लेयर भएका टप्स तथा स्कर्ट बढी रुचाउनेछन् भने रफल्स टप्स र स्कर्ट, रफल्स टप्स तथा हाफ पाइन्ट पनि फेसनमा रहनेछ । टिनएजरहरूबाट सी ग्रिन, अफ ह्वाइट, ह्वाइट कलर आदि बढी रुचाइनेछ ।

**अहिले नेपाली फेसनमा के-कस्तो ट्रेन्ड चलिरहेको छ ?**

इस्टर्न र वेस्टर्नको फ्युजन फेसन चलिरहेको छ । हामी पहिलेदेखि इस्टर्न फेसनको पछि लाग्यौं । फलानी हिरोइनको जस्तो अथवा फलानो सिरियलको कुनै पात्रले लगाएको पहिरनबाट नेपाली फेसन प्रभावित थियो तर अहिले वेस्टर्न पहिरन पनि उत्तिकै रुचाइएको छ । अहिले बलिउडबाट प्रभावित लेहेंगा चोलीमा वेस्टर्न गाउनको मिक्स डिजाइन फेसनमा छ भने डे वेयरमा वेस्टर्न तथा पार्टीका लागि इन्डियन लेहेंगा चोली नै चलनचल्तीमा छ । अहिले आएर नेपाली फेसनले आफ्नो आइडेन्टी खोजेजस्तो लाग्छ । फेसन बजार हेर्दा इन्डो वेस्टर्न र वेस्टर्न फेसनकै ट्रेन्ड छ ।

**तपाईंकहाँ कस्ता ग्राहक बढी आउँछन् ?**

बढी गरेर प्लस २५ का महिलाहरू आउँछन् । मेरो टार्गेट पनि यही उमेर समूह हो । किनभने टिनएजरहरूले चाहेर पनि डिजाइनर ड्रेस बनाउन सक्दैनन् । २५ कटेका महिलाहरू नै डिजाइनरकहाँ धाउने उमेर समूह हुन् ।



विष्णु गौतम

इम्प्याजिन बुटिक, कुपन्डोल

**कामकाजी महिलाहरुमाझ के-कस्ता पहिरन चल्तीमा छन् ?**

अफिसियल वेयरका लागि पाइन्टमा एंकल लेन्थ, चुज तथा स्किनी पाइन्ट फेसनमा छ । यस्ता पाइन्ट-सर्टले एकदमै स्मार्ट लुक्स दिन्छन् । सर्टको स्लिभमा भने ठूलो बेली वा फ्रिल फेसनमा छ । एउटै मेटेरियलको टप एन्ड बटन पनि फेसनमा छ । अहिले कामकाजीहरूका लागि समर कोट र पाइन्ट पनि एकदमै रुचाइएको छ त्यस्तै प्रिन्टेड, लेनिन तथा कटनका समर कोट-पाइन्ट पनि फेसनमा छन् ।

**अहिले कुन फेब्रिक चलिरहेको छ ?**

समरका लागि रेबन, कटन, लेनिन, सिफ, जर्जेट तथा लाइक्रा नै उपयुक्त हुन्छन् ।



## समर स्पेसल स्मार्ट आइडिया

समरमा कुनै पनि आउटफिट किन्दा सजिलो हुने छान्नुपर्छ । हेबी वर्क र डार्क कलर समरका लागि उपयुक्त हुँदैन । त्यसैले फेब्रिक, कलर, इम्ब्रोडरीलाई छानेर मात्र किन्नुपर्छ । स्ट्राइप्स, चेक्स, सफ्ट, फ्लोरल तथा पोल्का डट्स समर कलेक्सनमा प्रयोग गर्न सकिन्छ ।

समरमा कटनकै आउटफिट राम्रो देखिन्छ । पिंक, लेंवेन्डर, एल्लोजस्तो सफ्ट कलरको कम्बिनेसन राम्रो देख्न्छ । धेरैजसो व्यक्ति समरमा कालो रंग लगाउन चाहँदैनन् । यद्यपि इभिनिङ पार्टीका लागि कालो रंगको गाउन, छोटो स्कर्ट तथा सारी एलिगेन्ट देखिन्छ ।

अब हाम्रो पालो

# नेपाली सिनेमा भनेपछि किन मुख खुम्च्याइन्छ ?



मौलिकतामा कमी, नायक-नायिकाले ओभर एक्टिङ गर्नु, जसलाई राम्रोसँग बोल्न नि आउँदैन उनीहरूलाई अनुहार हेरेर मात्र फिल्म खेलाउनु, विषयवस्तु निकै कमजोर हुनु आदि । यद्यपि केही राम्रा चलचित्र पनि छन् जुन जति पटक हेरे पनि फेरि हेरौं-हेरौं जस्तो लाग्छ जस्तो कबड्डी-१ र २, पशुपतिप्रसाद, जात्रा आदि ।

**अन्जान मित्र**

जात्रैजात्रा, पशुपतिप्रसाद, छक्कापन्जाजस्ता चलचित्र निर्माण हुने हो भने पक्कै पनि नेपाली सिनेमाको आकर्षण बढ्ने थियो ।

**करुणा नेपाल**

हेर्न मन त लाग्छ नि हजुर, तर पैसा तिरेर हलमा सुत्न जाने त होइन नि ।

**एआर जुन**

नेपाली फिल्मको फेद कता छ टुप्पो कता छ केही थाहा हुँदैन । अर्को कुरा, नेपालमा कलाकारहरू त छन्, तर उनीहरूको सम्पूर्ण क्षमता बाहिर निस्कन सकिरहेको छैन ।

**राजेन्द्र मगराती**

स्टोरी नै राम्रो हुँदैन, कुनै फिल्म बनाउनुअघि राम्रो रिसर्च गर्दैनन् । हावा तालमा निर्माण गरिएको फिल्म हेर्न जानलाई कसको पैसा बढी भा'छ र ?

**तरंग सन्जिल घिमिरे**

टेलिफिल्म हेरेजस्तो लाग्छ । न कथा छ, न पटकथा । फस्ट टेकमै फिल्म द एन्ड हुन्छ । तथापि केही फिल्म आफ्नै मौलिकतामा बनेका छन् र ती उत्कृष्ट समेत छन् ।

**सुदीप पोखरेल**

क्वालिटी नै छैन । के देखाउन खोजेको हो त्यो भन्दै नभनी फिल्म अन्त्य हुन्छ ।

**सपु अधिकारी**

फिलिम नहेरी समीक्षा गर्नेहरूले नेपाली फिलिमको बेइज्जत गरिरहेका छन् । दलालहरूले चलेका हिन्दी तथा अंग्रेजी फिलिमको प्रशंसा गर्छन् । उनीहरू फ्लप भएका हलिउड-बलिउडका फिलिमको चर्चा कहिल्यै गर्दैनन् । नेपाली हुन वा भारतीय वा विश्वका केही अरू कुनै पनि परिवारका सबै सदस्य अब्बल हुन्छन् भन्ने के ग्यारेन्टी छ ? कोही खराब मानसिकताका पनि हुन्छ । एक जनाका कारणले परिवारलाई दोष दिने व्यक्तिको दिमाग खराब छ भनेर बुझ्ने हुन्छ । पहिले नेपाली फिलिम हेरौं, ठीक-बेठीकको समीक्षा गरौं, अनि कमजोरीहरूलाई सुधार गर्दै जाऔं ।

**दीपककुमार खड्का**

पहिल्यैदेखि अरूको भर परेर हो । अब आफ्नोपनलाई पनि माया गर्न जरुरी छ । जबसम्म चेतना आउँदैन तबसम्म निरन्तर यस्तै नै चलिरहनेछ । भूकम्प र नाकाबन्दीलाई मनैदेखि सम्झियो भने आफ्नैपनको जित हुन्छ ।

**नेत्र तामाङ**

किनभने यहाँ कथामा भन्दा पात्रमा लगानी गर्ने चलन छ । अब चलचित्र राम्रो छैन भने कसैको थोपडा मात्र हेर्न हलमा जाने कुरा पनि त भएन ।

**किरण भण्डारी**

पशुपतिप्रसादजस्ता चलचित्र अभिनय खासै नभए पनि कथाको भरमा रुचाइएका हुन् । या त कथामा मौलिकता हुनुपर्‍यो या अभिनय गज्जबको हुनुपर्‍यो । दुवै कुरा नभएपछि नाक आफैं खुम्चिन्छ ।

**हरिष पौडेल**

हावाको भरमा सिनेमा बनाउने चलन, अरूको देखासिकी, राम्रो कथाको अभाव अनि फितलो प्रस्तुतीकरण । अर्को कुरा सिनेमा बनाए रातारात हिट भइन्छ भन्ने भ्रम ।

**चान्स आचार्य**

धेरै पछि जात्रैजात्रा हेरेको, साह्रै राम्रो लाग्यो । राम्रो फिल्म नबन्ने चाहिँ होइन, बनाउन जान्नुपर्छ ।

**राकेश रेग्मी**

लगभग ९५ प्रतिशत फिलिम एकदम हावा तरिकाले बनाइन्छ, धेरैजसोमा चोरिएको बासी कथा हुन्छ, अनि कलाकार हुन्छन् कुनै अध्ययन र सिकाइबिना नै आएका । प्रायः फिलिममा न कथा गतिलो हुन्छ, न अभिनय, न सिन नै । अनि किन नाक नखुम्चियोस त ?

**दीपकराज त्रिपाठी**

राम्रो फिल्म आ'को बेला नेपाली दर्शकलाई कसैलाई सिकाइरहनु पर्दैन– सन्दर्भ जात्रैजात्रा ।

**विप्लव**

प्रायः कथा कुनै न कुनै विदेशी फिल्मबाट चोरिएको हुन्छ अनि त्यो नक्कल पनि निकै कमजोर र भद्दा हुन्छ । निर्देशन अझ झुर हुन्छ । कथाअनुसार अभिनय हुँदैन । प्रस्तुति सबैभन्दा फितलो हुन्छ । त्यसकारण नेपाली फिल्म हेर्न मन लाग्दैन ।

**अजय अनमोल**

खै के खै के ? निन्द्रा नलाग्ने मान्छेचाहिँ नेपाली फिल्म हेर्न गयो भने झ्याप-झ्याप उँघेर मस्त निदाउँछ ।

**सिमरन लिम्बू**

हलिउड-बलिउड जतिसुकै राम्रो भए पनि मलाई मेरै नेपालीपन, नेपाली वेशभूषा, नेपाली संस्कृति तथा नेपाली चलचित्र नै मन पर्छन्– जय नेपाल ।

**गुरुङ सिजन प्रेम**

तुलसी घिमिरेले बनाएको फिल्ममा कसले नाक खुम्च्याएको छ र ?

**प्रभात आचार्य**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको व्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

जेठ ३१ गते
विश्व रक्तदाता दिवस

जेठ ३२ गते
विश्व अग्रजविरुद्ध हुने दुर्व्यवहार जागरुकता दिवस

असार २ गते
विश्व खडेरीविरुद्ध संघर्ष दिवस

असार ४ गते
द्वन्द्वमा हुने यौन हिंसा उन्मूलनका लागि विश्व दिवस

असार ५ गते
विश्व शरणार्थी दिवस

### मेष

प्रतिष्ठित व्यक्तिसँगको भेटघाटले नयाँ अवसर पहिल्याउनेछ । ईर्ष्या गर्नेहरू तपाईंको प्रगति देखेर छटपटाउनेछन् । शारीरिक आलस्यताले अवसर फुत्काउन सक्छ, सावधानी अपनाउनुहोला । खानपानको असावधानीले स्वास्थ्य समस्या देखा पर्ला । यात्रा गर्दा समयको ख्याल गर्नुपर्नेछ ।

### वृष

मौसमी फेरबदलका कारण आइलाग्ने सानातिना शारीरिक पीडाले पिरोल्ने सम्भावना छ । नातेदार तथा टाढा रहेका साथीभाइसँग भेटघाट हुँदा नौला परिकारको रसास्वादन गर्न पाइनेछ । यात्रामा बढी खर्च होला । सेतो रंग प्रयोग गर्न सके काम-व्यवहारमा ऊर्जा प्राप्त हुनेछ ।

### मिथुन

सहयोगी भावनाअनुरूप प्रस्तुत हुँदा अपजस आइलाग्न सक्छ । सकेसम्म कम बोल्नुमै आफ्नो हितमा छ । व्यवसायलाई मुनाफामूलक बनाउन प्रेमी-प्रेमिकाको सुझावको पालना गर्नुपर्नेछ । शुभकार्यमा धन खर्च होला । साताको अन्त्यमा पेट तथा टाउकोसम्बन्धी समस्याले पिरोल्न सक्छ ।

### कर्कट

सोचेजस्तै उपलब्धि हात पार्न सेतो रंगको पहिरन प्रयोग गर्नुहोला । कुनै पनि काममा प्रतिफल हात पार्न ठूलै प्रयत्न गनुपर्नेछ । प्रलोभन देखाउनेहरूसँग सचेत रहनुपर्ला । वृद्धवृद्धा तथा अपांगहरूको सेवामा आशीर्वाद मिल्नेछ । रचनात्मक कार्यमार्फत अरूको मन जित्न सकिनेछ ।

### सिंह

मर्यादा पालन नगर्दा अफिसियल कार्यमा अवरोध सिर्जना हुन सक्छ । नौलो किसिमको व्यवसाय प्रारम्भ गर्न साझेदारहरूबीच मन मिल्नेछ । चियोचर्चा गर्नेहरूसँग सावधानी अपनाउनुहोला । प्रेमी-प्रेमिकाबीच खटपट पर्ने सम्भावना छ । जोडी नम्बरको सवारी साधन चलाउँदा सहज महसुस हुनेछ ।

### कन्या

नयाँ सवारी साधन खरिद गर्ने साइत जुर्न सक्छ । प्रेमी/प्रेमिकाले दिएको उपहारले मन प्रफुल्लित बनाउनेछ । योजनाबिना साथीसँग नयाँ स्थानको भ्रमण गर्दै मिष्ठान्न भोजन गर्न पाइनेछ । विदेशमा अध्ययनसँगै राम्रो रोजगारीको अवसर जुट्ने सम्भावना छ । खानपानमा सावधानी अपनाउनुहोला ।

### तुला

मनोरञ्जक क्रियाकलापमा सहभागी हुँदा मानसिक ऊर्जा प्राप्त होला । फेसनका सामग्रीमा राम्रै धन खर्च हुन सक्छ । काममा सुस्तता एवं बेवास्ताले नोक्सान पुऱ्याउन सक्छ । मान्यजनको भनाइ आत्मसात् गर्नुपर्ने समय छ । बाहिरी खानपानमा सावधानी अपनाउनुहोला ।

### वृश्चिक

आफन्तले नै आर्थिक संकटमा पार्ने सम्भावना छ । व्यवसायिक कारोबार गर्दा सावधानी अपनाउनुपर्नेछ । अनुकूल अवस्थामा कार्य सम्पन्न गर्न ढिलाइ गर्दा पछि परिनेछ । मित्रवर्गले दिएको वचनअनुरूप समयमै सहयोग गर्नेछन् । धर्म तथा पुण्य आर्जनमा रुचि बढ्नेछ ।

### धनु

केही दिनको अन्तरमै विदेश यात्राको साइत जुर्ने सम्भावना छ । सहयोगी पारिवारिक वातावरणले नयाँ काममा ऊर्जा प्रदान गर्नेछ । व्यवसाय वृद्धि गर्ने क्रममा शारीरिक तथा मानसिक बोझ बेहोर्नुपर्नेछ । योग तथा ध्यानमा मन लगाउनुहोला ।

### मकर

पुँजी तथा मेहनतबाट नयाँ अवसर सिर्जना होला । तपाईंको गल्ती सच्याउने स्वाभावको प्रशंसा हुनेछ । सामाजिक हैसियत कायम राख्न जीवनशैलीमा परिवर्तन आवश्यक छ । परिचित मित्रहरूबाटै प्रेम प्रस्ताव प्राप्त हुन सक्छ । कुनै पनि विषयमा तथ्य पत्ता नलगाई निर्णय नलिनुहोला ।

### कुम्भ

असहज परिस्थितिबाट उम्कन बढी खर्च गर्नुपर्नेछ । मन पर्ने उपहार हात लाग्ने सम्भावना छ । धन आर्जन गर्न सकिनेछ । मित्रहरूको आर्थिक सहयोगबाट व्यवसाय सञ्चालन गर्न उत्प्रेरणा जाग्नेछ भने आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसरसमेत जुट्नेछ ।

### मीन

घरायसी काममा अल्झँदा प्रतिस्पर्धीहरूभन्दा पछि परिनेछ । भावीमार्ग पहिल्याउन एकाग्रतामा जोड दिनुहोला । अभिभावकहरूबाट प्राप्त सुझावले अधुरा कार्य पूरा गर्न सहयोग पुऱ्याउनेछ । यो साता जोडी नम्बरको सवारी साधन चलाउँदा विशेष लाभ हुन सक्छ ।

# सेक्स डिजायर बढाउन



रामजी

यदि आफूमा सेक्स डिजायर उत्पन्न भएन भने के गर्नुहुन्छ ? यस्तो स्थितिमा आफ्नो पार्टनर त निराश हुन्छ नै, त्यसका साथै आफैंमा पनि हीनतावोध उत्पन्न हुनसक्छ। अझ लामो समय सेक्स डिजायर जागेन भने आपसी सम्बन्धमै दरार सिर्जना हुन सक्छ। त्यस्तै पार्टनरमा सेक्स डिजायर फिटिक्कै उत्पन्न भएन भने के गर्ने ? अन्तै जाने वा निराश भएर बस्ने ? यो गम्भीर कुरा हो। पार्टनरमध्ये कुनै एकमा अधिक सेक्स डिजायर हुनु र अर्कोमा फिटिक्कै नभएको अवस्था सिर्जना भयो भने सम्बन्ध कस्तो होला ? अझ लामो समयसम्म यस्तो अवस्था कायम रह्यो भने त सम्बन्धमै तुषारापात हुनसक्छ। एक अध्ययनले सेक्स डिजायर नभएकै कारण अमेरिकामा ४ लाखभन्दा बढी नागरिकले वर्षमा १० पटकभन्दा कम सेक्स गरेको पाइयो। नेपालमा बढ्दो सम्बन्ध-विच्छेदको एउटा ठूलो कारक बनिरहेको यौन असन्तुष्टि पनि यसकै रूप हो।

## एक्लोपनबाट टाढा
एक अध्ययनअनुसार एक्लोपनका कारण अधिकांशमा सेक्स डिजायरभन्दा पनि नैराश्यता छाउँछ। त्यस कारण सकभर पार्टनरसँग सधैं सँगै बसे केही हदसम्म सेक्स डिजायर बढ्न सक्छ। विविध कारणले एक्लो बस्न बाध्य भएकाहरूको सेक्स डिजायर सुरुमा बढे पनि बिस्तारै घट्दै जाने अध्ययनले देखाएको छ। त्यसैले बाध्यतावश: एक्लो बस्नुपरे पनि नियमित सम्पर्कमा रहने प्रयास गर्नुपर्छ। एक अध्ययन प्रतिवेदनअनुसार लामो समय बाहिर बस्नुपर्दा पार्टनरसँग इन्टरनेट वा फोन सेक्स पनि गर्न सकिन्छ।

## अधिक व्यस्तता
अधिक व्यस्तताका कारण पनि सेक्स डिजायरमा कमी आउन सक्छ। बढी व्यस्तताले शारीरिक मात्र होइन, यौनजीवनमा पनि असर पुर्‍याउँछ। अत्यधिक व्यस्तताले थकान निम्त्याउँछ जसले सेक्स जीवनमा प्रभाव पार्छ। थकाइ लागेका बखत मनतातो पानी, मन पर्ने खानेकुरा लिएर पार्टनरसँगै शान्त कोठामा बसेर प्रेमपूर्ण वार्तालाप गर्दा डिजायर बढ्ने विभिन्न अध्ययनले देखाएका छन्।

## सेक्सी बेड
अचेल बेडलाई पनि विभिन्न कोणबाट आकर्षक बनाउने चलन छ। श्रीमान्/श्रीमती सुत्ने बेडलाई सकभर सेक्सी बनाउने फेसन छ। यसले पनि सेक्स डिजायर बढाउन मद्दत गर्छ। विभिन्न सामान थुपारेर बेडलाई गज्याङगुजुङ पार्नु हुँदैन। यसो गर्दा दम्पतीमा नैराश्यता र अल्छीपन छाउन सक्छ। बेडलाई सकभर दुवैको चाहना अनुसार आकर्षक बनाउनुपर्छ। बेड नजिकै ल्यापटप, कम्प्युटर, पेपरजस्ता कुरा राख्नु हुँदैन। व्यस्तता र समयको सदुपयोग गर्ने धुनमा बेडमै बसेर काम गर्ने चलन पनि बढेको छ, वास्तवमा यो राम्रो होइन। बेडमा पार्टनरसँग रोमान्सका लागि आवश्यक सामग्रीहरू सुरक्षित राख्नुपर्छ। बेडमा सामान थुपार्नु हुँदैन। हेर्दै चिटिक्क, आकर्षक, सफा र लुटुपुटु गरौं जस्तो बेड बनाउनुपर्छ। यसले पनि सेक्स डिजायर बढाउन सक्छ।

## सेक्स टुल्स
दुवै जना सेक्सका लागि आतुर छन्, तर साथमा कन्डमलगायत आवश्यक सामग्री छैनन् भने कस्तो महसुस हुन्छ ? गर्भ निरोधक औषधी, सेक्स ड्राइभ, अन्य औषधी, सेक्स पावर औषधी, कपडा आदिको सही व्यवस्था पनि अत्यावश्यक छ। यस्ता सेक्स टुल्सहरू सुरक्षित राख्नुपर्छ, जसले झन्झटबाट मुक्ति मिल्छ।

## भ्रमबाट मुक्त
कतिपय महिला वा पुरुषमा आफ्नो जीवन साथीलाई पूर्ण रूपमा सन्तुष्टि दिन सकिँदैन कि भन्ने डर पाइन्छ। आत्मविश्वासमा कमी हुँदा पनि पूर्ण रूपमा यौन सन्तुष्टि मिल्दैन। त्यस कारण सानैदेखि मनमा जरा गाडेका भ्रमहरूका बारेमा पुनः विचार गरी विशेषज्ञसँग सल्लाह लिई आत्मविश्वास बलियो बनाउन सक्नुपर्छ। पुरुषभन्दा महिलाहरूको मनमा सानैदेखि अनेक भ्रम हुन्छ। पूर्वीय परम्परामा हुर्किएका अधिकांश नेपाली अझै पनि सेक्सप्रति त्यति खुल्न सकेका छैनन्। अर्को कुरा सेक्सप्रति सानैदेखि नकारात्मक धारणा भिराइएको हुन्छ जसले गर्दा ठूलो भैसक्दा पनि मनबाट उक्त भ्रम मेटिन सकेको हुँदैन। यौनलाई फोहोरी, पुरुषलाई मात्र चाहिने, यौनजिज्ञासा राख्दा छाडा ठहरिनेजस्ता थुप्रै भ्रमपूर्ण कुराले धेरैको मनमा डेरा जमाइरहेको हुन्छ। यस्तो भ्रमित मानसिकता भए यौनतृष्णा मेट्न सकिँदैन। यस्तो मानसिकता हुँदा न पार्टनरलाई भरपुर सन्तुष्टि दिन सकिन्छ न त आफ्नो प्यास नै मेटिन्छ तसर्थ यस्तो मानसिकता परिवर्तन गरिनुपर्छ जसले यौन जीवनलाई थप ऊर्जामय बनाउन सघाउ पुर्‍याउँछ र जीवनसाथीसँग खुलस्त यौनसम्बन्ध अघि बढाउन मद्दत पुग्छ।

## शरीरप्रतिको वितृष्णा
कतिपय महिला वा पुरुष आफ्नो शारिरिक अवस्था हेरेर यौनलाई आँकलन गर्छन। यति मात्र होइन, पार्टनरको शरीरको स्ट्रक्चर हेरेर यौनक्षमता र सन्तुष्टिको मूल्यांकन गर्छन्। वास्तवमा यो शतप्रतिशत सही होइन। केही सीमित व्यक्तिमा लागू भए पनि सबैमा यो नियम लागू हुँदैन। बाहिर सेक्सी देखिँदैमा भित्र पनि उत्तिकै सेक्सी होलान् भन्न सकिँदैन। अर्को कुरा शरीरको कद, उचाइ, तौल, मोटाइ तथा बनावटका आधारमा सेक्सलाई मापन गर्न मिल्दैन। सबै ह्यान्डसम पुरूषले चरम सन्तुष्टि दिन सक्छन् भन्ने हुँदैन। होचा पुड्का हुँदैमा सन्तुष्टि दिन सक्दैनन् भन्न पनि मिल्दैन। यौन सन्तुष्टि भन्ने कुरा शारीरिकसँगै मानसिक, बोली, आसन एवं व्यवहारमा निर्भर हुने कुरा हो। त्यस्तै सेक्सी अंगको मामिलामा पनि कतिपयले आफूलाई गिराएको पाइन्छ, हरेक व्यक्तिको आँखामा सेक्सी अंग भिन्न-भिन्न हुन सक्छ। त्यसकारण पनि मनोभावनामा चोट पुग्ने गरी आफ्नो शरीरप्रति वितृष्णा राख्नु हुँदैन। त्यसले यौनजीवनमा नकारात्मक असर पुग्न सक्छ तसर्थ आफ्नो शरीरप्रति पूर्ण सन्तुष्ट हुन सक्नुपर्छ।

## ध्यानमग्न
पार्टनरसँग सम्पर्कको अवस्थामा अन्य विविध कुरामा मन डुलाउनु हुँदैन। बालबच्चा, घरपरिवार, कमाइ, जागिर इत्यादि विषयमा ध्यान केन्द्रित गर्दा सेक्सप्रति मन एकत्रित हुँदैन, जसले पार्टनरलाई त सुख मिल्दैन नै, आफूलाई पनि चरमसुख मिल्दैन। त्यसैले सम्पर्कका बेला ध्यान अन्त मोड्नु हुँदैन। सन्तुष्टि प्राप्तिका लागि यौनसंसर्गमै ध्यान केन्द्रित गर्नुपर्छ। यसले यौनांगहरूको चाल तथा क्रियाशीलतामा समेत वृद्धि गर्छ। पीडाबाट जोगिन यौनसम्पर्क नै नगर्नेहरू पनि हुन्छन्। यो उपयुक्त विकल्प होइन। सामान्य पीडाले सेक्सलाई चरम अवस्थामा पुर्‍याउने यौनविज्ञहरू बताउँछन्। पूर्ण सन्तुष्टिका लागि सामान्य पीडा अत्यावश्यक रहेको उनीहरूको भनाइ छ, तर असामान्य पीडा छ भने उपचारतर्फ लाग्नुपर्छ।

## अभिनय
यौन क्रीडामा कहिलेकाहीं अभिनयले पनि सकारात्मक नतिजा दिन्छ। सम्पर्कको केही समयमै चरम सन्तुष्टिको अभिनय गर्दा आफ्नो पार्टनरको मनमा चरम सन्तुष्टि दिएको अनुभव हुन्छ र ऊ यौनक्रिडाका लागि तयार हुन्छ। अर्को कुरा चरम अवस्थामा पुगेको कुरा गर्दा पार्टनर पनि यौनक्रीडामा अधिक जोड दिन थाल्छ र दुवैलाई सन्तुष्टि मिल्छ। यसले एक-अर्कामा सेक्स डिजायर वृद्धि गर्न सहयोग पुग्छ।

## फोरप्ले
फोरप्लेलाई सेक्स स्याटिस्फ्याक्सनको आधारभूततत्वका रूपमा लिइन्छ। यो बिनाको सेक्स नुनबिनाको तरकारी वा अझ भनौं बलत्कारसरह नै हुन्छ। निरन्तर फोरप्लेबिना सेक्स भए बिस्तारै सेक्स डिजायर घट्ने सम्भावना रहन्छ तसर्थ यौनक्रिडामा पुनुपहिले प्रशस्त फोरप्ले अत्यावश्यक छ। यसले चरम सन्तुष्टि रूपमा मात्र दिँदैन, सम्बन्धमै निकटता ल्याउँछ। फोरप्लेअन्तर्गत शारीरिक छामछुम, रोमाञ्चक र सेक्सुयल वार्तालाप, प्रेमका कुरा, यौनसँग सम्बन्धित अन्य तथ्य र कथनहरू, सेक्सी शब्द इत्यादिको प्रयोग पनि पर्छ। फोरप्लेले शारीरिक, मानसिक एवं संवेगात्मक रूपमा सेक्सका लागि तयार बनाउँछ। खानामा अचारको भन्दा बढी महत्व हुन्छ सेक्समा फोरप्लेको।

## उत्प्रेरकको पहिचान
सेक्सका रमाउँदा कुन कुराले आफ्नो पार्टनरको सेक्स डिजायर बढ्छ भन्ने कुरा पनि ख्याल गर्नुपर्छ। वार्तालाप, व्यवहार, तर्क, तथ्य, उदाहरण, शब्द, म्युजिक, हेराई आदि कुराले सेक्स डिजायर अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन्। यस्ता कुराले उत्प्रेरकको भूमिका निर्वाह गरेको हुन्छ। पार्टनरको शारिरिक छामछुम, बोली-व्यवहार, सेक्सी हेराइ, सेक्ससम्बन्धी शब्दहरूको प्रयोगले पनि डिजायर ह्वात्तै बढ्ने गरेको बताइन्छ, तर यस्ता शब्द प्रयोग गर्दा भने निकै सावधानी अपनाउनुपर्छ। अर्को कुरा आफ्नो पार्टनरको उत्तेजित अंग कुन हो भन्ने कुरा पत्ता लगाउनु पनि महत्वपूर्ण हुन्छ। महिला वा पुरुष दुवैमा मानिसअनुसार यस्ता अंगहरू फरक हुने भए पनि विशेषत: कान, आँखा, हात, गाला, ओठ, पाइताला, यौनांग, पाखुरा, घाँटीलाई मुख्य रूपमा उत्प्रेरित अंगका रूपमा लिइन्छ।

## ड्रेसअप
सेक्स डिजायर अभिवृद्धिको अर्को महत्वपूर्ण तत्व हो- ड्रेसअप। आफ्नो पहिरनले पार्टनरको सेक्स डिजायर बढाइरहेको हुन्छ। त्यसकारण बेड अथवा यौनक्रीडामा रम्ने भावना उब्जिँदा त्यस्ता ड्रेस प्रयोग गर्न सकिन्छ, जसले पार्टनरलाई मौखिक आग्रह गरिरहन आवश्यक हुँदैन। सधैं एउटै ड्रेस प्रयोग गर्नु भने राम्रो मानिँदैन। आफ्नो ड्रेसप्रति साथीको प्रतिक्रिया हेरेर मात्र कस्तो खालको ड्रेस प्रयोग गर्ने भन्ने निर्णय गर्नुपर्ने हुन्छ।



## पोखरा स्पोर्ट्स एवार्ड

# युकेश र सुष्मी उत्कृष्ट खेलाडी

राजाराम पौडेल

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरामा आयोजना गरेको चौथो संस्करणको पोखरा स्पोर्ट्स एवार्डमा प्याराग्लाइडिङका युकेश गुरुङ तथा फुल कन्ट्याक्ट कराँतेकी सुष्मी श्रेष्ठ वर्ष खेलाडी घोषित भए । पुरुषतर्फ वर्ष खेलाडी घोषित भएका गुरुङले एवार्डसहित मोटरसाइकल पुरस्कार जिते भने महिलातर्फ वर्ष खेलाडी घोषित भएकी सुष्मीले स्कुटर प्राप्त गरिन् । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिलालाई वर्ल्ड वाइड कनेक्सनले मोबाइल फोनसमेत उपलब्ध गराएको थियो ।

लेकसाइड, पोखराका १८ वर्षीय युकेश आठौं राष्ट्रिय खेलकुदमा टिम तर्फ क्रस कन्ट्री इभेन्ट्समा स्वर्ण तथा इण्डोनेसियामा भएको एसियाली खेलकुदमा टिमतर्फ क्रस कन्ट्री इभेन्ट्समा रजत पदक जित्न सफल भएका थिए । वर्ष खेलाडी महिला २१ वर्षीया सुष्मी भीरकोट, स्याङ्जाकी हुन् । सुष्मीले आठौं राष्ट्रिय खेलकुदमा खुला तौल समूहमा कांस्य, दोस्रो दक्षिण एसियाली क्षेत्रीय क्युकोसिन कराँतेमा खुला तौल समूहतर्फ स्वर्ण तथा २९ औं युरोपियन च्याम्पियनसीपमा खुला तौल समूहतर्फ कांस्य पदक जितेकी थिइन् ।

वर्ष खेलाडी पुरुषतर्फ स्क्वासका अमृत थापा, प्याराग्लाइडिङका युकेश गुरुङ तथा फुल कन्ट्याक्ट कराँतेका रुपक नेपाली मनोनयनमा परेका थिए । वर्ष खेलाडी महिलातर्फ टेनिसकी प्रीति बराल, सुटिङकी श्रेया केसी तथा फुल कन्ट्याक्ट कराँतेकी सुष्मी श्रेष्ठ मनोनयनमा थिए ।

यो वर्षदेखि थपिएको वर्ष चर्चित खेलाडीको उपाधि सुटिङकी श्रेया केसीले जितिन् । श्रेया आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा एकलतर्फ स्वर्ण तथा टिमतर्फ रजत विजेता हुन् । वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला तथा उदियमान खेलाडीको विधामा मनोनयनमा परेका ९ खेलाडीबीच एसएमएस भोटिङ आधारमा विजेता चयन गरिएको थियो ।

उदीयमान खेलाडीतर्फ क्रिकेटका अर्जुन कुमालले बाजी मारे । वर्ष उदियमान खेलाडीमा क्रिकेटका अर्जुन कुमाल, आर्चरीकी अनुष्का शेरचन तथा आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर मनोनयनमा थिए ।

वर्ष उत्कृष्ट प्रशिक्षकको उपाधी फूल कन्ट्याक्ट कराँतेका दीपक गोदारले प्राप्त गरे । वर्ष उत्कृष्ट प्रशिक्षकमा फुल कन्याक्टका दीपक गोदार, ह्यान्डवलका भीमसेन शाक्य तथा हक्कीका राजेन्द्र पाठक मनोनयनमा परेका थिए भने उत्कृष्ट पत्रकारको पुरस्कार विनोद लामिछानेले प्राप्त गरे । वर्ष उत्कृष्ट खेल संघको पुरस्कार जिल्ला बास्केटबल संघ कास्कीलाई प्रदान गरियो ।












कार्यक्रममा बक्सिङका अन्तर्राष्ट्रिय पदकधारी खेलाडी चित्रबहादुर गुरुङ लाइफ टाइम अचिभमेन्ट एवार्डबाट सम्मानित भए । मनकामना गाविस, स्याङजाको गोदावरी घर भै हाल पोखरामा बस्दै आएका गुरुङले ११ औं एसियाली खेलकुदमा कास्य पदक, तेस्रो दक्षिण एसियाली खेलकुदमा रजत पदक तथा चौथो दक्षिण एशियाली खेलकुदमा स्वर्ण पदक प्राप्त गरेका थिए । हाल उनी वन विज्ञान अध्ययन संस्थान, पोखरामा खेल शिक्षकका रुपमा कार्यरत छन् ।

# आजदेखि कोपा अमेरिका



ब्राजिलले सन् २०१४ को विश्वकपपछि पहिलोपटक कुनै ठूलो फुटबल प्रतियोगिता आयोजित गर्दैछ र त्यो हो कोपा अमेरिका फुटबल प्रतियोगिता । यो प्रतियोगिता आज जुन १४ देखि जुलाई ७ सम्म ब्राजिलका विभिन्न ५ सहरका ६ वटा रंगशालामा सञ्चालन हुँदैछ । विश्वकपपछिका दुई ठूला क्षेत्रीय प्रतियोगिता मध्ये एक यही कोपा अमेरिका हो भने अर्को युरो हो । युरोको तुलनामा कोपा अमेरिकाको इतिहास अझ लामो र समृद्ध छ । त्यसैले यतिबेला फुटबल प्रेमिहरूको नजर ब्राजिलमै केन्द्रित हुनेछ । कोपा अमेरिकाको सबैभन्दा ठूला दुई विशेषता हुन्, दुई-दुई वर्षमा आयोजना हुनु र यसमा दक्षिण अमेरिकी टिममा मात्र सीमित नरहेर केही पाहुना टिमलाई पनि अवसर दिइनु । त्यसै अनुसार यसपटकको प्रतियोगितामा १२ टिमको सहभागिता छ र सुरुमा लिग चरणकै खेल हुनेछन् । समूह 'ए' मा छन्, आयोजक ब्राजिलसँगै बोलिभिया, भेनेजुएला र पेरु ।

संयोगले यो समूहका सबै टिम दक्षिण अमेरिकाकै छन् । समूह 'बी' मा अर्जेन्टिना, कोलम्बिया, पाराग्वे र कतार छन् । त्यस्तै समूह सी मा उरुग्वे, इक्वेडर, जापान र चिली छन् । लिग चरणको समाप्तिमा समूहको शीर्ष दुई स्थानमा रहने टिमले क्वार्टरफाइनलमा स्थान बनाउने छन् । समूहको तेस्रो स्थानमा रहने तीन टिममध्ये शीर्ष दुईले पनि अन्तिम आठमा मौका पाउनेछन् । प्रतियोगिताको यो स्वरूपका कारण बलिया टिम क्वाटरफाइनल अघि नै बाहिरिने सम्भावना कम हुन्छ ।

### को बलियो ?

दक्षिण अमेरिकी फुटबलमा ब्राजिल र अर्जेन्टिना नै पाम्परिक रूपमा बलिया टिम मानिन्छन् । यसपटकको प्रतियोगितामा पनि यही कुरा लागू हुन्छ, त्यसमाथि ब्राजिल आयोजक देश हो । रमाइलो चाहिँ के छ भने यो प्रतियोगितामा यी दुई टिमको तुलनामा उरुग्वेको प्रदर्शन राम्रो छ । उरुग्वे १५ पटकको कोपा विजेता हो । अझ प्रतियोगिताका पछिल्ला दुई संस्करणको विजेता हो- चिली । दुई पटकको डिफेन्डिङ च्याम्पियन चिलीले दुवै अवसरमा उपाधिका लागि मेसीको अर्जेन्टिनालाई हराएको थियो ।

आयोजक ब्राजिलका लागि समूह चरण अपेक्षाकृत सजिलो छ र उसले बोलिभियाविरुद्धको उद्घाटन खेलबाट प्रतियोगिता सुरु गर्नेछ । ब्राजिलियन फुटबलका लागि पछिल्लो विश्वकप खासै सम्फनालायक रहेन् र उसको समग्र प्रदर्शन पनि गतिलो हुन सकेको छैन । त्यसमाथि ब्राजिलियन फुटबलका अहिलेका सबैभन्दा ठूला स्टार नेयमार टिममा हुने छैनन । उनको अनुपस्थिति ब्राजिलका लागि महँगो साबित हुन सक्ने अनुमान प्रशिक्षक चिचीको पनि छ ।

ब्राजीलीयन फुटबल अहिले नेयमारसँग जोडिएको विवादले गर्दा मैदानबाहिरको चर्चामै अल्झिएको छ । यस्तोमा नेयमार नहुनु टिमका लागि राम्रो पनि हुन सक्छ । ब्राजिलले सजिलै समूह चरण पार गर्ने अनुमान छ र टिमको वास्तविक परीक्षा नकआउट चरणमै हुनेछ । अर्जेन्टिनाका लागि भने समूह चरण नै केही कठिन छ । सम्भवतः समूह 'बी' बाट अर्जेन्टिना र कोलम्बिया नै अगाडि बढ्नेछन् । मेसी आफ्नो टिमलाई सफल बनाउन पूरा दत्तचित्त रहनेछन् । अर्को समूहमा उरुग्वे बलियो छ, तर यो समूह हो, दुईपल्टको डिफेन्डिङ च्याम्पियन चिलीको । पछिल्लो संस्करणमा चिलीले अर्जेन्टिनालाई हराएपछि मेसीले अन्तर्राष्ट्रिय फुटबलबाटै संन्यासको घोषणा गरेका थिए । त्यतिबेला मेसीको उक्त घोषणाले विश्वव्यापी रूपमै तहल्का मच्चाएको थियो, तर पछि उनी आफ्नो देशका लागि खेल्न तयार भए ।

### नजर जापान र कतारमा

अरू धेरैको नजर ब्राजिल र अर्जेन्टिनामा रहनेछ, अझ भनौं मेसीमा । एसियाली फुटबलको नजर भने दुई टिम कतार र जापानमा रहनेछ । एसिया कपको फाइनल खेलेका यि दुई टिमको प्रदर्शनले नै कोपा अमेरिकामा एसियाली चुनौतीको स्तर प्रमाणित हुनेछ । त्यसमा पनि कतार एसियाली च्याम्पियन हो । यही कतारले सन् २०२२ को विश्वकप फुटबलको आयोजना गर्दैछ । एउटा उल्लेखनीय तथ्य के पनि हो भने कोपा अमेरिकामा पाहुना टिमले विरलै मात्र राम्रो प्रदर्शन गर्न सकेका छन् ।

यसपटक कतारसँग निकै दुर्लभ उपलब्धी हात पार्ने अवसर छ र त्यो हो, दुई महादेशको विजेता बन्ने अवसर । के कतार एसियाली च्याम्पियनसँगै दक्षिण अमेरिकी विजेता पनि बन्न सक्छ ? यसको उत्तर के हो भने कतार मात्र होइन, एसियाली फुटबलले यति हतार देखाउन आवश्यक छैन । भलै कतारी फुटबलमा करोडौं डलर लगानी भएको छ, तर पनि उसले ठूलो सपना देख्ने समय आएको छैन । कतारका लागि कोपा अमेरिका खेल्न पाउनु नै ठूलो अवसर हो, त्यसैले कतारको ध्यान अनुभव बटुल्नमै केन्द्रित हुनेछ । फेरि कतार यसपटकको प्रतियोगिताको सबैभन्दा कठिन समूहमा परेको छ, जसमा मेसीको अर्जेन्टिना पनि छ । कतारका लागि मेसी विरुद्ध खेल्नु पनि ठूलै उपलब्धी हुनेछ । समूह सी मा जापानको केही न केही सम्भावना छ र त्यसमा उसले निकै मेहनत गरेर खेल्नुपर्ने हुन्छ । आशा गरौं, दुई देशले एसियाको प्रतिष्ठा राख्नेछन् ।

### मेसीलाई अन्तिम मौका

लामै समय भैसकेको छ, विश्व फुटबल दुई खेलाडीमा केन्द्रित भएको, लियोनल मेसी र क्रिस्टियानो रोनाल्डोलाई अहिलेसम्मकै महान पनि मानिन्छ । यी दुई खेलाडीकै वरीपरी अहिलेको विश्व फुटबल घुम्ने गरेको छ । मेसी र रोनाल्डोमा पनि को उत्कृष्ट ? भन्ने प्रश्न छ जसको उत्तर सजिलो छैन तर आफ्नो देशका लागि गरेको प्रदर्शनका आधारमा मेसीभन्दा रोनाल्डो नै अगाडि छन् । रोनाल्डोको पोर्चुगलले हालसालै नेसन्स लिग जितेको छ ।

नेसन्स लिग युरोपेली फुटबलको नयाँ प्रतियोगिता हो । पोर्चुगल युरो विजेता समेत हो । त्यसको अर्थ दुई वर्षको अन्तरमा पोर्चुगल र रोनाल्डोले दुई ठूला उपाधि जितेका छन् । अनि मेसीले नि ? उनले अहिलेसम्म आफ्नो देशका लागि कुनै पनि ठूलो प्रतियोगिता जित्न सकेका छैनन् । के मेसीले आफ्नो देशका लागि ठूलो प्रतियोगिता जित्न नसक्ने नै हुन् त ? त्यसको उत्तर पनि यही कोपा अमेरिकाले दिनेछ ।



## कोहली र धोनीमा फरक

भारतीय कप्तान विराट कोहली र महेन्द्रसिंह धोनीको व्यक्तित्व निकै फरक छ। अहिलेका कप्तान कोहलीलाई मैदानमा निकै आक्रामक मानिन्छ, जबकि धोनी मैदानमा शान्त देखिन्थे। त्यसैले उनलाई क्याप्टेन कुल पनि भनिन्थ्यो। यसपटकको विश्वकपमा पनि यी दुई खेलाडीको फरक-फरक व्यक्तित्व देखियो। भारतीय समर्थकले अस्ट्रेलियाली खेलाडी स्टिभ स्मिथको खिल्ली उडाएपछि त्यसको विरोधमा उत्रिए, कोहली। उनले आफ्ना समर्थकलाई शान्त रहन पनि अपिल गरे, खेलपछि उनले स्मिथसँगै डेविड वार्नरलाई दर्शकले खिल्ली उडाएको कुराको विरोध गरे। बल टेम्परिङमा मुछिएपछि यी दुई खेलाडीविरुद्ध एक वर्षको प्रतिबन्ध लागेको थियो र अहिले उनीहरू मैदानमा फर्किएका छन्। स्मिथ र वार्नरको बचाउ गर्दा धेरैले कोहलीको प्रशंसा गरे। यता धोनीले भने दक्षिण अफ्रिकाविरुद्धको खेलमा भारतीय सेनाको चिन्ह अंकित ग्लोब्स लगाएर खेले र विवादमा तानिए। उनको यो कामलाई धेरैले रूचाएनन्।




## डी भिल्लियर्समाथि दोष

यसपटकको विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाका एबी डी भिल्लियर्स टिममा समावेश छैनन्। उनी टिममै छैनन्, तर स्थिति कस्तो छ भने टिमको खराब प्रदर्शनको दोष उनै डी भिल्लियर्समाथि लागेको छ। एबी आधुनिक क्रिकेटका सर्वाधिक उत्कृष्ट खेलाडीमध्ये एक हुन्। उनले फ्रेन्चाइज क्रिकेटमा पनि उत्तिकै राम्रो गरिरहेका छन्, तर किन हो एक वर्ष अघि उनले अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिए। विश्वकपका लागि दक्षिण अफ्रिकी टिम घोषणा हुने दिन बिहानै उनले कप्तान फाफ डु प्लेसिस तथा प्रशिक्षक ओटिस गिब्सनलाई फोन गरेर आफू टिममा फर्कन तयार रहेको बताए पनि छनौटकर्ताहरूले उनलाई टिममा लिन चाहेनन्। यसका लागि डी भिल्लियर्सले सन्यास लिएयता लगातार टिममा रहेका अरू खेलाडीमाथि अन्याय हुन्छ भन्ने तर्क दिइएको थियो।

## बेल नझरेपछि

क्रिकेटको सयौं वर्ष पुरानो नियम नै हो, ब्याट्सम्यान आउट हुन् बलले स्टम्पलाई छोएर मात्र पुग्दैन, बेल पनि झर्नुपर्छ। स्टम्प माथि दुईवटा बेल हुन्छन्। साधारणतया यो काठकै हुन्छ, तर आधुनिक क्रिकेटमा प्रयोग हुने बेल भने प्लास्टिकको छ र यसमा केही हलचल भयो कि बत्ती पनि बल्छ। यही प्लास्टिकको बेलले अहिले विश्वकपमा दुःख दिइरहेको छ र बलरहरूको रिस त्यही बेलमा खनिन थालेको छ। भारतविरुद्धको खेलमा अस्ट्रेलियाका प्रारम्भिक ब्याट्सम्यान डेविड वार्नर खेलिरहेका बेला बलले उनको स्टम्प त छोयो, तर बेल झरेन। यसपटकको विश्वकपमा भएको यो एक मात्र घटना भने होइन। सबैको धारणा के छ भने यो बलरहरूप्रति अन्याय हो।






## सञ्जय र लालकुमार प्रो कबड्डीमा

व्यवसायिक खेलाडी हुने अवसर फुटबल र क्रिकेटमा मात्र हुँदैन, कबड्डीमा पनि हुन्छ। नेपाली खेलाडीद्वय सञ्जय श्रेष्ठ र लालकुमार यादव भारतको प्रो कबड्डी सिजन-७ खेल्न भारत पुगिसकेका छन्। यी दुबैले बेङ्लोर बुल्सबाट खेल्नेछन्। धनुषाका सञ्जयलाई बुल्सले अक्सनमार्फत् १६ लाखमा लिएको थियो। श्रेष्ठले प्रदेश-५ मा भएको आठौं राष्ट्रिय खेलकुदमा प्रदेश-२ बाट बर्दियामा आफ्नो प्रतिभा देखाएका थिए। गत वर्ष श्रेष्ठ र यादव दुवै प्रो कबड्डीको टिम पुनेरी पल्टन्समा थिए। दुवैलाई उक्त सिजनका लागि १२ लाख पारिश्रमिक दिइएको थियो। सिराहाका यादव त्रिभुवन आर्मी क्लबका रेडर हुन्। उनी पनि यस पटक १६ लाख मै बिकेका छन्। सञ्जय प्रो कबड्डीमा २०१६ र २०१७ को चौथो र पाँचौं सिजनमा पनि बुल्समै थिए। यादवले चौथो सिजनमा ८ लाख तथा दोस्रो सिजनमा १२ लाख पारिश्रमिक पाएका थिए। त्यसपछि उनी पुनेरी पल्टनमा गएका थिए। त्यसअघि उनले प्रो कबड्डीको पहिलो तीन सिजनमा जयपुरका लागि खेलेका थिए। पहिलो सिजनको अक्सनमा ३ लाख पाएका श्रेष्ठलाई त्यसपछि ४ लाख पारिश्रमिक दिइएको थियो। प्रो कबड्डीको सातै सिजन टिमसँग रहे पनि श्रेष्ठसहित कुनै पनि नेपाली खेलाडीले मैदानभित्र छिर्न पाएका छैनन्। श्रेष्ठले यस पटक आफूले धेरै आशा गरेको जनाए। आश गरौं, उनीहरू दुवैको इच्छा पूरा हुनेछ र यसले नेपाली खेलकुदमा नयाँ इतिहास कोर्नेछ।

## पहिलो महिला कमेन्टेटर

ममता थापामा खेल्ने रहर अझै पुगेको छैन, तर अहिले उनी राष्ट्रिय महिला क्रिकेट टिममा छैनन्। उनी नेपाली टिममा आउन प्रयास त गर्छिन्, तर घरेलु क्रिकेट नहुँदा उनी एक हिसाबमा फुर्सदिलो जस्तै देखिन्छिन्। क्लोज क्याम्पसम्म पुगे पनि विकेटकिपर-ब्याट्सवुमन थापाको पुनरागमन प्रयास सफल हुन सकेको छैन। मैदानमा उनी निकै फुर्तिलो देखिन्छिन्। नेपालले सन् २००७ मा मलेसियामा एसीसी वुमन्स च्याम्पियनसिप खेलेर अन्तर्राष्ट्रिय यात्रा सुरु गर्दाकी सदस्य हुन्- ममता। मिस नेपालगन्ज- २०१२ की उपविजेता ममता टेलिभिजनमा कार्यक्रम समेत चलाउँछिन्। उनले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताका क्रममा एउटा नयाँ इतिहास पनि बनाइन्। उनी लाइभ क्रिकेट म्याचका क्रममा कमेन्टेरका रूपमा देखा परिन। त्यससँगै ममता टेलिभिजनमा लाइभ क्रिकेट कमेन्ट्री गर्ने पहिलो नेपाली महिला बनिन्।





## वेस्ट इन्डिजका बलरको स्यालुट

क्रिकेटमा विकेट लिएपछि खुसियाली मनाउने पनि आ-आफ्नै शैली हुन्छ। यसमध्ये केही शैलीले निकै चर्चा पाउँछन्। यस्तै कारणले चर्चामा रहेका बलर हुन्– वेस्ट इन्डिजका सेल्डन कोट्रेल। उनी विकेट लिएपछि सेनाले जस्तो स्यालुट ठोकेर खुसियाली मनाउँछन्। त्यति बेला उनका साथी खेलाडीहरू उनको वरिपरि हुन्छन्। अहिलेको विश्वकप खेलिरहेका वेस्टइन्डिज टिममा रहेका कोट्रेल यसरी नै खुसियाली मनाएर सबैको आकर्षणमा परेका छन्। यस्तोमा सबैको चासो के पनि छ, उनी किन त्यसो गर्छन्? खासमा कोट्रेल आफैं सेनामा कार्यरत छन्। अर्को शब्दमा उनी व्यवसायिक सैनिक हुन्। उनको आबद्धता जमैका डिफेन्स फोर्ससँग छ। उनले यो स्यालुटकै लागि भनेर ६ महिना अभ्यास समेत गरेका थिए। कोट्रेल भन्छन्- म एउटा सैनिक भएपछि विकेटको खुसियाली मनाउने तरिका त यस्तै नै हुन्छ नि।

जाँदा-जाँदै

# सम्झनामा रहन चाहन्छु

गायक द्वारिकालाल जोशी एवं नृत्यांगना नगिना जोशीकी छोरी, संगीतकार न्हू बज्राचार्यकी भान्जी तथा अभिनेत्री भिन्तुना जोशीकी दिदी हुन्– गायिका लसता जोशी । उनको बाल्यकाल सांगीतिक वातावरणमै बित्यो । सानैदेखि उनले आर ए आर ए रारासहित हाजमोला, डाबर लाल दन्तमञ्जनजस्ता दर्जनौं जिंगलमा स्वर दिँदै आएकी थिइन् । बालगीतहरूमा समेत स्वर दिएकी लसताको नेपाली तथा नेपाल भाषाका थुप्रै एल्बम सार्वजनिक भएका छन् । वैवाहिक जीवन बिग्रीए पछि एकल आमा लसताले जीवन निर्वाहका लागि आफूले जानेको गायनलाई अघि बढाइन् । नेपालमा पनि थुप्रै रेस्टुराँमा गाएकी लसता आठ वर्ष दिल्लीको नाइट लाइफमा आफ्नो स्वर दिएर स्वदेश फर्किएकी छिन् ।

**दिल्लीको रात्री जीवनमा गाउन जानुको कारण ?**

मेरो जीवनमा धेरै उतारचढाव आए । जति बेला म मानसिक दृष्टिले विचलित थिएँ, त्यसलाई हटाउन संगीत बाहेक अरु कुनै विकल्प थिएन । पहिले देखि नै मेलोडियस हिन्दी गीतमा लगाब थियो । एकल आमा भएपछि छोरीको भविष्यका लागि काम गर्नु थियो, कमाउनु थियो । त्यसैले म राति होटलहरूमा गाउन थालें । दुबइको होटलमा २८ दिन गाउने अवसर आयो । त्यहीँ गाउने सिलसिलामा इन्डियन म्युजिसियनले दिल्लीको थ्री स्टार होटलका लागि अफर गरेपछि दिल्ली पुगेकी हुँ ।

**त्यहाँका रात्रि इभेन्टहरु कस्ता थिए ?**

बढीजसो राजस्थानी तथा पञ्जावी इभेन्ट हुन्थे । त्यहाँ मलाई डोरेमी ब्याकअप ब्यान्डसंग काम गर्ने मौका मिल्यो भने थुप्रै इन्डियन गायकसँग डुएट गाउने अवसर प्राप्त भयो । इन्डियामा कामको भ्याल्यु छ । गीत संगीतलाई बढी प्राथमिकता दिइएको पाएँ । नकारात्मक पक्ष जता पनि हुन्छ तर म त्यहाँ संगीतमा मात्र सिमित भएँ ।

**राति होटलमा गाउने महिलाहरूलाई नकारात्मक दृष्टिले पनि हेरिन्छ नि ?**

राति गाउनु नराम्रो हो भने त्यहाँ गीत सुन्न पुग्नेहरू पनि त नराम्रा भए नि । केही मानिसको प्रवृत्तिका कारण सबैलाई दोष दिनु हुँदैन ।

**भनिन्छ होटलमा गाउनेहरु अरुको तुलनामा भर्सटाइल हुन्छन् ? के यो सही हो ?**

होटलमा गाउनेहरू खतरा नै हुन्छन्, किनभने उनीहरू हजारौं गीत गाउन सक्छन् । आफ्नो मात्र गीत गाउनेहरूमा अरूका गीत गाउने बानी हुँदैन । उनीहरू आफ्नै शैलीमा मात्र पोख्त हुन्छन्, भर्सटाइल हुन सक्दैनन् ।

**आठ वर्ष इन्डियामा काम गर्दा नराम्रो लागेको क्षण ?**

नेपाली भन्ना साथ हेप्ने प्रवृत्ति देखें । सुरुमा तीन-चारवटा ग्रुपले नेपालबाट आएकी भन्ना साथ डोमिनेट गर्न खोजे । उनीहरूलाई मैले आफ्नो गायनले मात्र जितें । म उनीहरूले अफर गर्ने कब्वालीका साथै बंगाली तथा पञ्जाबी आदि गीतहरू पनि मज्जाले गाइदिन्थें ।

**त्यो बसाइमा नेपाललाई कति सम्झनुभयो ?**

राति-राति छोरीलाई सम्झेर रुन्थें । कहिले त स्टेजमा गाउँदा-गाउँदै पनि इमोशनल हुन्थें । काम राम्रो हुन थाले पछि दुई-तीन महिनामा एकपटक नेपाल आउँथें ।

**तपाईंसँग कतिवटा गीतको कलेक्सन छ ?**

पुरानादेखि नयाँ प्राय: सबै गीतको कलेक्सन छ । इन्डियनहरू नै मेरो कलेक्सन देखेर कुन बोरावाट निकालेर ल्याएको भनेर जिस्काउँथे ।

**बढी कसका गीत गाउनुभयो ?**

आशा भोसलेकै बढी गाएँ । मलाई धेरैले तपाईंको स्वरमा आशा भोषलेको टेक्चर छ भन्छन् ।

**कस्ती गायिकाका रूपमा परिचित हुन चाहनुहुन्छ ?**

अहिले सबैजसो लोकप्रीयताको सस्तो दौडमा छन् तर म क्षणिक लोकप्रियताभन्दा पनि लामो सम्झनामा रहन चाहन्छु ।

**नेपाल फर्कनुको कारण ?**

पहिलो त छोरीको माया नै हो । इन्डियामा धेरै कुरा सिकें, पैसा पनि कमाएँ । अव आफ्नै देशमा केही गर्नुपर्छ भनेर फर्किएँ । बुढेसकालमा फर्कनुभन्दा केही गर्न सक्ने उमेरमै फर्कनु ठीक लाग्यो । अहिले छोरीको इच्छा बुझेर उनलाई संगीतमा गाइड गर्ने मौका पाइरहेकी छु ।

**अघि बढ्नका लागि के कुरा आवश्यक रहेछ ?**

सबैको जीवनमा उत्तारचढावहरू हुन्छन् । यदि अगाडी बढ्नु छ भने पछाडि फर्केर नहेर्नु नै बेस हुन्छ ।

**छोरी मान्छेले अरूले नै बनाएको सेपमा ढल्नुपर्छ भन्ने मान्यतासँग कतिको सहमत हुनुहुन्छ ?**

पहिले छोरीलाई जस्तो भाँडा हुन्छ त्यसमै ढल्नुपर्छ भनेर सिकाइन्थ्यो, तर अहिलेका छोरीहरू आफ्नै सेपमा ढल्छन्, अरुले बनाएको सेपमा कोही चल्दैनन् । किनभने उनीहरू पनि आफ्नै खुट्टामा उभिएका हुन्छन् ।

सिर्जना दुवाल श्रेष्ठ



लसता जोशी, गायिका



# कोइरालाको नाममा संग्रहालय

माधव

नेपाली प्रजातान्त्रिक आन्दोलनका जुझारु एवं निर्भीक नेता गिरिजाप्रसाद कोइरालाको नाममा गृहनगर विराटनगरमा संग्रहालय निर्माण हुने भएको छ । कांग्रेसका तत्कालीन सभापति एवं पूर्वप्रधानमन्त्री कोइरालाको स्मृति ताजा राख्न प्रदेश १ को राजधानी विराटनगर महानगरपालिका-७ स्थित कोइराला निवासमा संग्रहालय स्थापना गरिने भएको हो ।

जीपी फाउन्डेसनकी अध्यक्ष तथा कांग्रेसकी केन्द्रीय सदस्य सुजाता कोइरालाले संग्रहालय भवनको यसै साता शिलान्यास गरिन् । स्वर्गीय कोइरालाको जीवनसँग सम्बद्ध उपलब्ध भएसम्मका सबै बस्तु संग्रहालयमा राखिने बताइएको छ ।

संग्रहालयका लागि प्रदेश सरकार र स्थानीय तहले पनि लगानी गर्ने भएका छन् । प्रदेश सरकारको ४० लाख, सामाजिक विकास मन्त्रालयको २० लाख तथा विराटनगर महानगरको १५ लाख रुपैयाँ प्रारम्भिक सहयोगका रूपमा उपलब्ध भएको फाउन्डेसनले जनाएको छ । चारतले उक्त संग्रहालय भवन ४ करोड लगानीमा तयार हुनेछ ।

संग्रहालयमा स्वर्गीय कोइरालाले प्रयोग गरेका ओछ्यानदेखि निजी जीवनमा प्रयोग गर्ने सबै सामग्री राखिनेछ । त्यस्तै महत्वपूर्ण कार्यक्रमहरूमा भएको सहभागिता, विदेशी राष्ट्राध्यक्षहरूसँगका गतिविधि झल्कने तस्बिरजस्ता सामग्री पनि संग्रहालयमा हुनेछन् । फाउन्डेसनकी अध्यक्ष सुजाताले संग्रहालयमा पिताजी कृष्णप्रसाद कोइरालाका ५ छोरा मात्रिका, बीपी, केशव, गिरिजा तथा तारणीप्रसादसँग सम्बन्धित सबै सामग्री राखिने कुरा समेत बताएकी छिन् ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।